

युरोपियन युनियन
निर्वाचन पर्यवेक्षण मिसन


# अन्तिम प्रतिवेदन

# नेपाल



## प्रतिनिधिसभा तथा
## प्रदेशसभा निर्वाचन

वि.सं. २०७४ मंसिर १० र २१ गते



*युरोपियन युनियन निर्वाचन पर्यवेक्षण मिसन युरोपियन युनियन संस्थाबाट स्वतन्त्र छ । यस प्रतिवेदनमा प्रस्तुत सूचना र धारणा लेखक(हरू)का हुन् र तिनले युरोपियन युनियनको आधिकारिक धारणा प्रतिविम्बित गर्नुपर्छ भन्ने छैन । न त युरोपियन युनियनका संस्था र निकायहरू, न त तिनका तर्फबाट प्रस्तुत कुनै पनि व्यक्तिलाई नै यहाँ रहेका विचारहरूको प्रयोगका लागि जिम्मेवार ठहऱ्याउन सकिनेछ ।*

## विषयवस्तु

**१. सार संक्षेप** **3**

**२ परिचय** **7**

**३. राजनीतिक पृष्ठभूमि** **8**

**४. कानुनी खाका र निर्वाचन प्रणाली** **10**

क. अन्तर्राष्ट्रिय सिद्धान्त र प्रतिबद्धताहरू 10
ख. निर्वाचन सम्बन्धी कानुन 10
ग. निर्वाचन प्रणाली 11

**५. निर्वाचन प्रशासन** **12**

**६. निर्वाचन क्षेत्र सिमाना निर्धारण** **14**

**७. मतदाता दर्ता** **15**

**८. राजनीतिक दल दर्ता तथा उम्मेदवार मनोनयन** **16**

क. राजनीतिक दल दर्ता 16
ख. उम्मेदवार मनोनयन 17

**९. नागरिक तथा मतदाता शिक्षा** **17**

**१० निर्वाचन प्रचार प्रसारको वातावरण** **18**

**११. निर्वाचन प्रचार प्रसारको आयव्यय** **20**

**१२. आमसञ्चार माध्यम र निर्वाचन** **21**

**१३. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यवेक्षक** **26**

**१४. महिला तथा एलजीबीटीआईको सहभागिता** **27**

**१५. अपांगता भएका व्यक्तिहरूको सहभागिता** **28**

**१६. निर्वाचन न्याय** **28**

क. निर्वाचन सम्बन्धी कसुरहरू 28
ख. उजुरी तथा पुनरावेदन 29
ग. निर्वाचन सम्बन्धी आवेदन 30

**१७. निर्वाचनको दिन र परिणामको घोषणा** **31**

क. प्रारम्भ र मतदान 31
ख. गणना र तालिकीकरण 32
ग. निर्वाचन परिणामको घोषणा 32

**१८. निर्वाचनपछिको घटनाक्रम** **34**

**१९. सिफारिसहरू** **35**

**अनुसूची १ सिफारिसहरूको तालिका** **39**
**अनुसूची २ निर्वाचन परिणाम** **51**
**अनुसूची ३ आमसञ्चार अनुगमन परिणाम** **54**

*युरोपियन युनियन निर्वाचन पर्यवेक्षण मिसन युरोपियन युनियन संस्थाबाट स्वतन्त्र छ। यस प्रतिवेदनमा प्रस्तुत सूचना र धारणा लेखक(हरू)का हुन् र तिनले युरोपियन युनियनको आधिकारिक धारणा प्रतिविम्बित गर्नुपर्छ भन्ने छैन। न त युरोपियन युनियनका संस्था र निकायहरू, न त तिनका तर्फबाट प्रस्तुत कुनै पनि व्यक्तिलाई नै यहाँ रहेका विचारहरूको प्रयोगका लागि जिम्मेवार ठहऱ्याउन सकिनेछ।*

***अन्तिम प्रतिवेदन अंग्रेजी र नेपालीमा उपलब्ध छ। अंग्रेजी पाठ मात्र आधिकारिक हो।***

प्रतिवेदन पूरा भएको : सन् २०१८ फेब्रुअरी

# १. सार संक्षेप

मंसिर १० र २१ गते प्रतिनिधिसभा र सातवटा प्रदेशसभाका लागि भएको निर्वाचन २०७२ सालको संविधान कार्यान्वयनमा एउटा प्रमुख कोसेढुंगाभयो। सरकार र निर्वाचन आयोग, नेपाल (यहाँ आयोग भनिएको) को निमन्त्रणापश्चात् युरोपियन युनियन निर्वाचन पर्यवेक्षण मिसन (ईयुईओएम) नेपालमा कात्तिक ८ गतेदेखि पुस २० गतेसम्म परिचालित भयो। मिसनको नेतृत्व क्रोएसियाबाट युरोपेली संसद्मा प्रतिनिधित्व गर्ने प्रमुख पर्यवेक्षक जेल्याना जोभ्कोले गर्नुभयो। समग्रमा मिसनले अन्तर्राष्ट्रिय तथा क्षेत्रीय प्रतिबद्धताहरू र निर्वाचनको मापदण्ड एवं नेपालको कानुनअनुरूप सम्पूर्ण निर्वाचन प्रक्रिया भए-नभएको मूल्यांकन गर्न सबै सातवटा प्रदेशमा गरी २८ ईयु सदस्य राष्ट्र र नर्वेका समेत १०० भन्दा बढी पर्यवेक्षकहरू परिचालित गऱ्यो।

निवर्तमान संसद वि.सं.२०७० सालमा भएको संविधानसभाको निर्वाचनबाट बनेको हो। २०७२ असोज ३ गते नयाँ संविधान आएपछि त्यसको प्रत्युत्तरमा मुख्यतया मधेशी समूहहरूको नेतृत्वमा महिनौंसम्म विरोध प्रदर्शन र भारतसँगको नाकाबन्दी भयो। अविश्वासको प्रस्तावमाथिको मतदानले तत्कालीन प्रधानमन्त्री, नेपाल कम्युनिस्ट पार्टी नेपाल- एकीकृत मार्क्सवादी लेनिनवादी (नेकपा (एमाले) का के.पी.ओलीको राजीनामा निम्त्यायो। वि.सं. २०७३ भदौमा नेपाल कम्युनिस्ट पार्टी-माओवादी केन्द्र (नेकपा (माके) र नेपाली कांग्रेस (नेका)ले सरकार गठन गरे। उनीहरूको सम्झौताअनुसार माओवादी केन्द्रका पुष्पकमल दाहालले २०७४ जेठसम्म सरकारको नेतृत्व गर्नुभयो भने त्यसपछि नेकाका शेरबहादुर देउवा प्रधानमन्त्री हुनुभयो। निर्वाचनको पूर्वसन्ध्यामा नेकपा (एमाले) र नेकपा (माके)बीच २०७४ असोज १७ गते वाम गठबन्धन निर्माण भएपछि राजनीतिले नयाँ घुम्ती लियो।

नयाँ संविधानअनुसार नयाँ निर्वाचनहरू अत्यावश्यक थिए र तदनुसार २०७४ भदौमा सम्पन्न २० वर्षपछि भएको स्थानीय निर्वाचनसँगै यो प्रक्रिया सुरु भयो। वि.सं. २०७४ माघ २४ गते दुई सदनात्मक संघीय संसदको दोस्रो सदन राष्ट्रिय सभाका लागि भएको अप्रत्यक्ष निर्वाचनसँगै संसदीय निर्वाचनको नयाँ चक्र समाप्त भयो। यसले स्थानीय, प्रादेशिक र संघीय सरकारको नयाँ संरचनाको अत्यावश्यक जग निर्माण गऱ्यो। स्थानीय निर्वाचन र राष्ट्रिय सभाको निर्वाचनको ईयु ईओएमले पर्यवेक्षण गरेन।

प्रतिनिधिसभामा मिश्रित निर्वाचन प्रणालीबाट निर्वाचित कुल २७५ सदस्य हुन्छन्। कुल सदस्य संख्याको ६० प्रतिशत अर्थात् एक सय पैंसट्ठीजना १६५ वटा निर्वाचन क्षेत्र प्रत्येकबाट एकजना छानिने पहिलो हुने निर्वाचित हुने (प्रत्यक्ष) प्रणालीबाट निर्वाचित हुन्छन्। बाँकी ४० प्रतिशत अर्थात्, ११० जना पूरा देश नै एउटा निर्वाचन क्षेत्र रहेको समानुपातिक प्रतिनिधित्व प्रणालीबाट निर्वाचित हुन्छन्।

सातवटा प्रदेशसभा स्थापना गर्ने निर्वाचन पनि प्रतिनिधिसभाको निर्वाचनसँगै भएको थियो।प्रदेशसभाका लागि हुने निर्वाचन प्रणाली पनि मिश्रित छ र यसमा पनि प्रत्यक्ष र समानुपातिक प्रतिनिधित्वतर्फ सदस्य संख्या ६० र ४० प्रतिशतको अनुपात नै रहेको छ। तदनुरूप मतदाताहरूले प्रतिनिधिसभा र प्रदेशसभाका लागि गरेर चारवटा मतदान गर्नुपर्थ्यो।

कानुनी खाकाले निर्वाचनका लागि राम्रो आधार प्रदान गरेको छ र यो नेपालले अनुपालना गरेको अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप पनि छ। दुखको कुरा, निर्वाचन सम्बन्धी कानुनको ठूलो अंश निर्वाचन हुनुभन्दा तीन महिना भन्दा कम समय रहँदा लागु गरिए र कतिपय निर्देशिकाहरू त निर्वाचनभन्दा तीन हप्ता भन्दा कम समय बाँकी रहँदा प्रकाशित गरिए। राष्ट्रिय सभाका लागि हुने निर्वाचन सम्बन्धी कानुन अध्यादेशमार्फत् २०७४ पुस १४ गते मात्र अनुमोदन भयो।

संघसंस्था खोल्ने, भेला हुने र अभिव्यक्तिको स्वतन्त्रतालगायतका राजनीतिक स्वतन्त्रताहरू कानुन र व्यवहारमा राम्रोसँग सम्मानित थिए। निर्वाचनमा भाग लिने अधिकारमा कुनै बन्देज थिएन। राजनीतिक स्वतन्त्रता भने उम्मेदवार र निर्वाचन प्रचार प्रसारका कार्यक्रममा भएका शृंखलाबद्ध हिंसात्मक आक्रमणहरूबाट बिथोलिए। कात्तिक २१ देखि मंसिर २१ गतेसम्म नेपालभर १५० भन्दा बढी हिंसात्मक आक्रमण भए र तिनमा मुख्यतया घरेलु विस्फोटक पदार्थको प्रयोग गरिएको थियो।

लैंगिक तथा सामाजिक समावेशीकरणलाई प्रवर्द्धन गर्नुपर्ने संवैधानिक बाध्यात्मक व्यवस्थाअनुसार आंशिक रूपमा समानुपातिक समावेशीकरण प्रवर्द्धन गर्ने प्रयास गरियो। प्रतिनिधिसभाका लागि समानुपातिक निर्वाचनतर्फ लागु

भएको आरक्षणमा महिला (५० प्रतिशत), दलित (१३.८ प्रतिशत), आदिवासी जनजाति (२८.७ प्रतिशत), खस आर्य (३१.२ प्रतिशत), मधेशी (१५.३ प्रतिशत), थारु (६.६ प्रतिशत) तथा मुस्लिम (४.४ प्रतिशत) छ। प्रदेशसभा समानुपातिक संरचनाले सबै सातैवटा प्रदेशसभामध्ये प्रत्येकका लागि उक्त प्रदेशको जनसांख्यिक संरचनाअनुसार विस्तृत आरक्षणको व्यवस्था गरेको छ। समावेशीकरणका लागि खस आर्यजस्ता राम्रोसँग प्रतिनिधित्व भएका सामाजिक समूहसमेत समाविष्ट समानुपातिक आरक्षण प्रणाली सम्भवतः समानता सम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डविपरीत छ, किनभने सकारात्मक कार्य सम्बन्धी उपायहरूलाई समानताको प्रवर्द्धन गर्ने माध्यमका रूपमा मात्र हेरिएका छन्।

निर्वाचन आयोग नेपाल (आयोग)ले आफ्नो काम निष्पक्षता र दक्षतापूर्वक निर्वाह गर्‍यो र सामान्यतया सरोकारवालाहरूको विश्वास हासिल गर्‍यो। तर, आयोगको काममा पारदर्शिताको अभाव थियो। केन्द्रीय स्तरमा राजनीतिक दल, नागरिक समाज र पर्यवेक्षकहरूबीच नियमित परामर्श गर्ने कुनै संयन्त्र थिएन। निर्णय, आन्तरिक नियम र कार्यविधि तथा प्रशासनिक एवं निर्वाचन क्षेत्रको मतदाता दर्ता सम्बन्धी तथ्यांक सार्वजनिक रूपमा उपलब्ध गराइएन। मतदान केन्द्रमा मतदाताको सहभागिता र अवैध (बदर) मत सम्बन्धी महत्वपूर्ण जानकारी प्रकाशन गर्न पनि आयोग विफल भयो। त्यसबाहेक, खासगरी मतपत्र मिलान गर्ने सम्बन्धमा कार्यविधिगत कमजोरी भयो। यो कुरा पारदर्शिताका लागि हानिकारक छ र यसले सम्पूर्ण प्रक्रियामा दुर्व्यवहार हुने जोखिम बढाउँछ।

साँघुरो समयसीमा र त्यसमा आवश्यक कानुन पारित गर्नमा भएको ढिलाइ र कठिन भौगोलिक अवस्थाले अझ कठिनाइ ल्याएको हुँदाहुँदै पनि दुई चरणको निर्वाचनका लागि बन्दोबस्तीको तयारी र सञ्चालन सम्बन्धी पक्षहरूमा आयोग सफल भयो। मतदान र मतगणना सम्बन्धी अत्यावश्यकीय निर्देशिकाहरू अत्यन्त ढिलो गरी प्रकाशन हुनु यसमा एउटा उल्लेख्य अपवाद थियो। चारवटा मतपत्रको प्रारूपण र छपाइको विषयले धेरै असमन्जस्यता ल्यायो र अन्ततः यसले बदर मतको संख्यामा प्रभाव पार्‍यो। आयोगद्वारा अस्थायी रूपमा नियुक्त निर्वाचन अधिकृतहरूमाथिको सुपरिवेक्षण अपर्याप्त थियो। सुपरिवेक्षण गर्ने आफ्नो अधिकारको उपभोग गर्नमा आयोगको अनिच्छाले कानुनको प्रयोगमा, खासगरी मतगणना केन्द्रमा पर्यवेक्षकहरूको पहुँच सम्बन्धमा, एकरूपमा ल्याएन।

वि.सं. २०७४ भदौमा सम्पन्न मतदाता नामावली दर्ता अभियानमा १३ लाख ७० हजार नयाँ दर्ता भए। अन्तिम मतदाता नामावलीमा १,५४,२७,९३६ जना, अर्थात् मतदान गर्ने उमेरको जनसंख्याको अनुमानित ९० प्रतिशत मतदाता समावेश थिए। निर्वाचन सम्बन्धी कार्यमा खटिएका निर्वाचन अधिकारीहरू र सुरक्षा कर्मचारीहरूजस्ता कम्तीमा पाँच लाख सम्भावित मतदातालाई मतदान गर्ने अधिकारबाट वञ्चित गरिएर मताधिकार अत्यन्त संकुचित गरिएको थियो। दर्ता गर्ने अन्तिम दिनदेखि निर्वाचनको दिनसम्म १८ वर्ष पुगेका करिब १,७०,००० युवाहरूलाई कानुनले दर्ता गर्न दिएन। त्यसबाहेक, मतदाता दर्तालाई स्थानान्तर गर्ने पूर्वावश्यकता अत्यन्त बन्देजात्मक थियो।

निर्वाचन क्षेत्र निर्धारण आयोगले २०६८ सालको जनगणनाको प्रयोग गरी २०७४ साउनसम्ममा ४२ दिनमा आफ्नो कार्य सम्पन्न गर्‍यो। प्रत्यक्ष निर्वाचन क्षेत्रतर्फ दर्ता भएका मतदाताहरूको संख्यामा ठूलो भिन्नता भएबाट समान मताधिकार पूर्णतया उपलब्ध भएन।

नेपालको संविधानले व्यक्तिहरूलाई राजनीतिक दल खोल्न र चलाउन पाउने अधिकारलाई बलियोसँग स्वीकार गरेको छ। राम्रोसँग सञ्चालित उम्मेदवार मनोनयन प्रक्रिया मंसिर ३ गते सम्पन्न भयो। आयोगले सबै उम्मेदवारहरूको नामावली आफ्नो वेबसाइटमा प्रकाशित गर्‍यो। समग्रमा, प्रतिनिधिसभाको प्रत्यक्षतर्फको १६५ स्थानमा १,९४५ उम्मेदवार र प्रदेशसभाको प्रत्यक्षतर्फको ३३० स्थानमा ३,२३८ उम्मेदवारले उम्मेदवारी दिए। प्रतिनिधिसभाको समानुपातिकतर्फको ११० स्थानमा ४९ राजनीतिक दलहरूले २,२७३ उम्मेदवारसहितको बन्द सूची पेस गरे। त्यस्तै, सातवटा प्रदेशसभाको समानुपातिकतर्फको २२० स्थानमा ४१ राजनीतिक दलले ३,७१२ उम्मेदवारसहितको १७२ बन्द सूची प्रस्तुत गरे।

उल्लेखनीय प्रयासका बाबजुद, आयोग तथा अन्य सरोकारवालाहरूको मतदाता शिक्षा अपर्याप्त थियो र केही क्षेत्रमा त छँदै थिएन । मतदाताहरूले तीनवटा मतपत्रमा चारवटा मतदान गर्नुपर्ने यस निर्वाचनको जटिलतालाई विचार गर्दा यो खास चिन्ताको कुरा थियो ।

आयोगले राजनीतिक दलहरूसँगको परामर्शमा कानुनी रूपमा बाध्यात्मक र अत्यन्त विस्तृत निर्वाचन आचारसंहिता जारी गऱ्यो । आचारसंहिताको उल्लंघन भएमा जरिवाना र अयोग्य घोषित गर्नेसमेतका सजाय दिने व्यापक अधिकार आयोगलाई दिइएको थियो । निर्वाचन कानुनले आयोगलाई निर्वाचन प्रचार प्रसारको प्रयोजनका लागि हुने खर्चलाई नियमन गर्ने अधिकार दिएको छ । आम जनताका लागि उपलब्ध सूचनाको कमी र सूचना सार्वजनिक गर्नुपर्ने कानुनको कमजोर कार्यान्वयनले निर्वाचनमा भएको खर्चको पारदर्शिताका लागि जवाफदेहिताको अवमूल्यन गऱ्यो । मत खरिद कार्य आचारसंहिता र कानुनमा स्पष्टसँग प्रतिबन्धित भए पनि पैसा र अन्य उपहार मतदातालाई बाँडिएको भन्ने आरोपहरू व्यापक रूपमा सुनिए । तर, मत खरिदका लागि एउटै पनि कानुनी कारबाही गरिएन ।

नेपालको संविधान २०७२ ले केही यथोचित बन्देज राखी अभिव्यक्तिको स्वतन्त्रता र सूचना तथा सञ्चार सम्बन्धी स्वतन्त्रताको व्यवस्था गरेको छ । निर्वाचन प्रचार प्रसार अवधिभर अभिव्यक्तिको स्वतन्त्रता र प्रेस स्वतन्त्रतालाई सीमित गराइएका थोरै घटनाहरू देखिएका भए पनि आमसञ्चार सम्बन्धी वातावरण सामान्यतया स्वतन्त्र थियो । एघारजना पत्रकारहरू निवारक थुनाका भागी भए । ईयु ईओएमले गरेको १३ वटा राष्ट्रिय सञ्चारमाध्यमको अनुगमनमा सार्वजनिक तथा निजी प्रसारण र अखबारको समाचार प्रकाशन प्रसारणमा उचित सन्तुलन देखियो र राष्ट्रिय रेडियो प्रसारण संस्था रेडियो नेपालले नेकाको पक्षमा असमानुपातिक मात्रामा समय दिएको पाइयो ।

ईयु ईओएमको सञ्चारमाध्यम अनुगमन परिणामले के देखायो भने, अनुगमन गरिएका चारवटा टिभी च्यानलमध्ये प्रसारणका हिसाबाले टिभी विज्ञापनमा सबैभन्दा बढी अर्थात् २९ प्रतिशत खर्च गर्नेमा नेका सबैभन्दा ठूलो पार्टी थियो भने अनुगमन गरिएका रेडियो र अखबारमा सबैभन्दा बढी अर्थात् क्रमशः ३१ प्रतिशत र ३७ प्रतिशत प्रसारण र प्रकाशन गर्ने सबैभन्दा ठूलो पार्टी नेकपा (एमाले) थियो ।

निर्वाचन कानुनमा प्रचार प्रसारदेखि लिएर मतदान र मतगणनासम्मको अवधिका गतिविधिमा हुने निर्वाचन सम्बन्धी कसुरहरूको व्यापक सूची छ । व्यक्तिहरूलाई निर्वाचन कसुरमा अभियोग लगाइएका थोरै घटनाहरू मात्र थिए । उजुरी र अपिलमाथि निर्णय लिने व्यापक क्षेत्राधिकार आयोगमा रहेको छ । आयोगले उल्लंघन गर्नेहरूलाई उजुरी गरिएका व्यवहार रोक्न अनुरोध गरेर उजुरीहरूलाई अधिकांशतः अनौपचारिकरूपबाट सम्बोधन गऱ्यो । एक सयभन्दा कम औपचारिक उजुरीहरू पेस गरिएका थिए । अयोग्य घोषित गर्नेलगायतका व्यापक कारबाहीहरू गर्न सकिन्थ्यो तर ती लागु गरिएनन् । कार्यान्वयनमा भएको कमीले आचारसंहिता र खासमा आयोगको इमानदारितालाई नै अवमूल्यन गऱ्यो ।

वि.सं. २०७४ साउनमा विवादहरूमाथि कारबाही चलाउने स्पष्ट क्षेत्राधिकार भएको नयाँ संवैधानिक इजलास सर्वोच्च अदालतमा स्थापना गरियो । निर्वाचनपश्चात् परिणामलाई चुनौती दिने सातवटा मात्र उजुरी परे भने दुईवटा उजुरीमा समानुपातिक सिट बाँडफाँडलाई चुनौती दिइएको थियो । यो लेख्दासम्म कुनै पनि मुद्दा सफल भएनन् । मतपत्रको छपाइ, समानुपातिकको बन्द सूचीमा अपांगता भएका व्यक्तिहरूको प्रतिनिधित्व, निर्वाचित हुने सम्भावना भएका महिलाहरूको न्यून संख्या, निजामती कर्मचारीहरूलाई अस्थायी मतदान अधिकार नदिएको समेत आयोगका निर्णयहरूलाई चुनौती दिँदै मतदानको दिनपूर्व थोरै मुद्दाहरू पेस गरिए । निर्वाचनसँग सम्बन्धित कुनै पनि मुद्दालाई प्रभावकारी रूपमा सुनुवाइ गर्नमा भएको विफलता पीडित पक्षहरूलाई समयमै प्रभावकारी न्यायिक उपचार प्रदान गर्न अस्वीकार गर्नु सरह थियो ।

देशभरका १९,८०९ मतदान केन्द्रमा मतदान भयो । सबै सातवटा प्रदेशका ६१ जिल्लाका ६३३ मतदान केन्द्रमा १०० जना भन्दा बढी ईयु पर्यवेक्षकहरूले प्रारम्भ, मतदान र बन्द गर्ने प्रक्रियाको पर्यवेक्षण गरे । भ्रमण गरिएका ८९ प्रतिशत मतदान केन्द्रमा मतदान सञ्चालन सकारात्मक रूपमा, राम्रो वा धेरै राम्रो भएको मूल्यांकन गरिए पनि ११ प्रतिशत मतदान केन्द्रमा मतदान नराम्रो वा धेरै नराम्रो भएको मूल्यांकन गरियो । मूल्यांकन नकारात्मक भएका यी केन्द्रमा मतदान प्रक्रियाको विश्वसनीयतालाई प्रभावित पार्ने अनियमितताहरूमा मतको गोप्यताको अभाव, मतपत्रमा चिह्न लगाउन सक्ने देखिने मतदातालाई अनधिकृत व्यक्तिद्वारा सहायता गरेर मतदानमा

अत्यधिक सहायता गरिएको, मतदानको पर्दापछाडि मानिसहरूद्वारा एकसाथ मतदान, अर्काको नाममा मतदान तथा मतदान केन्द्रका कर्मचारीको काममा हस्तक्षेप समावेश थिए ।

निराशाजनक रूपबाट, ईयु पर्यवेक्षकहरूलाई २२ वटा मतदान केन्द्रमा पहुँच दिइएन र २९ वटा मतदान केन्द्रमा गम्भीर रूपमा पर्यवेक्षणमा बन्देज लगाइयो । ईयु पर्यवेक्षकहरूलाई मतगणनाको प्रक्रियाको नौ दिनमा देशभरका २० जिल्लामा ५१ पटक मतगणना केन्द्रमा पूर्ण पहुँच प्रदान गरिएन । पहुँच सम्बन्धी सबैभन्दा ठूलो समस्या कैलाली, कञ्चनपुर, ललितपुर, गोर्खा, सुनसरी, पाल्पा र भक्तपुर जिल्लामा रिपोर्ट गरियो ।

मंसिर २२ देखि पुस १ गतेसम्म ईयु पर्यवेक्षकहरूले आफूले पर्यवेक्षण गर्न पूर्ण पहुँच पाएका ४० जिल्लाबाट १४२ मतगणना पर्यवेक्षण फारम पेस गरे । समग्रमा, ईयु पर्यवेक्षकहरूलाई पर्यवेक्षण गर्न पूर्ण पहुँच भएको मतगणना केन्द्रमा पारदर्शी रूपबाट मतगणना सञ्चालन गरिएको थियो । तर, मतपत्रको मिलानसँग सम्बन्धित महत्वपूर्ण कार्यविधिसमेत तोकिएको कार्यविधि बारम्बार रूपमा अवलम्बन गरिएको थिएन । प्रशंसनीय रूपबाट, आयोगले सबै चारवटा निर्वाचनमा निर्वाचन क्षेत्रगत निर्वाचन परिणामको निरन्तरको प्रगति र अन्तिम परिणाम अनलाइन प्रकाशन गऱ्यो ।

प्रतिनिधिसभामा राजनीतिक दलहरूले जितेको स्थानको घोषणा धेरै ढिलो गरियो । प्रत्येक राजनीतिक दलबाट संघीय संसदमा प्रतिनिधित्व गर्ने निर्वाचित सदस्यहरूको कुल संख्यामा कम्तीमा एक तिहाई महिला हुनुपर्ने संवैधानिक आवश्यकताका कारण सिट बाँडफाँडलाई अन्तिम रूप दिनुअघि आयोगले राष्ट्रिय सभाको निर्वाचनको परिणाम नआएसम्म पर्खनुपऱ्यो । आयोगले गणना सकिनेबित्तिकै प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनका विजेताहरूको घोषणा गऱ्यो । सातवटा प्रदेशसभाको समानुपातिक प्रणालीतर्फका निर्वाचित सदस्यहरूको नाम माघ ३ गते र प्रतिनिधिसभातर्फका समानुपातिक सदस्यहरूको नाम फागुन ५ गते घोषणा गरियो । अघिल्लो संविधानसभामा ३० वटा दलहरू थिए भने, अहिलेको निर्वाचनमा प्रतिनिधिसभाको समानुपातिक प्रणालीतर्फ पाँचवटा दलले मात्र ३ प्रतिशत आवश्यक मत प्राप्त गरे । प्रत्यक्षतर्फका १६५ निर्वाचन क्षेत्रमध्ये ६ जना मात्र महिला, सबै वाम गठबन्धनका निर्वाचित भए ।

प्रतिनिधिसभाको २७५ सिटमध्ये नेकपा (एमाले)ले १२१, नेकाले ६३, नेकपा (माके)ले ५३, राष्ट्रिय जनता पार्टी (राजपा) ले १७ र संघीय समाजवादी फोरम-नेपालले १६ सिट जिते । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा), नयाँ शक्ति, राष्ट्रिय जनमोर्चा र नेपाल मजदुर किसान पार्टी प्रत्येकले एक सिट जिते ।नेकपा (माके) पोलिटब्युरो सदस्य, एक स्वतन्त्र उम्मेदवारले पनि एक सिट जिते ।

प्रदेशसभाको परिणाम प्रतिनिधिसभाको परिणामसँग मिल्दोजुल्दो छ। नेकपा (एमाले)ले प्रदेश २ बाहेक सबै प्रदेशमा सर्वाधिक मत प्राप्त गऱ्यो । नेकपा (माके) र नेकाले समग्रमा दोस्रो र तेस्रो सबैभन्दा बढी मत प्राप्त गरे । राजपा नेपाल र संघीय समाजवादी फोरम नेपालले मिलेर प्रदेश २ मा जिते भने प्रदेश १, ५ र ७ मा पनि सिट हात पारे । अरु आठवटा दलहरूको विभिन्न प्रदेशसभामा प्रतिनिधित्व रहेको छ ।

ईयु ईओएमले पर्यवेक्षण, विश्लेषण र कैयौँ सरोकारवालाहरूसँगको छलफलमा आधारित रही भविष्यमा हुने निर्वाचनका लागि सिफारिसहरू प्रस्तुत गरेको छ। नेपालमा हुने लोकतान्त्रिक निर्वाचनप्रतिको अन्तर्राष्ट्रिय र क्षेत्रीय प्रतिबद्धताहरूअनुसार व्यक्ति र समूहहरूको मौलिक हकको उपभोगमा सुधार ल्याउन निर्वाचन प्रक्रियाका विभिन्न पक्षहरूलाई सुदृढ पार्ने यसको लक्ष्य हो। यस सम्बन्धमा, नेपाल सरकार, निर्वाचन आयोग नेपाल, राजनीतिक दल र नागरिक समाजलाई सोच्न र गर्न २९ वटा सिफारिसहरू प्रस्तुत गरिएको छ। विभिन्न विषयहरूलाई समयमै सम्बोधन गर्न सबै सिफारिसहरूको कार्यान्वयनमाथि सकेसम्म छिटो छलफल चलाउनुपर्छ ।

निम्नलिखित सिफारिसहरूमाथि प्राथमिकताका साथ कार्य गरिनुपर्छ :

१. प्रतिनिधिसभा र प्रदेशसभाको जातीय संरचना सम्बन्धी आरक्षण प्रणालीको प्रभावको समीक्षा गर्ने । समावेश गरिएका समूहबाट खस आर्यलाई हटाउने । नकारात्मक विभेद भोगेका समूहलाई मात्र सकारात्मक कार्य सम्बन्धी उपायहरू लागु हुने कुरा सुनिश्चित गर्ने ।

२. सरोकारवालाहरूसँगको नियमित परामर्श तथा सार्वजनिक सरोकारका सबै सूचनाको समयमै प्रकाशनबाट आयोगको पारदर्शिता अभिवृद्धि गर्ने ।

३. नेपालमा बोलिने सबै भाषाहरूमा व्यापक मतदाता शिक्षा अभियान निर्वाचनभन्दा पर्याप्त अघि प्रारम्भ गर्ने ।

४. अझ बढी समान मताधिकार सुनिश्चित गर्न प्रत्यक्षतर्फको निर्वाचन क्षेत्रको सिमाना पुनरावलोकन गर्ने ।

५. भाडाको घरमा बस्ने तथा अनौपचारिक बस्तीमा बस्नेहरूलाई आफ्नो मतदाता दर्ता स्थानान्तर गर्न अनुमति दिन मतदाता दर्ता स्थानान्तर सम्बन्धी पूर्वावश्यकतालाई सरल बनाउने ।

६. मत खरिदलाई निर्मूल पार्न जिम्मेवार राज्याधिकारीहरू, आयोग र नेपाल प्रहरीले बृहत्तर रूपबाट कानुनको कार्यान्वयन गर्नुपर्छ ।

७. सार्वजनिक सञ्चार माध्यममा राजनीतिक दल वा उम्मेदवारहरूलाई निशुल्क समय उपलब्ध गराउने प्रावधानसमेत निर्वाचन आचारसंहिताका कम बन्देजात्मक प्रावधानहरूलाई विस्तारले निर्वाचन प्रचार प्रसारलाई बढी स्वतन्त्र बनाउन योगदान गर्नुका साथै निर्वाचनका प्रतिस्पर्धीहरूबाट मतदाताहरूले प्राप्त गर्ने सूचना र सन्देशको मात्रा पनि बढ्नेछ ।

८.सर्वोच्च अदालतमा दर्ता भएका अन्य मुद्दाहरूमाथि निर्वाचनसँग सम्बन्धित मुद्दाहरूलाई प्राथमिकता दिने गरी प्रशासनिक कार्यविधिहरू ल्याइनुपर्छ ।

९. मतदान केन्द्रमा मतदाताको सहभागिता सम्बन्धी तथ्यांक र निर्वाचन क्षेत्रमा गणनाको तालिकालाई शीघ्र प्रकाशन गरेर एवं निर्वाचन क्षेत्रको गणना तालिका दल र उम्मेदवारका प्रतिनिधिहरूलाई उपलब्ध गराएर परिणाम प्रक्रियाको पारदर्शिता अभिवृद्धि गर्ने ।

१०. असंगत भएमा छुट्याउने र अविश्वसनीय मतदाता सहभागिता भएको ठाउँमा परीक्षण गर्ने कार्यविधि समेत मतदान र मतगणना केन्द्रमा अर्थपूर्ण मिलानको व्यवस्था गर्ने ।

# २. परिचय

सरकार र निर्वाचन आयोग, नेपालको निमन्त्रणापश्चात्, युरोपियन युनियन निर्वाचन पर्यवेक्षण मिसन (इयुइओएम) नेपालमा २०७४ कात्तिक ८ गतेदेखि पुस २० गतेसम्म परिचालित भयो । मिसनको नेतृत्व क्रोएसियाबाट युरोपेली संसद्मा प्रतिनिधित्व गर्ने प्रमुख पर्यवेक्षक जेल्याना जोभ्कोले गर्नुभयो । मिसनमा काठमाडौँस्थित १० मुख्य विश्लेषकहरू, ३८ दीर्घकालीन पर्यवेक्षक र र ४४ जना अल्पकालीन पर्यवेक्षकहरू रहेका थिए, जो निर्वाचन सम्बन्धी अन्तर्राष्ट्रिय तथा क्षेत्रीय प्रतिबद्धता र मापदण्ड एवं नेपालको कानुनअनुसार निर्वाचन प्रक्रिया भए नभएको मूल्यांकन गर्न सबै सातवटा प्रदेशमा परिचालित थिए । निना गिल सीबीईले नेतृत्व गरेको युरोपेली संसदका सात सदस्य रहेको प्रतिनिधिमण्डल एवं नेपालस्थित ईयु सदस्य राष्ट्रका राजदूतावासका कूटनीतिक सदस्यले निर्वाचनको दुवै चरणमा मिसनमा समावेश भए ।समग्रमा मिसनमा २८ ईयु सदस्य राष्ट र नर्वेका समेत १०० भन्दा बढी पर्यवेक्षकहरू परिचालित गऱ्यो ।

ईयु ईओएम आफ्ना निष्कर्षहरूमा स्वतन्त्र छ र सन् २००५ अक्टोबरमा संयुक्त राष्ट्रसंघमा अवलम्बन गरिएको अन्तर्राष्ट्रिय निर्वाचन पर्यवेक्षण सम्बन्धी सिद्धान्तप्रति अडिग रहन्छ । यस प्रतिवेदनले निर्वाचन प्रक्रियाका विभिन्न चरणमा ईयु ईओएमका निष्कर्षहरूको विस्तृत मूल्यांकन प्रस्तुत गर्दछ र यिनै निष्कर्षहरूका आधारमा भविष्यमा हुने निर्वाचन प्रक्रियामा सुधार ल्याउन शृंखलाबद्ध सिफारिसहरूपनि यसमा समावेश गरिएको छ ।

ईयु ईओएम नेपाल सरकार, निर्वाचन आयोग, राजनीतिक दल, नागरिक समाज, सञ्चार माध्यम एवं नेपाली जनताप्रति पर्यवेक्षण मिसनका क्रममा गरेको सहयोग र सहायताका लागि आभार व्यक्त गर्दछ । ईयु ईओएम

नेपालस्थित युरोपियन युनियनको नियोग तथा नेपालमा रहेका युरोपियन युनियनका सदस्य राष्ट्रहरूका कूटनीतिक नियोगप्रति पनि आभार व्यक्त गर्दछ ।

# ३. राजनीतिक पृष्ठभूमि

प्रतिनिधिसभा एवं सातवटा प्रदेशसभाका लागि २०७४ मंसिर १० र २१ गते भएको निर्वाचन २०७२ असोजमा लागु भएको संविधानका प्रमुख कोसेढुंगा थिए । वि.सं. २०७४ असोजमा सम्पन्न स्थानीय निर्वाचन सरकारको स्थानीय, प्रादेशिक र संघीय तहको नयाँ संरचनातर्फका पहिलो कदम थियो । वि.सं. २०७४ माघ २४ गते सम्पन्न राष्ट्रिय सभाको निर्वाचनपश्चात् नेपालको संघीय संसद दुई सदनात्मक भयो ।

नेपाल कम्युनिस्ट पार्टी - माओवादी (नेकपा-माओवादी) र नेपाल सरकारबीच सन् २००६ मा हस्ताक्षरित विस्तृत शान्ति सम्झौताले[1] माओवादी आन्दोलनलाई अन्त्य गरी एक दशकलामो गृहयुद्ध समाप्त गरायो । सन् २००८ मा संविधानसभाका लागि निर्वाचन भयो र नेकपा-माओवादी सबैभन्दा ठूलो दलका रूपमा अगाडि आयो भने त्यसपछि नेपाली कांग्रेस (नेका) र नेपाल कम्युनिस्ट पार्टी - एकीकृत मार्क्सवादी लेनिनवादी (नेकपा (एमाले)) रहे । सन् २००८ मेमा संविधानसभाले राजतन्त्रलाई समाप्त पारी २४० वर्ष पुरानो शाही शासनको अन्त्य गरायो र नेपाल गणतन्त्र भयो । नयाँ संविधानको मस्यौदा गर्ने उद्धेश्य लिएको संविधानसभाले आफ्नो कार्यादेशभित्र रही सहमति जुटाउन सकेन र सन् २०१३ मा नयाँ संविधानसभाका लागि निर्वाचन भयो । नेकाले सबैभन्दा बढी सिट जित्यो, त्यसपछि नेकपा (एमाले) आयो भने माओवादी तेस्रो ठूलो दल बन्यो ।

वि.सं. २०७४ असोज ३ गते नयाँ संविधान लागु भयो र त्यसपछि संविधानसभा संसदमा परिणत भयो ।राजनीतिक हलचलका बीच संविधान जारी गरियो र त्यसपछि समावेशीकरण तथा संघीयता सम्बन्धी विगतमा भएका सम्झौताहरूलाई सरकारले सम्मान गरोस् भन्ने मधेशी तथा अन्य ऐतिहासिक रूपबाट सीमान्तकृत समूहहरूद्वारा महिनौंसम्म विरोध प्रदर्शनहरू भए । सकारात्मक कार्यका आधारमा निर्वाचन प्रतिनिधित्व (पहिचानमा आधारित आरक्षण), नयाँ प्रदेशहरूको सिमाना, निर्वाचन क्षेत्रको सिमाना तथा नागरिकता सम्बन्धी मुद्दाहरूमा असहमति थिए ।वि.सं. २०६३ मा उदाएको मधेशी दलहरूको छाता समूह संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाले वि.सं २०७२ भदौमा भारतसँगको सिमानामा १३५ दिन लामो नाकाबन्दीको सुरुवात गर्‍यो । संविधानमा संशोधन गर्ने मधेशीहरूको माग सम्बोधन नभई यो २०७४ माघमा अन्त्य भयो ।

संविधान जारी भएपछि नेकपा (एमाले)का अध्यक्ष के.पी.ओली नेपाल कम्युनिस्ट पार्टी नेपाल- माओवादी केन्द्र (नेकपा (माके)[2], राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा), मधेशी दलहरू र केही साना दलहरूको समर्थनमा प्रधानमन्त्री भए । मधेशीहरूको विरोध प्रदर्शनका कारण उत्पन्न राष्ट्रिय संकटपछि संसद्मा अविश्वासको प्रस्ताव दर्ता गरियो जसले प्रधानमन्त्रीको राजीनामा निम्त्यायो ।नेकपा (माके)ले नेकासँग मिलेर २०७३ साउनमा सरकार गठन गर्‍यो । 'भद्र सहमति'मा अडिग रही माओवादी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले २०६४ जेठसम्म सरकारको नेतृत्व गरे । नेकाका शेरबहादुर देउवा २०७४ जेठमा प्रधानमन्त्री भए ।

सरकारलाई नयाँ संविधान जारी भएपछि २० वर्षमा पहिलोपटक स्थानीय निर्वाचन गर्नेलगायतको पहिलो निर्वाचन चक्र सञ्चालन गर्ने कार्यादेश थियो । मधेश आधारित दलहरूको विरोध प्रदर्शनपछि, स्थानीय निर्वाचन तीन चरणमा गरियो र २०७४ असोजमा सम्पन्न भयो ।

विस्तृत शान्ति सम्झौतामा सन् २००६ मा हस्ताक्षर भएपछि तीनवटा प्रमुख दलहरू एकपछि अर्को सत्तामा बसेका छन्: नेका, नेकपा (एमाले) र नेकपा (माके) । प्रधानमन्त्री शेरबहादुर देउवाले नेतृत्व गरेको नेका सन् १९४६ मा स्थापित नेपालको सबैभन्दा पुरानो दल हो । प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा सो दलले लोकतान्त्रिक

---

[1] सन् २०१६ मेमा एनेकपा (माओवादी)ले अन्य खण्डित माओवादी दलहरू गाभिएपछि दोस्रोपटक आफ्नो नाम परिवर्तन गर्‍यो । त्यसयता सो दल नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) वा नेकपा-माके भयो ।
[2] सन् २०१६ मेमा एनेकपा (माओवादी)ले अन्य खण्डित माओवादी दलहरू गाभिएपछि दोस्रोपटक आफ्नो नाम परिवर्तन गर्‍यो । त्यसयता सो दल नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) वा नेकपा-माके भयो ।

गठबन्धनको नेतृत्व गऱ्यो । नेकपा (एमाले) सन् १९९१ मा गठन भएको हो र नेकासँगै सो दलले लोकतन्त्र स्थापना तथा माओवादीसँगको शान्तिवार्तामा प्रमुख भूमिका निर्वाह गरेको छ ।

सन् २०१४ देखि खड्गप्रसाद (के.पी.) ओलीको नेतृत्वमा रहेको सो दलले राष्ट्रवादी मोर्चाको प्रतिनिधित्व गर्छ र २०७४ का निर्वाचनहरूमा सबैभन्दा राम्रो परिणाम ल्यायो ।नेकपा (माके) नेपालको तेस्रो ठूलो राजनीतिक दल हो । यसअघि युद्धकालमा नेपाल कम्युनिस्ट पार्टी (माओवादी) भनेर चिनिने सो दल युद्धकालकै पुष्पकमल दाहालको नेतृत्वमा रहिरहेको छ ।नेकपा (माके)ले सन् २००८ को संविधानसभामा सबैभन्दा राम्रो परिणाम ल्याएको थियो । सो दलले नेकपा (एमाले)सँग वाम गठबन्धन निर्माण गऱ्यो र दुवैको साझा घोषणापत्र थियो ।

यीमध्ये कुनै पनि दलले संसद्मा पूर्ण बहुमत ल्याएको छैन र यसले गर्दा लगातार विभिन्न गठबन्धनका सरकारहरू गठन भएका छन् । त्यसबाहेक, तराईका समूहहरू मधेशी जनताको अधिकार प्रवर्द्धन गर्न अगाडि आए । सन् २००७ यता तीनवटा दलहरू राजनीतिक दलका रूपमा गाँसिए र टुक्रिए । हाल, संघीय समावादी फोरम नेपाल र राष्ट्रिय जनता पार्टी नेपालले यी राजनीतिक शक्तिको प्रतिनिधित्व गर्छन् र तराईमा तिनको बलियो उपस्थिति छ ।

बहुदलीय व्यवस्थाको स्थापना भएयता पहिलोपल्ट राजनीतिक दलहरू प्रतिनिधिसभा र प्रदेशसभाका लागि निर्वाचन गठबन्धन बनाउन सहमत भए र पहिलो हुने प्रथम हुने (प्रत्यक्ष) निर्वाचनतर्फ समन्वय गरी उम्मेदवार उठाउन सहमत भए । वि.सं. २०७४ असोज २० गते नेकपा (एमाले) र नेकपा (माके)बीच वाम गठबन्धन निर्माण भएर यो परिवर्तनको उत्प्रेरक बन्यो । यो गठबन्धनको निर्माणपछि अन्य राजनीतिक दलहरूले आफ्नै गठबन्धन निर्माण गरे । वाम गठबन्धन राष्ट्रिय गठबन्धन भए पनि अन्य गठबन्धनहरू स्थानीय रूपमा सिट विनियोजन गर्ने सम्झौतामा आधारित थिए ।

वाम गठबन्धन यो निर्वाचन प्रक्रियामा एउटा ठोस राजनीतिक शक्तिको रूपमा उदायो ।नेकपा (माके) र नेकपा ( एमाले)ले प्रतिनिधिसभाका लागि उम्मेदवारी दिन नेकपा (एमाले)को पक्षमा हुने गरी १६५ सिटमध्ये १६३ सिट[3]मा ६०:४० को अनुपातमा सफलतापूर्वक सिट विभाजन गरे र प्युठानमा राष्ट्रिय जनमोर्चा तथा झापामा राष्ट्रिय प्रजातन्त्र पार्टीसँग स्थानीय गठबन्धन गरे ।[4] प्रदेशसभाको सिटका लागि पनि उस्तै सम्झौता गरिएको थियो ।नेकपा (एमाले) र नेकपा (माके)ले निर्वाचनपछि एउटै दल गठन गर्ने घोषित उद्देश्यअनुरूप साझा निर्वाचन घोषणापत्रअन्तर्गत चुनाव लडे ।

नेकाले प्रतिनिधिसभाका १६५ मध्ये १५३ स्थानमा उम्मेदवारी प्रस्तुत गऱ्यो । सो दलले दुईवटा राजावादी दलहरू राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) र राष्ट्रिय प्रजातन्त्र पार्टी-प्रजातान्त्रिक (राप्रपा-प्र) एवं नयाँ शक्ति पार्टीसँग लोकतान्त्रिक गठबन्धन निर्माण गऱ्यो । विभिन्न दलहरूले उम्मेदवारी दर्ता गराएका केही निर्वाचन क्षेत्रमा मात्र लागु हुने सिट विनियोजन सम्झौताको परिणामस्वरूप लोकतान्त्रिक गठबन्धन बनेको थियो । लोकतान्त्रिक गठबन्धनको सम्झौता भएका जिल्लाहरूमा यी दलहरूले एकसाथ प्रचार प्रसार गरे । राजपा नेपाल र संघीय समाजवादी फोरम नेपालले मधेशीको बलियो उपस्थिति भएको प्रदेश २का निर्वाचन क्षेत्रमा सिट बाँडफाँड गरे, जसले गर्दा कुनै एक निर्वाचन क्षेत्रमा दुईमध्ये एउटा दलले मात्र उम्मेदवारी दियो ।[5] राजपा नेपाल र संघीय समाजवादी फोरम नेपालका नेताहरूले प्रतिस्पर्धा गरेका निर्वाचन क्षेत्रहरूमा आफ्नो उम्मेदवारी नदिन नेका सहमत भयो ।

आयोगले प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनको पूर्ण परिणाम एकैपटक घोषणा गरेन । प्रतिनिधिसभा र प्रदेशसभाको प्रत्यक्षतर्फको निर्वाचनको परिणाम मतगणना समाप्त भएको तुरुन्तैपछि घोषणा गरियो । सातवटा

[3]नेकपा (एमाले) १०३ र नेकपा (माके) ६० ।

[4]राष्ट्रिय स्तरमा राप्रपा लोकतान्त्रिक गठबन्धनमा थियो, र झापामा भने सो दलले नेकाले लगाएको सिट बाँडफाँडमा सहमति नभएर जिल्लाको एउटा निर्वाचन क्षेत्रमा वाम गठबन्धनसँग मिसिने निर्णय गऱ्यो ।

[5] सिट बाँडफाँडको सम्झौता नभएका प्रदेश २ बाहिरका निर्वाचन क्षेत्रहरूमा संघीय समाजवादी फोरम नेपाल र राजपा नेपाल दुवैले उम्मेदवार प्रस्तुत गरे ।

प्रेश सभाको समानुपातिक प्रणालीतर्फका निर्वाचित सदस्यहरूको नाम २०७४ माघ ३ गते र प्रतिनिधिसभातर्फका समानुपातिक प्रणालीतर्फ निर्वाचितहरूको नाम २०७४ फागुन ५ गते घोषणा गरियो ।

प्रतिनिधिसभाको कुल २७५ सिटमध्ये नेकपा (एमाले)ले १२१, नेकाले ६३, नेकपा (माके)ले ५३, राजपा नेपालले १७ र संघीय समाजवादी फोरमले १६ सिट जिते । राष्ट्रिय प्रजातन्त्र पार्टी, नयाँ शक्ति पार्टी, राष्ट्रिय जनमोर्चा तथा नेपाल मजदुर किसान पार्टीले एकएक सिट जिते ।नेकपा (माके)का पोलिटब्युरो सदस्य, एक स्वतन्त्र उम्मेदवारले पनि चुनाव जिते ।

प्रदेशसभाको परिणाममा पनि प्रतिनिधिसभाको परिणाम नै झल्कन्छ, जसमा दुईवटा कम्युनिस्ट पार्टीले सातवटा प्रदेशमध्ये ६ वटामा सर्वाधिक मत प्राप्त गरे । नेकपा-एमालले प्रदेश २ बाहेक सबै प्रदेशमा सबैभन्दा बढी मतसंख्या र एक्लैले कुल सिट संख्याको झन्डै आधा सिट जित्यो ।नेकपा (माके) र नेकाले समग्रमा दोस्रो र तेस्रो सबैभन्दा बढी मत प्राप्त गरे । राजपा नेपाल र संघीय समाजवादी फोरम नेपालले मिलेर प्रदेश २ जिते, तर प्रदेश १, ५ र ७मा पनि सिट प्राप्त गरे । अरु आठवटा दलहरूको विभिन्न प्रदेशहरूमा प्रतिनिधित्व रहेको छ र आठवटा दलहरूले ११० सिट बाँडेको प्रदेश ३ राजनीतिक रूपबाट सबैभन्दा विविधतायुक्त प्रदेश भएको छ ।[6]

# ४. कानुनी खाका र निर्वाचन प्रणाली

## क. अन्तर्राष्ट्रिय सिद्धान्त र प्रतिबद्धताहरू

नेपाल मानवअधिकार र निर्वाचन सञ्चालनका सम्बन्धमा लागु हुनै अधिकांश अन्तर्राष्ट्रिय कानुनी दस्तावेजहरूको राज्यपक्ष हो । यसले अनुमोदन गरेका दस्तावेजहरूमा नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि (सन् १९९१ देखि राज्यपक्ष), महिलाविरुद्धका सबै प्रकारको विभेद अन्त्य सम्बन्धी महासन्धि (१९९१), सबै प्रकारको जातीय विभेद अन्त्य सम्बन्धी महासन्धि (१९७१), आर्थिक, सामाजिक र राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि (१९९१), बालअधिकार सम्बन्धी महासन्धि (१९९०) तथा अपांगता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धि (२०१०) हुन् । नेपालले सन् २०११ मा भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धि र अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि १६९ तथा सन् २००७ मा मा आदिवासी जनजाति सम्बन्धी महासन्धी अनुमोदन गऱ्यो ।

## ख. निर्वाचन सम्बन्धी कानुन

प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनसँग सम्बन्धित कानुनी खाका मुख्यरूपमा नेपालको संविधान २०७२ तथा प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन २०७४ र प्रदेश (राज्य )सभा सदस्यहरूको निर्वाचन ऐन २०७४ नामका दुई फरक तर उस्तै ऐनलगायतका कैयन् कानुनी दस्तावेजहरूमा छरिएर रहेको पाइन्छ । सम्बद्ध अन्य कानुनहरूमा निर्वाचन आयोग ऐन, २०७४, मतदाता नामावली ऐन २०७४, निर्वाचन (कसुर र सजाय) ऐन, २०७४ तथा राजनीतिक दल ऐन २०७४ छन् । निर्वाचन हुन मद्दत गर्ने यी सबै कानुनका अतिरिक्त नियमावली, निर्देशिका तथा आयोगका अन्य निर्देशनहरूका रूपमा धेरै प्रकारका पूरक कानुनहरू लागु गरिएका थिए । बाध्यकारी निर्वाचन आचारसंहिता २०७४ पनि जारी गरिएको थियो ।

6 प्रदेश १: नेकपा (एमाले) ५१ सिट, नेकपा (माके) १५ सिट, नेका २१ सिट, संघीय समाजवादी फोरम नेपाल ३ सिट, राप्रपा १ सिट, संघीय लोकतान्त्रिक राष्ट्रिय फोरम १ सिट र स्वतन्त्र १ सिट (कुल ९३ सिट)। प्रदेश २: नेकपा (एमाले) २१ सिट, नेकपा (माके) ११ सिट, नेका १९ सिट, संघीय समाजवादी फोरम नेपाल २९ सिट, राजपा नेपाल २५ सिट, नेपाल संघीय समाजवादी पार्टी १ सिट र स्वतन्त्र १ सिट (कुल १०७ सिट)। प्रदेश ३: नेकपा (एमाले) ५८ सिट, नेकपा (माके) २३ सिट, नेका २१ सिट, बहुजन समाजवादी पार्टी ३ सिट, नेमकिपा २ सिट, एनएसपीएन १ सिट, राप्रपा १ सिट, राप्रपा-प्रजातान्त्रिक १ सिट (कुल ११० सिट)। प्रदेश ४: नेकपा (एमाले) २७ सिट, नेकपा (माके) १२ सिट, नेका १५ सिट, राष्ट्रिय जनमोर्चा ३ सिट, एनएसपीएन २ सिट र स्वतन्त्त १ सिट (कुल ६० सिट)। प्रदेश ५: नेकपा (एमाले) ४१ सिट, नेकपा ( माके) २० सिट, नेका (१९ सिट), संघीय समाजवादी फोरम नेपाल ५ सिट, राजपा नेपाल १ सिट, राष्ट्रिय जनमोर्चा १ सिट (कुल ८७ सिट)। प्रदेश ६: नेकपा (एमाले) २० सिट, नेकपा (माके) १३ सिट, नेका ६ सिट र राप्रपा १ सिट (कुल ४० सिट)। प्रदेश ७: नेकपा (एमाले) २५ सिट, नेकपा (माके) १४ सिट, नेका १२ सिट र राजपा नेपाल २ सिट (कुल ५३ सिट)।

नेपालको संविधान २०७४ साल असोजमा जारी गरिएको भए पनि निर्वाचन कानुनको ठूलो अंश निर्वाचन हुनुभन्दा तीन महिनाभन्दा कम समय रहँदा जारी गरियो र कतिपय निर्देशिकाहरू त निर्वाचन हुनुभन्दा तीन हप्ताभन्दा कम समय बाँकी रहँदा जारी गरिएका थिए । यो हतारको परिणामस्वरूप विभिन्न खालका कानुनमा असमानताहरू थिए र यसले गर्दा कानुनलाई मूल कानुनअनुरूप भएको सुनिश्चित गर्न कानुनहरूले अघिल्ला कानुनहरूलाई संशोधन गरे । समानुपातिक प्रणाली सम्बन्धी नियमावलीमा जस्तै केहीमा मूल कानुनमा हटाइएका विवरणहरू पूरक कानुनमा हालिएका केही उदाहरण पनि थिए ।[7] समग्रमा, यसले गर्दा कानुनको समीक्षा गर्न वा प्रचार प्रसार गर्न अत्यन्त कम समय थियो । अन्तर्राष्ट्रिय सर्वोत्तम अभ्यास अनुसार निर्वाचन कानुन सकेसम्म निर्वाचन हुनुभन्दा एक वर्ष पहिले नै तय हुनुपर्छ । यसले कानुन निश्चित छ र सरोकारवालाहरूलाई यसबारे जान्ने पर्याप्त समय हुने कुरा सुनिश्चित गर्छ ।

कानुनी खाकाले नेपालले अनुमोदन गरेका अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप निर्वाचनको सञ्चालनको राम्रो आधार उपलब्ध गराउँछ । यी मापदण्डहरूले नागरिकहरूले मतदाताको इच्छाको स्वतन्त्र अभिव्यक्तिको प्रत्याभूति गर्दै गोप्य मतपत्रद्वारा अन्तर्राष्ट्रिय तथा समान मताधिकारको आधारमा सञ्चालित साँचो आवधिक निर्वाचनमा मतदान गर्न र निर्वाचित हुन पाउने अधिकार पाउनुपर्ने आवश्यक बनाउँछन् । स्वतन्त्र उम्मेदवार वा राजनीतिक दलका सदस्यहरू कसैलाई पनि निर्वाचनमा भाग लिन पाउने अधिकारमा उल्लेख्य बन्देज थिएन । तर, उम्मेदवारहरूले निर्वाचनमा प्रतिस्पर्धा गर्न पाउन २५ वर्षको उमेर हुनु आवश्यक थियो, जुन हद अन्तर्राष्ट्रिय कानुनअनुसार मान्य भए पनि सम्भवतः अनावश्यक छ ।एक भन्दा बढी निर्वाचन क्षेत्रमा निर्वाचन लड्न नपाउने व्यवस्था लागु गर्दै पछिल्लो संविधानसभा निर्वाचनयता भएको संशोधनले उम्मेदवार र मतदाताबीचको सम्पर्क अभिवृद्धि गराएको छ ।

मताधिकार पनि राम्रोसँग संरक्षित थियो र “मानसिक स्थिति ठीक नभएका व्यक्ति”लाई कानुनले मताधिकारबाट वञ्चित गराउनु यसको एउटा अपवाद थियो, जुन अपांगता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धिको उल्लंघन सरह हो । स्वतन्त्र मतदान गर्न सघाउन स्पर्शनीय मतपत्र निर्देशिकाजस्ता सुविधा नभएकाले अपांगता भएका व्यक्तिहरूका लागि मतपत्रको गोपनीयताबाट पनि वञ्चित गरिएको थियो । निर्वाचन क्षेत्रहरूमा मतदाताको संख्यामा ठूलो भिन्नता भएबाट मतभार फरक पर्नाले समान मताधिकारको हक पनि अवमूल्यन भएको थियो । सकारात्मक कुरा के हो भने, “अस्थायी मतदाता”का लागि कानुनी प्रावधान छ, जसमा नाम दर्ता गरेको ठाउँबाट टाढा रहेका निर्वाचन अधिकारीहरू, कैदी र वृद्धाश्रमका बासिन्दा छन्, जसले समानुपातिक निर्वाचनमा मतदान गर्न पाउँछन् र प्रत्यक्षतर्फको मत दिन भने उनीहरूलाई वञ्चित गरिएको छ । अस्थायी मतदानको यो कानुनी प्रावधानका बाबजुद उनीहरूले यसपटक मतदान गर्न पाएनन् ।

मताधिकार नागरिकहरूलाई प्रदान गरिएको छ । तर, नागरिकता ग्रहण गर्ने कानुनी आधार भने त्रुटिपूर्ण छ र अन्तर्राष्ट्रिय कानुनको प्रतिकूल छ । मुख्य कमजारी संविधानको धारा ११ मा पाइन्छ, जुले लिंगका आधारमा विभेद गर्दछ र यसरी महिलाविरुद्धको सबै प्रकारका विभेद उन्मूलन सम्बन्धी महासन्धिको उल्लंघन गर्दछ ।नेपाली महिलाहरूले नेपाली पुरुषहरूले जस्तै आफ्ना विदेशी जीवनसाथीलाई नागरिकता हस्तान्तरण गर्न सक्दैनन् । तसर्थ, यसले यो हैसियत पाउन सक्ने सम्भावना भएका धेरैलाई नागरिकतामाथिको पहुँच दिँदैन र यसबाट प्रभावितहरूलाई मताधिकार र निर्वाचनमा भाग लिन पाउने अधिकारबाट वञ्चित गर्दछ ।

संघसंस्था खोल्न पाउने, भेला हुन पाउने र अभिव्यक्तिको स्वतन्त्रता लगायतका राजनीतिक स्वतन्त्रताहरू कानुन र व्यवहारमा राम्रोसँग सम्मानित थिए । राजनीतिक स्वतन्त्रता भने निर्वाचन अवधिमा हिंसात्मक आक्रमणमा संलग्नहरूद्वारा बिथोलिएको थियो । संविधान र कानुनले व्यवस्था गरेको निवारक नजरबन्द सार्वजनिक सुरक्षामा खतरा ठानिएका व्यक्तिहरूको गतिविधि रोक्न प्रयोग गरिएको थियो । एघार पत्रकार एवं मतपत्र बिगार्न वकालत गर्ने केही मधेशी कार्यकर्ताको गिरफ्तारी स्वेच्छाचारी थुना सरह थियो किनभने यसको उद्देश्य राजनीतिक असहमति र निर्वाचनको विपक्षमा आएका अभिव्यक्तिलाई दबाउने जस्तो देखियो । पत्रकार र अन्य गैरहिंसात्मक कार्यकर्ताहरूलाई निर्वाचनपछि कुनै अभियोगबिना रिहा गरियो ।

[7]‘पिछडिएको’ क्षेत्र तथा अपांगता भएका व्यक्तिहरूका लागि आरक्षण प्रारम्भिक कानुनबाट हटाइएको थियो र पछि थपियो । दश प्रतिशतको अपवादको नियमका बाबजुद समानुपातिक आरक्षण प्रारम्भमा सबै दलहरूलाई लागु हुने व्यवस्था थियो र पछि यसमा संशोधन गरियो ।

## ग. निर्वाचन प्रणाली

संविधानले नेपाल एउटा स्वतन्त्र, अविभाज्य, सार्वभौम, धर्म निरपेक्ष, समावेशी, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक मुलुक हो भनेको छ। सबै सार्वभौम अधिकार नेपाली जनतामा निहित छ। संविधानमा तीनवटा सरकारका तह तोकिएको छ - कार्यकारी अधिकार मन्त्रिपरिषद्मा निहित छ, व्यवस्थापिकीय अधिकार राष्ट्रिय सभा र प्रतिनिधिसभा रहेको संघीय संसदमा निहित हुनेछ र न्यायिक अधिकार अदालतहरूमा निहित हुनेछ। राज्यको संरचना तीनवटा आधारभूत तहले बनेको छः संघीय, प्रादेशिक र स्थानीय। त्यसैगरी राज्यको अधिकार पनि विभाजन गरिएको छ।

दुई सदनात्मक संसदको तल्लो सदन प्रतिनिधिसभामा मिश्रित निर्वाचन प्रणालीबाट निर्वाचित २७५ सदस्य रहेका छन्। कुल सदस्य संख्याको ६० प्रतिशत अर्थात् १६५ सदस्यहरू १६५ वटा नै निर्वाचन क्षेत्र प्रत्येकबाट एकजना निर्वाचित हुने पहिलो हुने विजयी हुने (प्रत्यक्ष) प्रणालीमा निर्वाचित हुन्छन्। बाँकी ४० प्रतिशत् अर्थात् ११० जना पूरै देश नै एउटा निर्वाचन क्षेत्र हुने समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित हुन्छन्। नयाँ सातवटा प्रदेशसभास्थापना गर्ने निर्वाचन पनि प्रतिनिधिसभाको निर्वाचनसँगै भएको थियो। प्रदेशसभाको निर्वाचन प्रणाली पनि मिश्रित छ र यसमा पनि प्रत्यक्ष र समानुपातिकतर्फ उस्तै ६० र ४० प्रतिशत सिट संख्या रहेको छ। तदनुरूप, मतदाताले प्रतिनिधिसभा र प्रदेशसभा प्रत्येकका लागि दुईवटा भिन्दाभिन्दै प्रणालीतर्फ मत हाल्नुपर्थ्यो। समानुपातिक प्रणालीतर्फ प्रत्येक दलले पाएको सिट संख्या बाँडफाँड गर्न प्रतिनिधिसभा निर्वाचन ऐन २०७४ को अनुसूची २ मा उल्लेख गरिएको परिणाम भाज्य विधि अवलम्बन गरिएको थियो।

संविधानले धारा ८४ मा प्रतिनिधिसभाको निर्वाचन प्रणाली सम्बन्धी सामान्य सिद्धान्त तोकेको छ, जसले राष्ट्रिय सभालाई पनि प्रभावित पार्दछ।यसले समग्र संघीय संसद्मा कम्तीमा एक-तिहाई महिला सदस्य हुनुपर्ने आकांक्षा लिएको छ। राजनीतिक दलहरू संघीय संसद्मा आफ्नो समग्र प्रतिनिधित्वमा कम्तीमा एक-तिहाई महिला समावेश गर्न बाध्य छन्। संविधानको धारा १७६ ले प्रदेशसभाका लागि पनि उस्तै नियम तय गरेको छ, जसअनुसार कुनै पनि प्रदेशसभामा राजनीतिक दलहरूले कुल सदस्य संख्याको एक-तिहाई महिला प्रतिनिधित्व गराउनुपर्छ।

प्रतिनिधिसभा र प्रदेशसभा दुवैको समानुपातिक निर्वाचनमा दलित, आदिवासी जनजाति, खस आर्य, मधेशी, थारु, मुस्लिम र पिछडिएका क्षेत्रको प्रतिनिधित्वका लागि जटिल आरक्षणको व्यवस्था गरिएको छ। यी समुहहरू (वा नेपाली बोलीचालीमा क्लस्टर भनिने)लाई दलहरूले जनसंख्याका आधारमा, भौगोलिक वा क्षेत्रीय सन्तुलनलाई ध्यानमा राखी मनोनयन गर्नुपर्छ। अपांगता भएका व्यक्तिहरूलाई पनि समावेश गर्नुपर्छ तर यसका लागि यो समावेश जनसंख्याको अनुपातमा हुनु आवश्यक छैन। जनसंख्याको १.४ प्रतिशत भए पनि क्रिस्चियनहरूलाई समावेश गरिएको छैन। आरक्षण व्यवस्थाको कार्यान्वयनबारे संविधान मौन छ, तर प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचन ऐन र पूरक कानुनले यो निर्वाचनका लागि नियम तय गरेका छन्। महिलाका सम्बन्धमा संवैधानिक प्रावधान निरपेक्ष भएर कानुनहरूमा प्रतिबिम्बित भए पनि कानुनले समानुपातिक सिटको १० प्रतिशतभन्दा कम सिट जित्ने दलहरूले आरक्षण नियमलाई “हरसम्भव” पालना गर्नुपर्ने व्यवस्था गरेको छ। तसर्थ, साना दलहरूका लागि परिपालनाको हद स्पष्टरूपमा परिभाषित छैन, तर आयोगले कुनै अपवादविना आरक्षण नियमावली लागु गर्ने प्रयास गऱ्यो।

संविधानको धारा ४२ मा सामाजिक न्यायको प्रावधान छ, जसले ऐतिहासिक रूपबाट सीमान्तकृत र सुविधाविहीन विभिन्न समूहहरूलाई राज्यका निकायहरूमा सहभागी हुने अधिकार प्रदान गर्दछ। समानताको अधिकार सम्बन्धी धारा १८ ले पनि केही गरिब र सीमान्तकृत समूहहरूका लागि सकारात्मक कार्यको व्यवस्था गरेको छ। समानता र सामाजिक न्याय सम्बन्धी संवैधानिक प्रावधान र निर्वाचन प्रणाली सम्बन्धी संवैधानिक प्रावधानमा असमानता रहेको छ। समावेशीकरणका लागि समूहहरूबीच खस आर्य[8]लाई समावेश गर्ने समानुपातिक आरक्षणको प्रारूपणले वास्तवमा व्यवस्थापिकाभित्र प्रबुद्ध सामाजिक समूहको सहभागिता अभिवृद्धि गराई तिनको प्रभुत्व बढाउने कार्य गर्नेछ।समानताको प्रावधानले दीनदुखी खस आर्यलाई मात्र उल्लेख गरेको छ, तर यो योग्यता निर्वाचनको प्रावधानमा रहेको छैन।यो सम्भवतः समानता सम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डको विरुद्ध छ, किनभने महिलाविरुद्धको

[8]नेपालको संविधान, धारा ८४ (२) खस आर्यको अर्थ क्षेत्री, ब्राह्मण, ठकुरी, सन्यासी (दशनामी) समुदाय।

सबै प्रकारका विभेद उन्मूलन सम्बन्धी महासन्धि (सिड)[9] र सबै प्रकारका जातीय विभेद उन्मूलन सम्बन्धी महासन्धि (सर्ड)[10] अन्तर्गत सकारात्मक कार्य सम्बन्धी उपायहरूलाई समानता प्रवर्द्धन गर्ने उपायका रूपमा मात्र लिइएको छ ।

# ५. निर्वाचन प्रशासन

निर्वाचन आयोग नेपाल, नेपालमा निर्वाचन सञ्चालन गर्ने कार्यादेश भएको व्यापक कार्यकारी तथा नियामक अधिकार भएको स्थायी संवैधानिक निकाय हो । यो एकजना प्रमुख निर्वाचन आयुक्त र चारजना निर्वाचन आयुक्तहरू मिलेर बनेको छ ।आयुक्तहरूलाई संसदीय सुनुवाई विशेष समिति[11] को अनुमोदन र संवैधानिक परिषद्[12]को सिफारिसमा राष्ट्रपतिद्वारा एकपटकको छ वर्ष अवधिका लागि नियुक्त गरिन्छ । आयोगको राजनीतिक स्वतन्त्रता हासिल गर्ने लक्ष्य लिइएको संवैधानिक प्रावधान एकदम कमजोर छ, किनभने यसले सम्भावित आयुक्तहरू नियुक्त हुनुभन्दा ठीक अघि राजनीतिक दलको सदस्य हुन नहुने मात्र उल्लेख गरेको छ । तर, आयुक्तको नियुक्तिका लागि विद्यमान संयन्त्रले अन्तरदलीय सहमतिको व्यवस्था गरेको छ । आयोगले सामान्यतया सरोकारवालाहरूको विश्वास हासिल गरी आफ्नो कर्तव्य निष्पक्ष र दक्षतापूर्वक पूरा गऱ्यो ।

तर, आयोगको काममा पारदर्शिताको अभाव थियो । आयोगका निर्णय र बैठकका निर्णयहरू व्यवस्थित रूपमा प्रकाशित गरिएनन् । कार्यविधिका आन्तरिक नियमहरू, विस्तृत निर्वाचन तालिका र प्रशासनिक एकाइ र निर्वाचन क्षेत्रको संगठित मतदाता दर्ता तथ्यांक सार्वजनिक रूपमा उपलब्ध गराइएन । आयोगले मतदान केन्द्रमा मतदाताको सहभागिता सम्बन्धी महत्वपूर्ण सूचना प्रकाशित गरेन । महत्वपूर्ण कुरा, जिल्ला स्तरमा सरोकारवालाहरूसँगको संलग्नता राम्रो भए पनि केन्द्रीय तहमा राजनीतिक दल, नागरिक समाज र पर्यवेक्षकहरूसँगको नियमित परामर्शको कुनै संयन्त्र थिएन ।

आयोगद्वारा अस्थायी रूपमा नियुक्त निर्वाचन अधिकृतहरूको काममाथिको सुपरिवेक्षण अपर्याप्त थियो । निर्वाचन अधिकृतहरूले निर्वाचन क्षेत्र स्तरमा उम्मेदवारहरूको मनोनयन, मतदान र गणनामा प्रमुख भूमिका निर्वाह गरे । उनीहरूले आयोगको निर्देशनमा काम गर्नुपर्ने कानुनले तोके पनि न्यायाधीश सरहको उनीहरूको वरिष्ठताका कारण निर्णय कार्य प्राय निर्वाचन अधिकृतहरूमाथि नै छोडिएको थियो । आफ्नो अधिकारको प्रयोग गर्नमा आयोगको यो अनिच्छा खासगरी मतगणना केन्द्रमा पर्यवेक्षकहरूको पहुँचबारे कानुनको प्रयोगमा अनेकताको कारण बन्यो ।

यी निर्वाचनहरूका लागि पर्याप्त साधनस्रोत विनियोजन गरिएको थियो । आयोगले पुस २२ सम्ममा दाबी गरेअनुसार नेरु ५ अर्ब ६२ करोड[13] खर्च भयो । यो खर्चमा सुरक्षा सम्बन्धी खर्च समावेश छैन, जुन करिब नेरु १० अर्ब पुग्यो । तसर्थ, यी निर्वाचनको कुल खर्च नेरु १५ अर्ब ७० करोड वा प्रति मतदाता नेरु १,०२० हुन पुग्यो ।

पहिलो निर्वाचन मितिभन्दा ९७ दिनअघि मात्र सरकारले निर्वाचनको मिति तय गरे पनि आयोगले दुई चरणमा निर्वाचन सम्पन्न गर्न सफल भयो ।यसले निर्वाचन सञ्चालन गर्न कठिन समयसीमा दियो र आवश्यक कानुन पारित गर्नमा भएको ढिलाइले यसलाई अझ अप्ठ्यारो बनायो । चारवटा मतपत्रको प्रारूपण र छपाइको विषय धेरै असमन्जसको विषय भयो र अन्ततः यसले बदर मतको संख्यालाई प्रभाव पाऱ्यो । छपाइको भार कम गर्न आयोगले प्रारम्भमा प्रत्यक्ष निर्वाचनतर्फको दुईवटा मतपत्र एउटै पत्रमा र समानुपातिकतर्फको दुईवटा एउटै

---

[9]सिड धारा ४ ले पुरुष र महिलाबीच समानता प्रवर्द्धन गर्ने विशेष उपायहरूलाई कानुनी मान्यता प्रदान गर्छ ।
[10]सर्ड धारा १(४) र धारा २(२)ले संरक्षण आवश्यक भएका जातीय समूहहरूमा समानता प्रवर्द्धन गर्ने विशेष उपायहरूलाई कानुनी मान्यता प्रदान गर्छ ।
[11]छ सदस्यीय परिषद्मा प्रधानमन्त्री, प्रधानन्यायाधीश, सभामुख, उपसभामुख तथा प्रतिनिधिसभामा विपक्षी दलका नेता तथा राष्ट्रिय सभाका अध्यक्ष रहन्छन् । हाल राष्ट्रिय सभामा निर्वाचित हुन बाँकी पाँचजना सदस्य मात्र छन् ।
[12]लामो राजनीतिक बहसपछि सन् २०१६ जुनमा अन्तरदलीय संसदीय समिति गठन भएको थियो ।
[13]आयोगका अनुसार, केही बाँकी तिरोधरो पूरा भएपछि यो आँकडा बढ्न सक्छ ।

पत्रमा छाप्ने निर्णय गऱ्यो । सर्वोच्च अदालतको हस्तक्षेपले प्रत्यक्षतर्फका मतपत्रहरू दुईवटा भिन्दै पत्रमा छापियो भने पहिल्यै छापिइसकेको हुनाले समानुपातिकतर्फका दुईवटा मतपत्र एउटै पत्रमा रहे ।[14]

उत्पन्न बन्दोबस्ती समस्या[15]र कठिन भौगोलिक र मौसमी कठिनाइले तयारीलाई थप जटिल बनायो । तथापि, दुईवटै निर्वाचनका लागि सबै प्राविधिक तयारी समयमै पूरा भए । तर, यसमा उल्लेख्य अपवाद भनेको क्रमशः पहिलो निर्वाचन दिन र मतगणनाको प्रारम्भ हुनु भन्दा दुई हप्ता भन्दा कम अवधि बाँकी हुँदा प्रकाशित अत्यावश्यक मतदान तथा गणना निर्देशिकाहरूको ढिलो गरी भएको प्रकाशन थियो । तसर्थ, सरोकारवालाहरू, राजनीतिक दल र खासगरी उम्मेदवारका प्रतिनिधिहरूलाई यस प्रक्रियाको यो महत्वपूर्ण भागका रूपमा रहेका कार्यविधिहरूसँग परिचित हुन सीमित समय प्राप्त भयो । त्यसबाहेक, मतदान कर्मचारीहरूलाई दिइएको तालिमको गुणस्तर भिन्न थियो र केही ईयु पर्यवेक्षक टोलीले यो कमजोर रहेको बताए । मतगणना कर्मचारीहरूका लागि कुनै व्यवस्थित तालिम प्रदान गरिएको थिएन ।

मतदान र गणना निर्देशिकाहरूमा प्रक्रियाको विश्वसनीयता सुनिश्चित गर्ने उद्देश्यले कैयन् सुरक्षाका कुराहरू समावेश थिए । यिनमा सरकारद्वारा जारी गरिएका फोटोयुक्त परिचयपत्र, रंगीन तस्बिरयुक्त मतदाता सूची प्रस्तुत गर्नुपर्ने तथा प्रतिनिधि र पर्यवेक्षकहरूलाई पहुँच समावेश जस्ता बाध्यात्मक व्यवस्था थिए । तर, खासगरी मतपत्रको मिलानका सम्बन्धमा कार्यविधिगत कमजोरी विद्यमान छन्, जुन कुरा पारदर्शिताका लागि हानिकारक हुन्छ र यसले प्रक्रियालाई राजनीतिक प्रतिस्पर्धीहरूबाट दुर्व्यवहार हुने जोखिम बढाउँछ ।

मतदाता सूचीमा चिह्न लगाइएका मतदाताको संख्या, प्रयोग भएको मतपत्रको संख्या र मतपेटिकामा पाइएका मतपत्रको संख्याबीच अर्थपूर्ण मिलान गरिएन । मतदान अधिकृतले पाएको, प्रयोग नभएको, जारी भएको र अवैध (खाली फिर्ता आएका, मतपेटिका बाहिर पाइएका, आदि) मतपत्रको तथ्यांक राख्नुपर्थ्यो । तर, मतदाता सूचीमा चिह्न लगाइएका मतदाताको संख्या गणना गर्ने र त्यसलाई प्रयोग गरिएको (जारी भएको र अवैध)मतपत्रसँग भिडाएर हेर्नु आवश्यक गरिएको थिएन । मतगणना केन्द्रहरूमा, प्रत्येक मतपेटिकामा पाइएका मतपत्रको संख्याको रेकर्ड राखिनुपर्थ्यो, तर यो तथ्यांकलाई अवैध मतपत्रलाई घटाएर जारी भएको मतपत्र सम्बन्धी मतदान केन्द्रको तथ्यांकलाई भिडाएर हेरिएन र फरक परेमा कसरी अगाडि बढ्ने भन्ने कुनै कार्यविधि पनि थिएन । निर्देशिकाहरूमा अविश्वसनीय रूपबाट बढी वा कम सहभागिता भएको मतदान केन्द्रको जाँच गर्ने कुनै संयन्त्रको समेत अभाव थियो ।

वैध मतको निर्धारण अन्तर्राष्ट्रिय असल अभ्यास अनुसार छैन, जस्तै, मतदाताको स्पष्ट नियत देखिने सबै मतपत्रहरू वैध मानिन्छन् । विद्यमान कानुनअनुसार, स्वस्तिक छाप लगाइएको मतपत्र मात्र वैध मानिन्छ । बुढी औंठा, कलम जस्ता अन्य कुनै पनि प्रकारबाट चिह्न लगाइएको मतपत्र बदर हुन्छ ।

पर्यवेक्षकहरूका लागि नयाँ अनलाइन प्रमाणीकरण प्रणाली बोझिलो थियो । सुरक्षा सम्बन्धी सरोकार देखाउँदै आयोगले पर्यवेक्षकहरूको परिचालनलाई एउटा प्रदेशमा मात्र सीमित गरेर पर्यवेक्षकहरूमाथि अनुचित बन्देज लगायो । यो कुरा प्रमाणीकरण कार्यविधिको आवश्यकता भन्दा बढी थियो र यसले राष्ट्रिय र अन्तर्राष्ट्रिय दुवै पर्यवेक्षकहरूको काममा बाधा पाऱ्यो ।

# ६. निर्वाचन क्षेत्रको सिमाना निर्धारण

निर्वाचन क्षेत्र सिमाना निर्धारण आयोगले पुरानो वि.सं. २०६८ सालको राष्ट्रिय जनगणनाको तथ्यांकका आधारमा४२ दिनको अत्यन्त छोटो अवधिमा २०७४ साउन-भदौमा आफ्नो काम पूरा गऱ्यो । प्रत्यक्षतर्फको निर्वाचन क्षेत्रहरूमा दर्ता भएका मतदाताको संख्यामा ठूलो भिन्नता रहेबाट समान मताधिकारको पूर्ण व्यवस्था

[14]त्यसबाहेक, मतपत्रमा नाम रहित निर्वाचन चिह्नहरू रहेका थिए । निर्वाचनमा सहभागी हुन दलहरूले जति चाँडो आफ्नो अभिरुचि व्यक्त गरे त्यसअनुरूप समानुपातिकका मतपत्रहरू छापिएका र चिह्नहरू बाँडिएका थिए । प्रतिनिधिसभाकालागि ८८ दलहरूमध्ये ४९ वटाले मात्र अन्ततः आफ्नो सूची बुझाए, त्यसैले सहभागी नहुने दलहरूका ३९ वटा चिह्नहरू थिए ।

[15]तेसो मतपत्र राख्नाले मतदाता शिक्षा, मतदान र गणना निर्देशिकालाई अन्तिम रूप दिने कार्य तथा कर्मचारीहरूलाई तालिम दिनमा ढिलाइ भयो । प्रत्येक मतदान केन्द्रमा एउटा थप मतपेटिका र एकजना अतिरिक्त कर्मचारी थप्नुपर्ने भयो ।

गरिएको छैन । प्रत्यक्षतर्फको सबैभन्दा ठूलो संघीय निर्वाचन क्षेत्रमा सबैभन्दा सानो निर्वाचन क्षेत्रभन्दा झन्डै २६ गुणा बढी मतदाता छन् ।[16] एक सय पैंसट्ठी संघीय निर्वाचन क्षेत्रमध्ये ८७ (५३ प्रतिशत) संघीय निर्वाचन क्षेत्रको राष्ट्रिय औसत ९३,५०३ मतदाताबाट १५ प्रतिशत तलमाथि छन् । सबै सातवटा प्रदेशसभामा त्यस्तै खालको भिन्नता रहेको छ ।[17] यो असमानताको मुख्य कारण जनसंख्या जति भए पनि ७७ जिल्लामध्ये प्रत्येकमा कम्तीमा एउटा संघीय निर्वाचन क्षेत्र हुनै पर्ने पूर्वावश्यकता हो ।

# ७. मतदाता दर्ता

निर्वाचनको घोषणा भएको दिन अर्थात् २०७४ भदौ ५ गते १८ वर्ष पुगेको, नागरिकताको प्रमाणपत्र लिएको र कुनै पनि निर्वाचन क्षेत्रमा स्थायी बसोबास भएको कुनै पनि नेपाली नागरिकलाई निर्वाचनका लागि नाम दर्ता गर्ने अधिकार थियो । दर्ता भएको प्रत्येक मतदातालाई निर्वाचनको दिन आफ्नो योग्यता प्रमाणित गर्न मतदाता परिचय पत्र प्राप्त गर्ने अधिकार थियो ।

आयोगसँग बायोमेट्रिक मतदाता दर्ता किताब राख्ने समग्र जिम्मेवारी रहेको छ । मतदाता दर्ता एउटा सक्रिय र निरन्तर प्रक्रिया हो र यो जिल्ला निर्वाचन कार्यालयमा गरिन्छ । राजनीतिक दलहरूको दबाबपछि, आयोगले साउन १५ देखि भदौ ४ गतेसम्म ७५३ वटा नयाँ स्थापित स्थानीय एकाइमा थप दर्ता केन्द्र स्थापना गऱ्यो । यो प्रयासस्वरूप१३ लाख ७० हजार नयाँ दर्तावाला थपिए, जुन संख्या स्थानीय निर्वाचनका लागि दर्ता भएका मतदाता संख्यामा ९.८ प्रतिशत वृद्धि थियो ।

आयोगले नयाँ दर्ता भएका र स्थानान्तर भएका मतदाता तथा क्षति भएका वा हराएका कार्डका लागि निवेदन दिएका समेत २२ लाख मतदाता परिचयपत्र उत्पादन गऱ्यो । ती कार्डहरूपहिलो चरणमा मंसिर ८ र ९ गते तथा दोस्रो चरणमा मंसिर १९ र २० गते मतदान केन्द्रहरूमा वितरण गरियो । तर, २०७४ सालको स्थानीय निर्वाचनमा जस्तै धेरै कार्डहरू संकलन गरिएनन् र मंसिर ९ गते आयोगले दर्ता भएका मतदाताहरूलाई सरकारद्वारा जारी गरिएइका नागरिकता प्रमाणपत्र, सवारी चालक प्रमाणपत्र वा राहदानीजस्ता कुनै पनि तस्बिरयुक्त परिचयपत्रको प्रयोग गरेर दुईवटै दिनको निर्वाचनमा मतदान गर्न अनुमति प्रदान गऱ्यो । अन्तिम समयमा गरिएको यो निर्णय मतदान केन्द्रका कर्मचारीहरूसँग राम्रोसँग सञ्चार भएको देखियो । यससम्बन्धमा कुनै समस्या सुनिएन ।

मतदान केन्द्र[18] अनुसार छुट्याइएको पूर्ण मतदाता सूची अनलाइनबाट हेर्न सकिन्थ्यो र इन्टरनेटको पहुँच भएका मतदाताले आयोगको वेबसाइटबाट वा मोबाइल एप्लिकेसनमार्फत् आफ्नो दर्ताको अवस्था र मतदान केन्द्रको ठेगाना हेर्न र परीक्षण गर्न सक्थे । अन्तिम मतदाता सूचीमा १,५४,२७,९३६ मतदाताको नाम समावेश थियो, जुन मतदान गर्ने उमेर पुगेका कुल मतदाताको ९० प्रतिशत भएको अनुमान गरिन्छ । तर, वास्तविक दर्ता दर कम छ, किनभने सूचीबाट मृतकको नाम हटाउने कुनै प्रभावकारी व्यवस्था छैन । हटाउने कार्य पूर्णतया मृतक व्यक्तिको परिवारका सदस्यहरूको पहलमा छोडिएको छ र उनीहरूलाई यो सूचना आयोगमा रिपोर्ट गरेबापत कुनै पनि प्रकारको प्रोत्साहनको व्यवस्था छैन । अन्तिम मतदाता दर्ता पुस्तिकामा महिलाको केही कम दर्ता भएको देखिन्छ, किनभने वि.सं. २०६८ को राष्ट्रिय जनगणनाअनुसार उनीहरूको कुल जनसंख्यामा ५१.५ प्रतिशत प्रतिनिधित्व भए पनि दर्ता भएका मतदाता संख्यामा उनीहरूको प्रतिनिधित्व ४९.६ प्रतिशत मात्र छ ।

यो निर्वाचनमा मताधिकार अत्यधिक मात्रामा सीमित गरिएको थियो, किनभने निर्वाचनको कार्यमा खटिएका निर्वाचन कर्मचारी र सुरक्षा कर्मचारीहरू, कैदी र वृद्धाश्रमका बासिन्दासमेत कुल मतदाताको तीन प्रतिशत अर्थात् कम्तीमा पाँच लाख सम्भावित मतदाताहरूलाई मतदान गर्ने अधिकार दिइएको थिएन । कानुनमा यी समूहलाई

[16]रामेछाप-१ मा १,५२,५५९ दर्ता भएका मतदाता र मनाङ-१ मा ५,८८१ ।

[17]प्रदेश १ मा ४३ प्रतिशत, प्रदेश २ मा २० प्रतिशत, प्रदेश ३ मा ७४ प्रतिशत, प्रदेश ४ मा ५८ प्रतिशत, प्रदेश ५ मा ४६ प्रतिशत, प्रदेश ६ मा ७१ प्रतिशत र प्रदेश ७ मा ३१ प्रतिशत प्रत्यक्षतर्फका निर्वाचन क्षेत्रहरू प्रत्येक प्रादेशिक निर्वाचन क्षेत्रमा रहेका दर्ता भएका मतदाताहरूको औसतभन्दा १५ प्रतिशतभन्दा बढीले तलमाथि भएका थिए ।

[18]तर, मतदान केन्द्रहरू प्रशासनिक एकाइ र निर्वाचन क्षेत्रअनुसार छुट्याइएका थिएनन् ।

अस्थायी मतदाताका रूपमा हेरी समानुपातिक प्रतिनिधित्व प्रणालीअन्तर्गत मात्र मतदान गर्ने अधिकार दिइएबाट यो विशेष रूपमा नराम्रो थियो ।

दर्ता गर्ने अन्तिम दिन भदौ ५ गतेदेखि निर्वाचनको मितिसम्म १८ वर्ष उमेर पुगेका करिब १,७०,००० युवाले दर्ता भएको दिन १८ वर्ष पुग्नुपर्ने कानुनी आवश्यकताका कारण आफ्नो नाम दर्ता गर्न पाएनन् । त्यसबाहेक, मतदाता दर्ता स्थानान्तरण गर्ने पूर्वावश्यकता अत्यन्त बन्देजात्मक छ ।[19] एउटा ठाउँबाट अर्को ठाउँमा दर्ता स्थानान्तरण गर्न चाहने मतदाताले स्थानान्तरण प्रमाणपत्र, जग्गा पुर्जा र घर निर्माण सम्पन्नताको प्रमाणपत्र, बिजुलीको बिल वा महिला भए विवाह दर्ता प्रमाणपत्र प्रमाणका रूपमा उपलब्ध गराउनुपर्छ । तसर्थ, भाडाको घरमा बस्ने वा अनौपचारिक बस्तीमा बस्ने मतदाताहरूले आफ्नो दर्ता स्थानान्तर गर्न सक्दैनन् ।

विदेशमा काम गर्ने अनुमानित २०-३० लाख पुरुषहरू मतदान गर्न नपाउने सम्भावना भएको अर्को ठूलो समूह हो । देशबाहिर मतदानको मतदान थिएन र मतदानका लागि घर फर्कनु अत्यन्त खर्चिलो हुन्छ । साथै, काठमाडौं र अन्य सहरी क्षेत्रमा बसेर काम गरिरहेका र यी ठाउँमा स्थायी बसोबास नभएका धेरै नेपालीहरूले लामो दूरी र खर्चका कारण आफूले दर्ता गराएको मूलथलोमा जान नपाएको हुन सक्छ ।

मतदाता हुनका लागि नागरिकताको प्रमाणपत्र हुनु एउटा पूर्वावश्यकता हो । तर, नागरिकताको परिभाषा र प्रमाणपत्र प्राप्त गर्ने कुरा अत्यन्त संवेदनशील विषय हो । यो कुरा खासगरी तराईमा लागु हुन्छ, जहाँ मधेशी समूहले यी कागजपत्र हासिल गर्न प्रशासनिक कठिनाइ एवं कानुनी अड्चनको सामना गर्नुपरेको बताएका छन् ।[20] महिला, कानुन र विकास मञ्चद्वारा सन् २०१५ मा गरिएको एउटा अध्ययनअनुसार नागरिकताको प्रमाण नभएका योग्य जनसंख्या अत्यन्त उच्च अर्थात् ५४ लाख र १६ वर्षभन्दा माथिका योग्य जनसंख्याको २४ प्रतिशत रहेको छ ।

# ८. राजनीतिक दलहरूको दर्ता तथा उम्मेदवारी मनोनयन

## क. राजनीतिक दल दर्ता

नेपालको संविधानले राजनीतिक दल गठन गर्ने र सञ्चालन गर्ने व्यक्तिहरूको अधिकारलाई दृढ रूपमा स्वीकार गरेको छ । यो कुरा दस्तावेजको सुरुवात, प्रस्तावनादेखि लिएर संविधानभर नै चलेको छ । धारा १७ को सामान्य मानवअधिकारदेखि लिएर स्वतन्त्रतामा प्रत्येक नागरिकको राजनीतिक दल खोल्न पाउने अधिकार रहेको स्पष्ट वाक्य परेको छ । नेपालको एकतालाई खलल पार्ने वा जातीय, धार्मिक र अन्य सामाजिक समूहहरूबीचको सौहार्दपूर्ण सम्बन्धमा खलल पार्न प्रयोग गरिए यो स्वतन्त्रतामा बन्देज लगाउन सकिन्छ । राजनीतिक दलहरूलाई आफ्नो नीतिमा एकदलीय राज्यको उपलब्धिको पक्षमा वकालत गर्न अनुमति पनि दिइएको छैन ।

राजनीतिक दलको दर्ता गर्ने जिम्मेवारी आयोगमा रहेको छ । दलहरू आफ्नो आन्तरिक कार्यसञ्चालनमा लोकतान्त्रिक हुनुपर्छ, उनीहरूले समावेशीलाई प्रवर्द्धन गर्नुपर्छ र राजनीतिक दल सम्बन्धी ऐन २०७४ मा उल्लिखित कार्यसञ्चालन सम्बन्धी धेरै अन्य नियमहरूको पालना गर्नुपर्छ । अघिल्लो कानुनी नियमभन्दा उदार भएर यस ऐनले राजनीतिक दल गठन गर्न अपेक्षाकृत सजिलो बनाएको छ । दलका रूपमा दर्ता हुनका लागि दलका कम्तीमा ५०० समर्थक हुनुपर्छ । राजनीतिक दल गठनमा भएको सरलताका कारण हाल आयोगमा दर्ता भएका राजनीतिक दलहरूको कुल संख्या १२४ पुगेको छ । पहिले यो १३० थियो, तर केही दलहरू एक अर्कामा गाभिएका छन् ।

[19]सन् २०१७ मा ३५,०५७ मतदाता, अर्थात् कुल मतदातामध्ये ०.२ प्रतिशतले मात्र आफ्नो दर्ता स्थानान्तर गरे ।
[20]http://fwld.org/wp-content/uploads/2016/06/Acquisition-of-Citizenship-Certificate-in-Nepal-Estimation-and-Projection.pdf

### ख. उम्मेदवार मनोनयन

उम्मेदवार हुन निम्न योग्यता पुगेको हुनुपर्छः नेपाली नागरिक, दर्ता भएको मतदाता, कम्तीमा २५ वर्ष उमेर पुगेको, संघीय कानुनअनुसार अयोग्य नभएको तथा लाभको पद नलिएको ।[21]प्रदेशसभाका उम्मेदवारहरूका लागि सोही प्रदेशमा दर्ता भएको मतदाता हुनुपर्ने अतिरिक्त आवश्यकता छ । उम्मेदवार र राजनीतिक दलहरूले उम्मेदवारी शुल्क बुझाउनुपर्छ, जुन शुल्क उम्मेदवारले कुल सदर मतको १० प्रतिशत ल्यायो भने र राजनीतिक दलले १ प्रतिशत ल्यायो भने फिर्ता हुन्छ ।[22]

समानुपातिक बन्द सूचीलाई एकत्रित गर्ने जटिलताका कारण आयोगले महिला र कतिपय सामाजिक र जातीय समूहको बाध्यकारी संख्यासमेतको आ-आफ्ना बन्द सूची एकत्रित गर्न दलहरूलाई सहायता गर्‍यो । प्रतिनिधिसभाको समानुपातिक निर्वाचनमा लागु हुने आरक्षणमा महिला (५० प्रतिशत), दलित (१३.८ प्रतिशत), आदिवासी जनजाति (२८.७ प्रतिशत), खस आर्य (३१.२ प्रतिशत, मधेशी (१५.३ प्रतिशत), थारु (६.६ प्रतिशत) र मुस्लिम (४.४ प्रतिशत) छन् ।प्रदेशसभाको समानुपातिक निर्देशिकाले सम्बन्धित प्रदेशको जनसांख्यिक संरचनाअनुरूप निर्धारण गरी सातवटै प्रदेशका लागि विस्तृत आरक्षणको व्यवस्था गरेको छ ।

उम्मेदवार मनोनयन प्रक्रिया मंसिर ३ गते पूरा भयो । आयोगले सबै उम्मेदवारहरूको सूची आफ्नो वेबसाइटमा प्रकाशित गर्‍यो । समग्रमा, १,९४५ उम्मेदवार प्रतिनिधिसभाको प्रत्यक्षतर्फको १६५ सिटमा र ३,२३८ उम्मेदवार प्रदेशसभाका ३३० प्रत्यक्षतर्फको सिटमा लडे । प्रतिनिधिसभाको ११० समानुपातिक सिटका लागि ४९ राजनीतिक दलहरूले २,२७३ उम्मेदवार रहेको बन्द सूची पेस गरे । सात वटा प्रदेशसभाको २२० समानुपातिक सिटका लागि ४१ राजनीतिक दलले ३,७१२ उम्मेदवार सहितको १७२ बन्द सूची पेस गरे । विवादास्पद अयोग्यता घोषित गरिएको एउटा मात्र मुद्दा सर्वोच्च अदालतमा परेको र अयोग्यता घोषित गर्ने कार्यलाई स्वीकार नगरिएको घटनाबाहेक सामान्यतया, उम्मेदवार मनोनयन प्रक्रिया सहज रूपमा अगाडि बढ्यो ।

निर्वाचन चिह्न बाँडफाँड गर्ने तथा मतपत्रमा चिह्न दिने प्रणालीले स्वतन्त्र उम्मेदवार तथा गैर संसदीय र नयाँ राजनीतिक दलहरूलाई विभेद गर्दछ । प्रत्यक्षतर्फका स्वतन्त्र उम्मेदवारहरूलाई निर्वाचनको मितिभन्दा एक महिनाअघि मात्र निवाचन चिह्न वितरण गरियो ।[23] मतपत्रमा उम्मेदवारको नाम वा तस्बिर नराखिएको हुनाले यसले प्रभावकारी रूपमा प्रचार प्रसार गर्ने उनीहरूको क्षमतामा गम्भीर प्रभाव पार्‍यो । त्यसबाहेक, उनीहरूले आयोगल छानेर अनुमोदन गरेका सीमित संख्याका चिह्नहरूबाट छान्नुपर्ने थियो । सबै तीनवटा मतपत्रमा राखिएका चिह्नहरू अघिल्लो संसद्मा राजनीतिक दलहरूको प्रतिनिधित्वको बलको हिसाबले तयार गरिएको थियो । गैरसंसदीय र नयाँ राजनीतिक दल वा स्वतन्त्र उम्मेदवारहरूको चिह्न त्यसपछि मात्र थिए ।

## ९. नागरिक तथा मतदाता शिक्षा

गम्भीर प्रयासका बाबजुद आयोग तथा अन्य सरोकारवालाहरूद्वारा सञ्चालित मतदाता शिक्षा अपर्याप्त थियो र केही क्षेत्रमा त छँदै थिएन ।प्रत्यक्षतर्फका अतिरिक्त मतपत्र छाप्नुपर्ने भएबाट उत्पन्न कार्यसञ्चालनका चुनौतीहरूका कारण प्रभावकारी मतदाता शिक्षाका लागि प्रशस्त समय नभएको आयोगले सार्वजनिक रूपमा बतायो । मतदाताले तीनवटा मतपत्रमा चारवटा मतदान गर्नुपर्ने यो निर्वाचनको जटिलतालाई विचार गर्दा यो खास चिन्ताजनक थियो । प्रत्येक मतदान केन्द्रमा एकजना हुने गरी करिब २०,००० मतदाता शिक्षकलाई भर्ना गरी, तालिम दिई कार्यस्थलमा खटाइयो र उनीहरूलाई पहिलो चरणको निर्वाचन दिनभन्दा अघि घरदैलो भ्रमण गर्न १५ दिनको मात्र समय थियो । त्यसबाहेक, यी तल्लोस्तरसम्म पुग्ने मतदाता शिक्षकहरू अधिकांश सरकारी

[21]लाभको पद भन्नाले सरकारी कोषबाट तलब वा आर्थिक लाभ लिने, निर्वाचन वा मनोनयनबाट हासिल नगरेको कुनै पनि पद भन्ने बुझिन्छ ।

[22] उम्मेदवारी शुल्क प्रतिनिधिसभाको प्रत्यक्षतर्फको उम्मेदवारलाई नेपाली रूपैयाँ १०,००० र समानुपातिक बन्द सूचीका लागि नेरु ५०,००० तथा प्रदेशसभाको निर्वाचनका लागि प्रत्यक्षतर्फको उम्मेदवारलाई नेरु ५,००० र समानुपातिक बन्द सूचीका लागि नेरु २५,००० थियो । महिला, दलित, सीमान्तकृत समुदाय र आर्थिक रूपबाट कमजोर उम्मेदवारहरूका लागि सो शुल्कमा आधा कटौती गरिएको थियो ।

[23] राजनीतिक दलद्वारा मनोनीत प्रत्यक्षतर्फका उम्मेदवारले परम्परागत र प्राय चिनिएका दलका चिह्न लिए । नयाँ स्थापित दल र तिनका प्रत्यक्षतर्फका उम्मेदवारहरूलाई स्वतन्त्र उम्मेदवारहरू भन्दा कम्तीमा४० दिनअघि चिह्न दिइएको थियो ।

कर्मचारी थिए जो आफ्नो नियमित जागिर समयपश्चात् मात्र मतदाता शिक्षामा खटाइन सक्थे । केही क्षेत्रमा, ईयु पर्यवेक्षकहरूले मतदाता शिक्षा सामग्रीको अभाव र स्थानीय भाषामा तिनको अभाव रहेको प्रतिवेदन गरे । मतदाता शिक्षाको गुणस्तरका दुईवटै सूचकांकहरू - मतदाताको सहभागिता र बदर मतको दर - सन् २०१३ को संविधानसभाको निर्वाचनको तुलनामा अझ नकारात्मक भए ।

नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धिको धारा २५ ले नागरिकहरूले सार्वजनिक मामिलाको सञ्चालनमा भाग लिन पाउनुपर्ने व्यवस्था गरेको छ। यसलाई निरक्षरता तथा गरिबीजस्ता अवरोधहरूले राजनीतिक सहभागितामा अड्चन ल्याउन नहुने अर्थ लाग्छ भनी व्याख्या गरिएको छ । मतदाता शिक्षासँगै नागरिक शिक्षा पनि अर्थपूर्ण रूपमा निर्वाचनमा नागरिकको सहभागिता सुनिश्चित गर्न महत्वपूर्ण हुन्छ । मत खरिद जस्ता निर्वाचनका नराम्रा अभ्यासहरूले निर्वाचकहरूप्रति निर्वाचित प्रतिनिधिहरूको जवाफदेहिताको अवधारणाको विकासमा अवरोध ल्याएको छ। नागरिक शिक्षाले निर्वाचन प्रक्रिया एवं नयाँ संघीय संरचना र संस्थाहरूबारे बृहत्तर रूपमा बुझ्न मद्दत गर्न सक्छ। नागरिकहरूलाई उनीहरूको राजनीतिक अधिकार तथा आफ्ना निर्वाचित प्रतिनिधिहरूको भूमिकाबारे थाहा पाउन बृहत् नागरिक शिक्षा कार्यक्रम अत्यावश्यक छन् ।

# १०. निर्वाचन प्रचार प्रसारको वातावरण

उम्मेदवार र प्रचार प्रसारका कार्यक्रमहरूमाथि शृंखलाबद्ध रूपबाट हिंसात्मक आक्रमण भए पनि संघसंस्था खोल्न पाउने, भेला हुन पाउने र अभिव्यक्तिको स्वतन्त्रतालगायतको राजनीतिक स्वतन्त्रता कानुन र व्यवहारमा राम्रोसँग सम्मानित भएका थिए । नेपालभर, खासगरी प्रदेश १ र ३ मा कात्तिक २१ देखि मंसिर २१ गतेसम्म १५० भन्दा बढी हिंसात्मक घटनाहरू भए । दुईवटा निर्वाचनका दिनअघि घटनाको संख्यामा वृद्धि भयो ।

घरेलु विस्फोटक उपकरणबाट भएका आक्रमणहरू वाम गठबन्धनका ३४ उम्मेदवार र नेकाका ३४ उम्मेदवारका साथै अन्य राजनीतिक दलका आठ उम्मेदवारहरूप्रति लक्षित थिए । तिनमा प्रधानमन्त्री देउवा र नेकपा (एमाले)का अध्यक्ष तथा नेकपा (माके)का अध्यक्ष सम्मिलित जुलुसमा भएका आक्रमण समावेश थिए । मंसिर ८ गते पूर्व स्वास्थ्यमन्त्री एवं नेकाका उम्मेदवार गगन थापा काठमाडौंमा घरदैलो अभियानमा रहेका बेला घरेलु विस्फोटकबाट घाइते भए । मतदान केन्द्र र निर्वाचन कार्यालयहरूमा २९ वटा आक्रमणहरू भए । सप्तरी र कैलाली जिल्लाका दुईवटा प्रहरी चौकीसमेत लक्षित सार्वजनिक स्थलमा ४८ वटा घरेलु विस्फोटक सामग्रीबाट आक्रमण गरियो । यी आक्रमणहरूमा परी ५१ जना घाइते भए । मंसिर १३ गते, प्रधानमन्त्री शेरबहादुर देउवा सहभागी हुने कार्यक्रम रहेको दाङ जिल्लामा आयोजित नेकाको कार्यक्रम स्थल नजिक भएको घरेलु विस्फोटक सामग्रीको विस्फोटनबाट लागेको चोटका कारण एकजना अस्थायी प्रहरी कर्मचारीको मृत्यु भयो ।

निर्वाचन अवधिभर निर्वाचन बिथोलेको आरोपमा झन्डै १,००० जनालाई निवारक नजरबन्दमा राखिएको थियो ।निर्वाचनको दिन मधेशी कार्यकर्ता सी.के. राउतलाई पक्राउ गरेको विरोधमा भएका केही विरोध प्रदर्शन बाहेक यो प्रचलनको अत्यन्त कम विरोध भयो। राजनीतिक दलहरूबीचको सम्बन्ध सामान्यतया देशभर शान्तिपूर्ण थियो र राजनीतिक प्रतिद्वन्द्विता केवल निर्वाचनका सन्देशहरूमार्फत् व्यक्ति गरिएका थिए । छिटपुट भिडन्तका घटनाहरू भने आएका थिए ।

निर्वाचनको मिति घोषणा भएपछि राजनीतिक दलहरूले आफ्ना समर्थकहरूलाई खटाउन थाले र पहिलो चरणको निर्वाचनका लागि कात्तिक ५ गते तथा दोस्रो चरणका निर्वाचनका लागि कात्तिक १६ गते उम्मेदवारीका लागि मनोनयन दर्ता गरिएपछि निर्वाचन प्रचार प्रसार तीव्र भयो । निर्वाचन प्रचार प्रसारमा व्यापक स्वतन्त्रता भए पनि निर्वाचन आचासंहिताले खर्चको सीमा तोक्दै उम्मेदवार र राजनीतिक दलहरूलाई प्रचार प्रसारका सम्बन्धमा गर्न नहुने व्यापक नियमहरू प्रस्तुत गऱ्यो । ती सीमाहरूमा टीसर्ट र टोपीमा निर्वाचन चिह्न देखाउन नपाइने र पोस्टर तथा झण्डाहरू सीमित आकारको हुनुपर्नेलगायतका कुराहरू थिए । राजनीतिक दलहरूले सामान्य सीमाको सम्मान गर्नुका साथै प्रचार प्रसारको खर्च कम हुनुपर्ने गरी लगाइएको बन्देजहरूप्रति सन्तोष व्यक्त गरे । तर, निर्वाचन खर्चजस्ता संहिताका बढी गम्भीर पक्षहरूको भने उत्तिकै सम्मान गरिएन ।

संहितामा मत खरिद स्पष्टसँग प्रतिबन्ध गरिएको भए पनि मतदाताहरूलाई पैसा र अन्य खालको उपहार दिइयो भन्ने आरोपहरू व्यापक रूपमा सुनिए । आचारसंहिताले मौन अवधि पनि लागु गऱ्यो । यी मौन अवधिलाई पहिलो

र दोस्रो चरणको मतदानमा ठूलो मात्रामा सम्मान गरिएको भए पनि ईयु पर्यवेक्षकहरूले अपवादस्वरूप केही घरदैलो कार्यक्रमहरू भएको प्रतिवेदन गरे ।

निर्वाचन प्रचार प्रसारका प्रारम्भिक दिनहरूमा पोस्टर र बिलबोर्डहरू प्राय थिएनन् र क्रमशः प्रचार प्रसार बढी खुल्दै गयो । उम्मेदवारहरूले आफ्ना कार्यक्रमबारे बताउने र मतदाताका प्रश्नको जवाफ दिने घरदैलो अभियान र सडक भेलाहरूप्रचार प्रसारका सबैभन्दा आम रूप थिए । मंसिर लागेपछि तीनवटा प्रमुख दलहरूले बढी ठूलो स्तरमा जुलुस र आमसभाहरू गरे जसमा दलका राष्ट्रिय नेताहरूले भाग लिए । ईयु ईओएमले सबै सातवटा प्रदेशहरूमा गरी १२० वटा आमसभा र जुलुसहरूको अवलोकन गऱ्यो जसमध्ये १५ वटा पहिलो चरणका र १०५ वटा दोस्रो चरणका लागि गरिएका थिए । यीमध्ये ४७ वटा वाम गठबन्धनद्वारा गरिएका थिए भने ३७ वटा नेकाबाट र अरु सात वटा लोकतान्त्रिक गठबन्धनका अन्य दलहरूद्वारा गरिएका थिए । ईयु पर्यवेक्षकहरू विवेकशील साझा पार्टीका सातवटा, राप्रपाका चारवटा, नेमकिपाका चारवटा, राजपा नेपालका तीनवटा संघीय समाजवादी फोरम नेपालका तीनवटा र दुईवटा मधेशी दलको साझा एउटा कार्यक्रममा उपस्थित थिए । त्यसबाहेक, दुईवटा राष्ट्रिय जनमोर्चाका तथा एक-एकवटा नेपाल कम्युनिस्ट पार्टी-मार्क्सवादी लेनिनवादी, मंगोल राष्ट्रिय संगठन तथा देशभक्त जनगणतान्त्रिक मोर्चाका कार्यक्रम पनि अवलोकन गरिएको थियो । मिसनले दुईजना स्वतन्त्र उम्मेदवारले गरेको एकएकवटा कार्यक्रम पनि अवलोकन गऱ्यो । प्रतिनिधिसभा र प्रदेशसभा सदस्यका उम्मेदवारहरूले अधिकांशतः आफ्ना घरदैलो कार्यक्रम र भेला दुवै संयुक्त रूपमा सञ्चालन गरे ।

निर्वाचन गठबन्धनहरूले प्रचार प्रसारको वातावरणलाई प्रभावित बनायने ।नेकपा (एमाले) र नेकपा (माके)ले देशभर साझा प्रचार प्रसार गतिविधि सञ्चालन गरे र वाम गठबन्धनका रूपमा एक अर्कालाई समर्थन गरे । झापा र प्युठानमा राप्रपा र राष्ट्रिय जनमोर्चा वाम गठबन्धनमा जोडिए । दुई दलका अध्यक्षहरू पुष्पकमल दाहा र के.पी. ओली एवं दुई दलका अन्य प्रमुख नेताहरूले पहिलो चरण र दोस्रो चरण दुवैमा निर्वाचन भएका जिल्लाहरूमा राष्ट्रव्यापी भ्रमण गरे ।

त्यसैगरी नेपाली कांग्रेसको नेतृत्वले देशभर आफ्नो दलका उम्मेदवार एवं लोकतान्त्रिक गठबन्धनका उम्मेदवारहरूलाई समर्थन गरे । नेपाली कांग्रेसका सभापति, प्रधानमन्त्री देउवाले पहिलो र दोस्रो चरणमा निर्वाचन भएका जिल्लाहरूमा व्यापक राष्ट्रव्यापी प्रचार प्रसार भ्रमण गरे । लोकतान्त्रिक गठबन्धनभित्र सिट बाँडफाँड सम्झौता भएका निर्वाचन क्षेत्रहरूमा नेकाले अरु दलसँग प्रचार प्रसार गऱ्यो । मधेशी बाहुल्य रहेको प्रदेश २ मा संघीय समाजवादी फोरम नेपाल र राजपा नेपालले आफ्नो निर्वाचन गठबन्धन र साझा कार्यसूचीअनुसार एक अर्कालाई सहयोग गरे ।प्रचार प्रसारका अन्तिम दिनहरूमा प्रदेश २ मा दुवै दलका नेताहरूले भाग लिएका ठूला आमसभा र जुलुसहरू गरिए ।

वाम-लोकतान्त्रिक गठबन्धनको विभाजनले प्रचार प्रसारको सन्देशलाई प्रभावित पाऱ्यो । नेकाले आफूलाई नेपालमा लोकतन्त्र प्रवर्द्धन गर्ने एक मात्र दलका रूपमा आफूलाई प्रस्तुत गऱ्यो । निर्वाचनलाई लोकतन्त्र र साम्यवादबीचको जनमतसंग्रहका रूपमा प्रस्तुत गरियो । नेका उम्मेदवारहरूले दक्षिण र उत्तर कोरियाबीचको तुलना गर्दै कम्युनिस्ट पार्टीहरूलाई "तानाशाह" भनी परिभाषित गरे । माओवादीद्वारा युद्धका बेला गरेको हिंसाको पनि उल्लेख गरियो । वाम गठबन्धनको प्रचार प्रसार विकास कार्यक्रममाथि केन्द्रित थियो र आफ्ना साझा घोषणापत्रलाई आधार मानिएको थियो । उनीहरूका केही उम्मेदवारका भाषणमा नेकाले लगाएका आरोपहरूबारे उल्लेख गर्दै नेकपा (एमाले) र नेकपा (माके)ले जनता र नेपालको लोकतन्त्रका लागि गरेका कामहरूको उदाहरण दिँदै तिनको प्रतिवाद गरिएको थियो ।प्रचार प्रसारको अन्तिमतिर, भाषणको भाषा बढी नकारात्मक थियो र दुवै गठबन्धनले आफ्ना विपक्षीका कमजोरीहरूलाई निरन्तर अगाडि सारे ।

राजपा नेपाल र संघीय समाजवादी फोरम नेपाल तराईमा, खासगरी प्रदेश २ मा धेरै सक्रिय थिए ।मधेशी जनताको अधिकार प्रवर्द्धन र संविधान संशोधनको माग उनीहरूको निर्वाचन प्रचार प्रसारको केन्द्र भागमा थियो । तिनका राजनीतिक प्रतिद्वन्द्वीहरूलाई उनीहरूले मधेशी जनताको सीमान्तकरण र तराईको विकासको अभावका लागि जिम्मेदार रहेको भनी प्रस्तुत गरेका थिए ।

# ११. निर्वाचन प्रचार प्रसारको आयव्यय

निर्वाचन प्रचार प्रसारको आयव्ययसँग सम्बन्धित कानुनी नियमहरू कतिपय कानुनी दस्तावेजहरूमा पाइन्छ। राजनीतिक दल सम्बन्धी ऐन २०७४ले राजनीतिक दलको आयव्यय सम्बन्धी मुख्य नियम तय गरेको छ। आयआर्जनका लागि वैध स्रोतहरूमा सदस्यता शुल्क, कार्यक्रमहरूमा उठाइएको रकम, नागरिकहरू र व्यापारिक निकायहरूले स्वेच्छाले गरेको योगदानलगायतका पर्दछन्। नेपाल सरकार, सार्वजनिक निकाय र विदेशीहरूबाट प्राप्त हुने चन्दालाई निषेध गरिएको छ। दलको पैसाका लागि बैंकमा खाता खोल्नुपर्ने तथा नेरु. २५,००० भन्दा बढीको योगदान बैंकिंग प्रणालीमार्फत् हुनुपर्ने र दाताको पहिचान खोल्नुपर्ने प्रावधान रहेको छ।

निर्वाचन आयोग ऐनले आयोगलाई निर्वाचन प्रचार प्रसारको प्रयोजनका लागि राजनीतिक दल र उम्मेदवारहरूको खर्चको नियमन गर्ने अधिकार प्रदान गरेको छ। राजनीतिक दलहरूका लागि खर्चको सिमाना समानुपातिक प्रणालीअन्तर्गतको बन्द सूचीमा उनीहरूले दिएको उम्मेदवारीको संख्याले निर्धारण गर्दछ। यस सन्दर्भमा प्रत्येक दलले प्रतिनिधिसभाको समानुपातिकतर्फको एक उम्मेदवारका लागि अधिकतम नेरु २ लाख र प्रदेशसभाको समानुपातिकतर्फको एक उम्मेदवारका लागि अधिकतम नेरु १ लाख ५० हजार खर्च गर्न पाउँथ्यो। विभिन्न देशको कुल गार्हस्थ उत्पादनका आलोकमा यस क्षेत्रका अन्य देशमा लागु गरिएको खर्चको हदको तुलनामा यो हद उल्लेखनीय हो।[24]

उम्मेदवारहरूलाई आफ्नो खर्च आफैं जुटाउन अनुमति प्रदान गरिएको छ, जसले राम्रो आर्थिक स्रोत भएका उम्मेदवारहरूलाई फाइदा हुन्छ। आ-आफ्नो दलहरूबाट पनि आर्थिक सहयोग पाउन सकिन्छ। प्रत्यक्ष निर्वाचन प्रणालीअन्तर्गत चुनाव लड्ने उम्मेद्वारहरूका लागि आयोगले तोकेको खर्च सीमा प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनका लागि भिन्दै थियो। प्रतिनिधिसभाको उम्मेदवारका लागि सीमा नेरु २५ लाख र प्रदेशसभाका लागि नेरु १५ लाख थियो। वि.सं. २०७४ असोज २० गते नेपालपत्रमा प्रकाशित सूचनाबाट आयोगले यातायात, प्रवर्द्धन सामग्री र प्रशासनिक खर्चजस्ता खर्चका विभिन्न शीर्षकका लागि विशेष सीमा तोक्यो।

चुनाव खर्चलाई आचारसंहिताले थप नियमन गर्‍यो र विगतमा अवलम्बन गरिएभन्दा बढी कठोर पारदर्शिताका मापदण्डहरू लागु गर्‍यो। संहिताले उम्मेदवार र राजनीतिक दलहरूले निर्वाचनसँग सम्बन्धित सबै कारोबारका लागि भिन्दै बैंक खाता खोल्नु आवश्यक बनायो। नेरु ५,००० भन्दा बढी सबै चन्दाहरू बैंक खातामा हुनुपर्ने, आय तथा व्ययको विवरण राम्रोसँग राखेको हुनुपर्ने र आवश्यक परे आयोगले निरीक्षण गर्न सक्नुपर्ने प्रावधान थियो। निर्वाचन प्रचार प्रसार अवधिभर, आयोगले निर्वाचन खर्चको अनुगमन गर्न एउटा समिति गठन गर्‍यो। यो समितिले उम्मेदवारहरूले आफ्नो खर्चबारे आयोगसँग प्रस्तुत गरेको सूचना र स्थानीय स्तरमा भएका निर्वाचन खर्चको अनुगमन गर्न प्रत्येक निर्वाचन क्षेत्रमा खटिएका आयोगका अनुगमनकर्ताहरूबाट प्राप्त सूचनाका आधारमा मूल्यांकन गर्‍यो।

आयोगले आफ्नो वेबसाइटमा राजनीतिक दलको आय र खर्चको विवरण प्रस्तुत गर्न एउटा विस्तृत ढाँचा राखेको छ। यो ढाँचामा आय र खर्चको प्रत्येक वर्गमा विस्तृत अनुसूचीहरू रहेका छन् जसलाई दलहरूले भर्नुपर्छ। यो रिपोर्टिङ प्रक्रियाले राजनीतिक दलहरूले तथ्यांक पेस गर्ने कार्यलाई सहज बनाउने र आयोगले तिनका तथ्यांकहरूलाई राख्ने लक्ष्य लिएको छ।[25] तर, यो रिपोर्टिङ ढाँचा उम्मेदवारहरूका लागि लागु हुँदैन।यस क्षेत्रमा भएको प्रगति दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठनका सबै सदस्य राष्ट्रका निर्वाचन व्यवस्थापन निकायका प्रतिनिधित्वले भाग लिएको काठमाडौंमा सन् २०१४ मा सम्पन्न दक्षिण एसियाली निर्वाचन व्यवस्थापन निकायको मञ्चको पाँचौं बैठकको परिणामस्वरूप आएको हो।

---

[24]सन् २०१६ मा नेपालको प्रतिव्यक्ति कुल राष्ट्रिय आय २,१०० युरो (विश्व बैंकको तथ्यांक) र प्रतिनिधिसभाका लागि सीमा २०,४९१ युरो थियो। तुलना गर्दा कुल राष्ट्रिय आय ३,१५९ युरो भएको बंगलादेशमा सीमा १५,२६७ युरो, ६,७२६ युरो कुल राष्ट्रिय आय भएको भुटानमा सीमा १,७०७ युरो र ९,९७६ कुल राष्ट्रिय आय भएको माल्दिभ्समा सीमा ६,५००, ४,६५१ राष्ट्रिय आय भएको पाकिस्तानमा सीमा १२,२२५ थियो। भारतमा सीमा बढी छ तथा अफगानिस्तान र श्रीलंकामा कुनै सीमा छैन।

[25]निर्वाचन आयोग नेपाल २०१६ वार्षिक प्रतिवेदन, पृष्ठ ५३

यो बैठकको एउटा प्रतिफल भनेको सो मञ्चले भविष्यमा गर्ने कार्यमा निर्वाचन प्रचार प्रसारको आयव्ययलाई समावेश गर्ने भन्ने प्रस्ताव पारित गर्नु हो ।[26] आयोगको पाँच वर्षे रणनीतिक योजनामा आयोगको निर्वाचन आयव्यय अध्ययन भनिने एउटा कार्ययोजना समावेश थियो ।[27] यो अध्ययन अहिलेसम्म गरिएको छैन ।

आयव्यय खुलाउनुपर्ने सम्बन्धमा, निर्वाचन आयोग ऐनले निर्वाचनको अन्तिम परिणाम प्रकाशित भएको ३० दिनभित्र राजनीतिक दल र उम्मेदवारहरूले आफ्नो निर्वाचन खर्च आयोगसमक्ष पेस गर्नुपर्ने आवश्यक गराएको छ । ऐनले ३० दिनको अवधिभित्र आवश्यक सूचना पेस गर्नमा विफल भएको अवस्थामा दल वा उम्मेदवारले गरेको निर्वाचन खर्चबराबरको जरिवानाको व्यवस्था गरेको छ । कुनै प्रतिवेदन बुझाउन विफल भएमा आर्थिक जरिवाना, छ वर्षसम्मका लागि निर्वाचन लड्न अयोग्य हुनेलगायतका कारबाही गर्ने अधिकार पनि आयोगमा रहेको छ । खर्च गैरकानुनी प्रयोजनले गरिएको छ भन्ने आयोगले निर्धारण गरेमा निर्वाचनको रिक्तता सम्भव छ । सन् २०१३ को निर्वाचनमा प्रतिवेदन पेस गर्न विफल भएकामा आयोगले केही उम्मेदवारहरूलाई नेरु १,५०० जरिवाना गऱ्यो ।[28]

आयोगलाई उम्मेदवार र राजनीतिक दलहरूद्वारा पेस गरिएको निर्वाचन खर्चको हिसाबकिताब सार्वजनिक गर्नुपर्ने कुनै दायित्व छैन । तर, उम्मेदवार र दलहरूले आयोगको निर्देशनमा आफै सूचना प्रकाशित गर्नुपर्ने हुनसक्छ । राजनीतिक दलसँग सम्बन्धित ऐनले प्रत्येक आर्थिक वर्षको समाप्तिको छ महिनाभित्र राजनीतिक दलहरूले आय र खर्चको आफ्नो हिसाबकिताबको लेखापरीक्षण गराउनुपर्ने व्यवस्था गरेको छ । यो हिसाबकिताब राजनीतिक दलको रजिस्ट्रारका रूपमा आयोगसमक्ष पेस गर्नुपर्ने दायित्व छ र आयोगसमक्ष पेस गरेको एक महिनाभित्र आफ्नो हिसाबकिताब प्रकाशित गर्नुपर्ने थप दायित्व दलहरूमाथि छ । यसमा पनि आयोगलाई यी हिसाबकिताब प्रकाशित गर्नुपर्ने कुनै दायित्व छैन । यो भन्दा पहिलोको राजनीतिक दल सम्बन्धी ऐन २०५८ मा रहेको आयोगले दलहरूको आर्थिक हिसाबकिताबको विस्तृत प्रतिवेदन प्रकाशित गर्नुपर्ने भन्ने प्रावधान[29] हाल विद्यमान कानुनी खाकामा रहेको छैन ।

सार्वजनिक रूपमा उपलब्ध सूचनाको कमीले निर्वाचनको आयव्यय सम्बन्धी जवाफदेहिताको पारदर्शितालाई अवमूल्यन गर्दछ र यो नेपालले सन् २०११ मा अनुमोदन गरेको भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धिको धारा ७ (३) को पालना गर्न विफल हुन्छ । तर, निर्वाचन प्रचार प्रसारका क्रममा भोग्नुपरेको प्रमुख चुनौती गैरकानुनी प्रयोजनका लागि हुने खर्चसँग सम्बन्धित थियो । मतदाताहरूलाई दिइने पैसा र सबै प्रकारका उपहारलाई निर्वाचन (कसुर र सजाय) ऐन, २०७४ मा निषेध गरिएको छ र यसरी मत खरिदलाई कानुनले स्पष्टसँग रोकेको छ । मतदातामाथि अनावश्यक प्रभाव पार्ने घटनामा नेरु ५०,००० सम्म जरिवाना वा एक वर्षसम्मको कैद वा दुवै सजाय हुन सक्छ । मतखरिद आचारसंहितामा पनि स्पष्टसँग प्रतिबन्धित छ । अनुसन्धान गर्ने जिम्मेवारी आयोग र जिल्ला प्रहरी प्रमुख दुवैमा निहित छ भने त्यस्तो कसुरमा अभियोजन गर्ने निर्णय जिल्ला न्यायाधिवक्ता र अन्ततः महान्यायाधिवक्तामा निहित छ । निर्वाचन प्रचार प्रसार अवधिभर मतदाताहरूलाई पैसा र उपहार दिइएको आरोप लागे । तर, मत खरिदका लागि एउटै पनि कारबाही भएन ।

# १२. सञ्चारमाध्यम र निर्वाचन

## क. आमसञ्चारको वातावरण

नेपालको आमसञ्चार क्षेत्र अत्यन्त सक्रिय र विविध छ । राष्ट्रिय सञ्चारमाध्यममा निजी क्षेत्रलाई लगानी गर्न अनुमति दिने राष्ट्रिय प्रसारण ऐन २०४९ लागु भएपछि देशभर ठूलो संख्यामा सञ्चारगृहहरू स्थापना गरिए । यसले बहुलवाद र अभिव्यक्तिको बढी स्वतन्त्रता सृजना गऱ्यो । नेपाली सञ्चारक्षेत्र हाल सामान्यतया स्वतन्त्र मानिएको वातावरणमा सञ्चालित छ । तथापि, जिल्लाका अधिकांश सञ्चारगृहहरू राजनीतिक दलहरूसँग सम्बद्ध

[26]निर्वाचन आयोग नेपाल २०१५, वार्षिक प्रतिवेदन, पृष्ठ २७ र ८१, प्रस्तावको धारा ३क ।
[27]निर्वाचन आयोग नेपाल पाँच वर्षे रणनीतिक योजना (२०१५-२०१९) र दुई वर्षे कार्ययोजना (२०१७२०१९), पृष्ठ ४९ (अंग्रेजी पाठ)।
[28]निर्वाचन आयोग नेपाल २०१५ वार्षिक प्रतिवेदन, पृष्ठ ४६ ।
[29]राजनीतिक दल सम्बन्धी ऐन २०५८ (सन् २००२), खण्ड १३ ।

रहेको बताउँदै केही सञ्चार सरोकारवालाहरू स्थानीय स्तरमा प्रेसको स्वतन्त्रतामाथि प्रश्न उठाउँछन् । जागिरको असुरक्षा, कम पारिश्रमिक[30] तथा आत्म नियन्त्रण (सेन्सरसिप) गर्नुपर्ने सम्म हुन सक्ने उत्पीडनजस्ता अतिरिक्त चुनौतीहरू खासगरी ग्रामीण क्षेत्रमा विद्यमान छन् । नेपाल पत्रकार महासंघले २०७३ वैशाखदेनि २०७४ वैशाखको बीचमा प्रेस स्वतन्त्रता उल्लंघन सम्बन्धी कुल ७३ वटा घटना दर्ता गऱ्यो । रिपोर्टर्स विदाउट बोर्डरले जारी गरेको सन् २०१७ को विश्व प्रेस स्वतन्त्रता परिसूचकमा नेपाल १७९ देशमध्ये १०० औँमा रहेको छ (सन् २०१६ को तुलनामा पाँच स्थानले सुधार) ।

रेडियो देशव्यापी रूपमा सबैभन्दा व्यापक र प्रभावकारी सञ्चार माध्यमका रूपमा रहिआएको छ । कुनै पनि प्रकारको आमसञ्चारको पहुँच भएको नेपालको कुल जनसंख्याको ७३ प्रतिशतले रेडियो सुन्छन् । नेपाल प्रेस काउन्सिलमा औपचारिक रूपमा दर्ता भएका रेडियोहरूको संख्या ७५३ भए पति ५०५ वटा (३१५ सामुदायिक रेडियो स्टेसन र १९० व्यापारिक रेडियो स्टेसन) हाल प्रसारणमा रहेका छन् । व्यापारिक एफएम रेडियो स्टेसनको तुलनामा सामुदायिक रेडियो स्टेसनहरू अपेक्षाकृत तटस्थ मानिन्छन् र बढी सन्तुलित समाचार प्रस्तुत गर्छन् । त्यसैगरी नेपालमा प्रतिव्यक्ति समाचारपत्रको संख्याको अनुपात अत्यन्त उच्च छ, जसअनुसार प्रेस काउन्सिल नेपालमा ३,८६५ प्रकाशन दर्ता गरिएकामा ९६० वटा मात्र हाल प्रकाशन र वितरण गरिन्छन् ।समाचारपत्रको नियमित वितरण मुख्यतया काठमाडौँ (जहाँ बजारको ८५ प्रतिशत खपत हुन्छ) र अन्य मुख्य सहरी क्षेत्रमा हुन्छ । ग्रामीण क्षेत्रमा बिजुलीको अभावका कारण मुख्यतया टिभी पनि सहरी क्षेत्रमा हेरिन्छ ।तर, सिधै घरमा प्रसारण हुने (direct-to-home broadcasting) नयाँ प्रणालीले गर्दा व्यापारिक टेलिभिजन हालैका वर्षहरूमा ग्रामीण क्षेत्रहरूमा विस्तारित भएको छ । प्रेस काउन्सिल नेपालमा औपचारिक रूपमा दर्ता भएका १६ वटा टिभी च्यानल हाल सञ्चालनमा छन् ।

नेपाल सरकारले सरकारी प्रसारण संस्था रेडियो नेपाल र नेपाल टिभी (च्यानल १ र २), समाचारपत्र कम्पनी गोरखापत्र संस्था (जसले नेपालीमा ‘गोरखापत्र’ र अंग्रेजीमा ‘द राइजिङ नेपाल’ प्रकाशित गर्दछ) तथा राष्ट्रिय समाचार समितिलगायतका कतिपय सञ्चार संस्थालाई नियन्त्रण गर्दछ। लोकतन्त्रको पुनर्स्थापना पछि यी सञ्चारमाध्यमहरू व्यवहारमा धेरै स्वतन्त्र भए पनि ती अझै सरकारी नियन्त्रणमा छन् ।

निजी क्षेत्रमा, मुख्य सञ्चार समूह कान्तिपुर पब्लिकेसन्सले ६ वटा प्रकाशन (दैनिक अखबार नेपालीमा ‘कान्तिपुर’ तथा अंग्रेजीमा ‘काठमाडौँ पोस्ट’ समेत), एउटा एफएम रेडियो स्टेसन (कान्तिपुर एफएम) र एउटा राष्ट्रिय टिभी नेटवर्क (कान्तिपुर टिभी) सञ्चालन गर्छ । देशका अन्य सान्दर्भिक निजी सञ्चार समूहहरूमा इन्टरनेसनल मिडिया नेटवर्क (द हिमालयन टाइम्स), हिमाल मिडिया (नेपाली टाइम्स, हिमाल खबरपत्रिका, हिमाल साउथ एसिया), नेपाल रिपब्लिक मिडिया (नागरिक दैनिक, रिपब्लिका) र नेपाल न्युज नेटवर्क (अन्नपूर्ण पोस्ट, एपी१, Annanote.com र अन्नपूर्ण टुडे म्यागजिन) छन् ।

इन्टरनेटको उपस्थिति नेपालको ५४.३ प्रतिशत भूभागमा छ ।[31] हालैका वर्षमा अनलाइन सञ्चार क्षेत्र अत्यन्त तीव्र गतिमा विस्तार भएको छ र धेरैवटा वेबसाइटहरू स्थापित पत्रकारहरूको सञ्चालनमा वा स्वामित्वमा छन् । देशभर करिब ७०० अनलाइन सञ्चार माध्यम हाल सञ्चालनमा छन् । तीमध्ये अधिकांश कुनै राजनीतिक दलसँग आबद्ध नभएका स्वतन्त्र सम्पादकीय भएका मूलप्रवाहका सञ्चार माध्यम हुन् । पहिले छापा माध्यममा का मगर्ने कैयौँ पत्रकारहरू अनलाइन सञ्चारमाध्यमतर्फ लागेको बताइन्छ, जहाँ उनीहरू बढी स्वतन्त्रतापूर्वक र कम राजनीतिक दबाब वा डरत्रासको जोखिममा का मगर्न सक्छन् । पछिल्लो समयमा सामाजिक सञ्जाल पनि सूचनाको साझा स्रोत भएको छ। नेपालको सबैभन्दा लोकप्रिय सामाजिक सञ्जाल फेसबुक (८० लाख प्रयोगकर्ता) र ट्विटर (३२ लाख प्रयोगकर्ता) हुन् ।[32]

## ख. आमसञ्चार सम्बन्धी कानुनी खाका

नेपालको संविधान २०७४ ले केही तर्कसंगत बन्देजसहित अभिव्यक्तिको स्वतन्त्रता तथा सूचना तथा सञ्चार स्वतन्त्रताको व्यवस्था गरेको छ। संविधान लागु भएपछि आमसञ्चार सम्बन्धी कानुनी खाकामा कुनै परिवर्तन

[30]न्यूनतम ज्याला निर्धारण समितिले नेपाली पत्रकारहरूका लागि सामान्य नेरु १९,५०० न्यूनतम तलबको सिफारिस गरेको छ, तर तीमध्ये अधिकांशले त्यो भन्दा कम पाउँछन् ।

[31]मेनेजमेन्ट इन्फर्मेसन सिस्टम प्रतिवेदन, नेपाल दूरसञ्चार प्राधिकरण २०७४ ।

[32]‘सामाजिक सञ्जालको प्रयोग र यसको प्रभाव’, फ्रीडम फोरमको एक अध्ययन २०७४ ।

भएको छैन । नेपाल पत्रकार महासंघका अनुसार, संविधान अभिव्यक्ति र सूचनाको स्वतन्त्रता सम्बन्धी अन्तर्राष्ट्रिय मापदण्ड अनुसार छ, तथापि विद्यमान आमसञ्चार कानुन सबै ठाउँमा ती मापदण्डअनुरूप छैनन् ।

इजाजतपत्र, दर्ता र कार्यक्रमसँग सम्बन्धित मापदण्डको व्यवस्था गर्दै नेपालमा आमसञ्चारलाई नियमन गर्ने नौवटा मुख्य कानुनी दस्तावेज[33] छन् । सन् २०१६ जुनमा सरकारले नयाँ आमसञ्चार नीति अनुमोदन गऱ्यो, जसले ११ वटा नयाँ कानुन पारित गर्छ वा विद्यमान आमसञ्चार कानुनलाई संशोधन गर्ने परिकल्पना गऱ्यो । त्यसमा परिकल्पना गरिएका नयाँ कानुनहरूमा नयाँ र स्वतन्त्र आमसञ्चार नियमन प्राधिकरण सम्बन्धी कानुन, सार्वजनिक प्रसारण सेवा सम्बन्धी कानुन र अनलाइन सञ्चारमाध्यम नियमन गर्ने कानुन छन् । यो आमसञ्चार नीतिलाई हाल कानुनहरूको कार्यान्वयनअघि तिनको पुनरावलोकन गर्न जिम्मेवार कार्यान्वयन सिफारिस समितिले मूल्यांकन गरिरहेको छ ।कार्यान्वयन समितिलाई आफ्नो काम पूरा गर्ने समयसीमा २०७४ पुस भएपनि समितिका सदस्यहरूले यो समयसीमा बढ्न सक्ने सम्भावना रहेको कुरा ईयु ईओएमसँग पुष्टि गरे । नयाँ आमसञ्चार कानुन सन् २०१८ को अन्त्यसम्मका कार्यान्वयनमा आउने अपेक्षा गरिएको छ । नयाँ आमसञ्चार कानुन पारित भएमा यसले आमसञ्चारको वातावरणमा सकारात्मक विकास ल्याउने छ ।

नयाँ स्थापित संघीय प्रणालीले पनि नेपाली आमसञ्चारको क्षेत्रमा नयाँ परिदृश्य ल्याउँछ । राष्ट्रिय कानुनजस्तै, भविष्यका कुनै पनि प्रादेशिक कानुनले अभिव्यक्तिको स्वतन्त्रताको संवैधानिक प्रावधानलाई सम्मान गर्नैपर्ने हुन्छ ।

नेपालका प्रसारकहरूका लागि मुख्य कानुन भनेको राष्ट्रिय प्रसारण ऐन २०४९ हो, जसमा इजाजतपत्रको प्रावधानका लागि सही र निष्पक्ष कार्यक्रम दिनुपर्ने आवश्यकता समावेश छ ।सूचनाको हक सम्बन्धी ऐन सन् २००७ जुलाईमा पारित गरियो, जसले सार्वजनिक निकायहरूले सूचना सक्रिय भई सार्वजनिक गर्नुपर्ने र स्वतन्त्र राष्ट्रिय सूचना आयोग स्थापना गर्ने व्यवस्था गरेको छ । तर, सो ऐनको कार्यान्वयन धेरै क्षेत्रमा कमजोर छ । सार्वजनिक निकायहरूमा अहिलेसम्म सूचना अधिकृत छैनन् भने सरकारले खास सूचना सार्वजनिक गर्न अस्वीकार गर्दै आएको छ । अन्तर्राष्ट्रिय मापदण्डअनुसार नरहेका प्रावधानहरूमा गाली बेइज्जती तथा मानहानिका लागि सम्भावित कैद सजाय पर्दछन्, यद्यपि मानहानिका लागि सजाय सुनाउने प्रचलन हाल नेपालमा छैन ।

प्रेस काउन्सिल नेपालल, नेपाल पत्रकार महासंघको मन्जुरीमा सन् २०१६ मा नयाँ पत्रकार आचारसंहिता लागु गऱ्यो । यस संहिताले पत्रकारिताका सिद्धान्तका साथै स्थानीय पत्रकारको कर्तव्य र जिम्मेवारीलाई स्थापित गराएको छ । त्यसैगरी, अनलाइन सञ्चारमाध्यमको हालैको विस्तारका कारण नेपाल सरकारले २०७३ जेठ ३० गते 'अनलाइन सञ्चारमाध्यम कार्यसञ्चालन निर्देशिका' जारी गऱ्यो । स्थानीय सञ्चारमाध्यममा धेरै अलोकप्रिय रहेको यस निर्देशिकाको पहिलो पाठलाई सूचना तथा सञ्चार मन्धालयले २०७३ चैत७ गते संशोधन गरी कार्यान्वयन गऱ्यो । यस क्षेत्रका प्रतिनिधिहरूद्वारा केही प्रावधानहरूमाथि अद्यापि प्रश्न गरिएको यो नयाँ निर्देशिका अनलाइन सञ्चारमाध्यम सम्बन्धी नयाँ कानुन नआएसम्मका लागि अस्थायी हो । त्यसबाहेक, प्रेस काउन्सिलमा औपचारिक रूपमा दर्ता गरिएका अनलाइन सञ्चारमाध्यमलाई मात्र निर्देशिका लागु हुन्छ ।प्रेस काउन्सिलको औपचारिक मान्यता नपाई देशमा सञ्चालित अन्य कुनै पनि अनलाइन सञ्चारमाध्यम हाल विद्युतीय कारोबार ऐन २००८ द्वारा नियमित भएका छन् । यस ऐनका केही प्रावधानहरू अभिव्यक्तिको स्वतन्त्रता सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिबद्धताका विपरीत छन् । विद्युतीय कारोबार ऐन अनुसार कुनै पनि व्यक्तिले *"सार्वजनिक नैतिकता, सदाचारविपरीत हुने वा कुनै पनि व्यक्तिविरुद्ध घृणा वा द्वेष फैलाउने कुनै पनि प्रकारको सामग्री"* इन्टरनेटमा प्रकाशित गरेमा पाँच वर्षसम्मको कारावासको भागी हुनेछ ।

प्रेस काउन्सिल नेपाल देशमा पत्रकार आचारसंहिताको व्याख्या र कार्यान्वयन गर्ने तथा प्रेस स्वतन्त्रता र पत्रकारितामा हस्तक्षेप निषेध गर्ने एकमात्र नियामक निकाय हो । यसले आचारसंहिताको पालना गरेअनुसार वार्षिक रूपमा आमसञ्चार माध्यमको मूल्यांकन गरी वर्ग निर्धारण गर्दछ । प्रेस काउन्सिल ऐन, १९९२ मा परिभाषित गरिएअनुसार स्वायत्त संस्थाका रूपमा परिषद्का सदस्यहरू भने सरकारद्वारा औपचारिक रूपमा नियुक्त

[33]रेडियो ऐन (सन् १९५७), गाली बेइज्जती तथा अवहेलना ऐन (सन् १९५९), राष्ट्रिय समाचार समिति ऐन (सन् १९६२), गोरखापत्र संस्थान ऐन (सन् १९६३), प्रेस तथा प्रकाशन ऐन (सन् १९९१), प्रेस काउन्सिल ऐन (१९९२), राष्ट्रिय प्रसारण ऐन (सन् १९९३), श्रमजीवी पत्रकार ऐन (सन् १९९३, संशोधन सन् २००७ मा) तथा सूचनाको हक सम्बन्धी ऐन (सन् २००७)।

गरिन्छन् । यसबाट संस्थाको स्वतन्त्रतामाथि सम्झौता हुन जान्छ । पूर्व अध्यक्षलाई हटाइएका कारण[34] हाल पूर्व उपाध्यक्षको नेतृत्वमा रहेको परिषद्मा चार वर्षे कार्यावधिका लागि निर्वाचित १२ सदस्य हुन्छन् (नेपाल पत्रकार महासंघका अध्यक्ष, प्रेस तथा सूचना विभागका महानिर्देशक र सञ्चारक्षेत्रका नौजना प्रतिनिधिसमेत)। यसको अधिकार र कर्तव्यअनुसार, काउन्सिलले उजुरी पाएमा आचारसंहिताको उल्लंघन भएको अवस्थामा आवश्यक कारबाही गर्न सक्छ । तर, आमसञ्चार क्षेत्रमा प्रेस काउन्सिल नेपाल त्यस्तो कर्तव्य र जिम्मेवारी निर्वाह गर्नमा कमजोर र अप्रभावकारी रहेको ठानिन्छ ।

साथै, नेपालका पत्रकारहरूको प्रतिनिधित्व गर्ने छाता संगठन नेपाल पत्रकार महासंघको कार्य देशमा प्रेस स्वतन्त्रता र अभिव्यक्तिको स्वतन्त्रताको संरक्षण गर्नु तथा नेपाली पत्रकारहरूको हितको रक्षा गर्नु हो । महासंघका सबै ७७ जिल्लामा शाखा र १३,००० सदस्य रहेका छन् ।

प्रेस काउन्सिल नेपाल र नेपाल पत्रकार महासंघदेखि बाहेक नेपालमा सञ्चालित सबै सामुदायिक रेडियो स्टेसनहरूलाई नियमन गर्न जिम्मेवार सामुदायिक रेडियो प्रसारक संघ तथा व्यापारिक रेडियो स्टेसनहरूलाई नियमन गर्ने ब्रोडकास्टिङ एसोसिएसन नेपालजस्ता केही गैरसरकारी सञ्चार संस्था पनि नेपालमा छन् ।

### ग. निर्वाचन प्रचार प्रसारका लागि कानुनी खाका

माथि उल्लिखित नियमकानुनका अतिरिक्त, २०७४ सालको निर्वाचनको आमसञ्चारबाट भएको प्रचार प्रसारसँग सम्बन्धित एकमात्र नियम-कानुन भनेको आयोगलेजारी गरेको निर्वाचन आचारसंहिता थियो । यस आचारसंहिताका अनुसार, निर्वाचन अवधिभर आमसञ्चार माध्यमले सामाजिक सद्भाव बिथोल्ने खालको भाषा प्रयोगबाट बची निष्पक्ष हुनुपर्ने तथा मतदाता शिक्षा सम्बन्धी समाचार र सूचनालाई प्राथमिकता दिनुपर्ने अपेक्षा गरिएको थियो । संहिताले आम सञ्चारमाध्यमले राजनीतिक दल र उम्मेदवारहरूलाई समान अवसर दिनुपर्ने पनि माग गरेको थियो । तर, अघिल्लो निर्वाचनको प्रचलन विपरीत, संहितामा सरकारी सञ्चारमाध्यम (रेडियो नेपाल र नेपाल टिभी)मा दल र उम्मेदवारहरूलाई निशुल्क समय उपलब्ध गराउने प्रावधान समावेश थिएन ।

त्यसैगरी, आचारसंहितामा सञ्चारमाध्यममा दल र उम्मेदवारहरूको प्रचार प्रसार सामग्री प्रकाशन-प्रसारण गर्ने सम्बन्धमा अत्यन्त बन्देजात्मक प्रावधान समावेश थियो र यसले प्रत्येक दल वा उम्मेदवारहरूलाई एउटा मात्र समाचारपत्रमा एक दिनमा एउटा मात्र विज्ञापन प्रकाशन गर्ने (आकार ७ इन्च X७ इन्च) तथा टिभी र रेडियोमा प्रसारण गर्न अधिकतम एक मिनेटको सामग्री चारवटा मात्र दिन पाउने सीमा तोक्यो । नेपाल मिडिया सोसाइटीले यो बन्देजात्मक प्रावधानको कडा शब्दमा आलोचना गर्‍यो ।[35] आयोगले मंसिर १२ गते एउटा प्रेस विज्ञप्तिमार्फत् सञ्चारमाध्यमलाई आचारसंहिताको पालना गर्न चेतावनी दिनेसम्म मात्र आफूलाई सीमित गर्‍यो । सोसाइटीका अनुसार, विज्ञापन प्रकाशन वा प्रसारण गर्ने सञ्चारमाध्यमहरूको “सार्वभौम र संवैधानिक अधिकार” हो र सञ्चारमाध्यमबाट सूचित हुने मतदाताहरूको अधिकारसमेत हो ।

सामाजिक सञ्जाललाई उम्मेदवार वा राजनीतिक दलको पक्ष वा विपक्षमा आधारहीन सूचना प्रकाशन, प्रसारण र प्रचार प्रसार नगर्न आग्रअह गर्दै सामाजिक सञ्जाल सम्बन्धी विशिष्ट प्रावधान पनि निर्वाचन संहितामा रहेको थियो ।

### घ. ईयु ईओएम सञ्चार अनुगमन

अभिव्यक्तिको स्वतन्त्रता र प्रेस स्वतन्त्रतामा सीमा लगाइएका थोरै घटनाहरू देखिए पनि निर्वाचन प्रचार प्रसार अवधिभर सञ्चार क्षेत्रको वातावरण सामान्यतया स्वतन्त्र थियो । सार्वजनिक सुरक्षा र निर्वाचन प्रक्रियामाथि खतरा हुने ठानिएको आरोप लागेका ११ पत्रकारहरू निवारक नजरबन्दमा परे । नेपाल पत्रकार महासंघ, अन्तर्राष्ट्रिय पत्रकार महासंघ र फ्रिडम फोरमजस्ता कतिपय सञ्चार सम्बन्धी संस्थाहरूले यी गिरफ्तारीको कडा

---

34 प्रेस काउन्सिल नेपालका पूर्व अध्यक्ष तथा नेकपा (माके)का सदस्य भवानी बराललाई नियुक्तिको तीन महिना मात्र पछि सन् २०१५ अगस्ट १५ मा नेकाले प्रेस काउन्सिलको अध्यक्ष हुन ‘असक्षम’ भनी पदबाट हटायो । प्रेस काउन्सिल नेपालका वर्तमाान कार्यवाहक अध्यक्ष किशोर श्रेष्ठ नेकपा (एमाले)का प्रतिनिधि हुन् ।

35 नेपाल मिडिया सोसाइटी निजी प्रकाशन र टिभी प्रसारकहरूको छाता संगठन हो ।

शब्दमा भर्त्सना गरे र थुनामा परेका पत्रकारहरूलाई तुरुन्त रिहा गर्न आग्रह गरे।[36] त्यसैगरी मंसिर १३ गते, नेकाको प्रचार प्रसार गतिविधिको समाचार संकलन गरिरहेको बेला उदयपुर जिल्लामा घरेलु विस्फोटक सामग्रीको विस्फोटनमा परी युपे एफएम रेडियो स्टेसनमा कार्यरत पत्रकार नवराज पौड्याल घाइते भए। निर्वाचन प्रचार प्रसार अभियानको अवधिमा पत्रकारहरूमाथि आक्रमण भएका र धम्की आएका घटनाहरू पनि मनाङ, कैलाली र खोटाङ जिल्लाबाट प्रतिवेदन गरिए।

निर्वाचन प्रचार प्रसार अवधिमा, सामान्यतया सञ्चारमाध्यमले राजनीतिक दलहरूलाई देशभरका मतदातासमक्ष आफ्नो सन्देश पुऱ्याउन विविधतायुक्त मञ्च प्रदान गरे। निर्वाचन सम्बन्धी प्रचार प्रसार मुख्यतया नेका, नेकपा (एमाले) र नेकपा (माके)का प्रचार प्रसार गतिविधिमाथि केन्द्रित रहे पनि केही कम मात्रामा सार्वजनिक तथा निजी सञ्चार माध्यमले साना दलहरूको पनि समाचार दिए। स्वागतयोग्य पहलका रूपमा, जिल्ला स्तरका केही सामुदायिक रेडियो स्टेसनहरूले उम्मेदवारहरूलाई तिनको घोषणापत्र प्रस्तुत गर्न निशुल्क समय उपलब्ध गराए। तथापि, जिल्लास्तरका निजी रेडियो स्टेसनहरू राजनीतिक झुकाव राख्ने गरेको व्यापक विश्वास गरिन्छ।राजनीतिक दल र उम्मेदवारहरूले सामाजिक सञ्जाल मार्फत् पनि सक्रिय रूपमा र सही ढंगबाट प्रचार प्रसार गरे र यो मञ्चको कुनै पनि खालको दुरूपयोग अधिकारीहरूभन्दा पनि समर्थकहरूबाट भएको थियो। केही स्थानीय पत्रकारहरूले मतदाताहरूमा चेतना फैलाउन तथा दल र उम्मेदवारहरूलाई प्रश्न गर्न आफ्नो व्यक्तिगत फेसबुक र ट्विटरको प्रयोग गरे।

राजनीतिक दल र उम्मेदवारहरूले सञ्चारमाध्यममा न्यायोचित पहुँच पाएका छन् कि छैन र सञ्चारमाध्यमले निर्वाचनर प्रचार प्रसार अवधिभर प्रचार प्रसार सम्बन्धी नियम कानुनको पालना गरेको छ कि छैन भनेर मूल्यांकन गर्न ईयु ईओएमले वि.सं. २०७४ कात्तिक २० देखि मंसिर १८ गतेसम्म, आमसञ्चार अनुगमन कार्य सञ्चालन गऱ्यो। गुणात्मक र परिमाणात्मक विश्लेषणमा तालिम प्राप्त छ जना स्थानीय सञ्चार अनुगमनकर्ताहरूको एउटा टोलीले नेपालको आमसञ्चार क्षेत्रको प्रतिविम्बित गर्ने गरी राष्ट्रव्यापी पहुँच भएका १३ वटा सञ्चारमाध्यमको प्रतिनिधिमूलक नमुनाको अनुगमन गऱ्यो। यस नमुनामा राज्य नियन्त्रित सञ्चारमाध्यम नेपाल टिभी, रेडियो नेपाल र गोरखापत्र एवं निजी सञ्चारमाध्यमहरू कान्तिपुर टिभी, इमेज टिभी, एभेन्युज टिभी, कान्तिपुर एफएम, उज्यालो एफएम, सीआईएन रेडियो, कान्तिपुर दैनिक, नागरिक, नयाँ पत्रिका तथा द हिमालयन टाइम्स समावेश थिए।

अनुगमनको निष्कर्षबाट सार्वजनिक तथा निजी प्रसारक र समाचारपत्रहरूले सामान्यतया सन्तुलित समाचार दिएको र तीनवटा मुख्य दलहरूबीच प्रसारण समय र प्रकाशनको स्थानको वितरण यथोचित समानुपातिक रहेको पाइयो। अनुगमन गरिएका सामग्रीहरू सबै समाचार र निर्वाचनसँग सम्बन्धित सूचना थिए। समग्र रूपमा यो तटस्थ शैलीमा प्रस्तुत गरिएको थियो। राष्ट्रिय रेडियो स्टेसन रेडियो नेपालले मात्र नेकाको पक्षमा (समग्र समयको ३९ प्रतिशत) तथा नेकपा (माके) (२० प्रतिशत) र नेकपा (एमाले) (२४ प्रतिशत) समय दिई असन्तुलित प्रचार प्रसार गरेको देखियो। ईयु ईओएमले गरेको बाँकी सञ्चारमाध्यमको अनुगमनले, सामान्यतया निर्वाचन सम्बन्धी सामग्रीमा उचित रूपमा निष्पक्षता रहेको देखियो। ईयु ईओएमले अनुगमन गरेको १३ सञ्चारमाध्यमको परिणाम अनुसूची ३ मा प्रस्तुत गरिएको छ।

आमसञ्चार माध्यममा राजनीतिक दल वा उम्मेदवारहरूको विज्ञापनका सम्बन्धमा, ईयु ईओएमको सञ्चारमाध्यम अनुगमनको परिणामले नेका टिभीमा सबैभन्दा बढी (मिसनले अनुगमन गरेका चारवटा टिभी च्यानलहरूले दिएका सबै राजनीतिक विज्ञापनहरूको २९ प्रतिशत) खर्च गर्ने दल थियो भने, नेकपा (एमाले) अनुगमन गरिएका रेडियो स्टेसन (३१ प्रतिशत) तथा समाचारपत्र (३७ प्रतिशत)मा खरिद गर्ने सबैभन्दा ठूलो दल थियो। त्यसैगरी, मिसनको निष्कर्षअनुसार, नेका सामाजिक सञ्चाल (फेसबुक र ट्विटर)मा सबैभन्दा सक्रिय दल थियो भने त्यसपछि नेकपा (एमाले) र नेकपा (माके) थिए।

[36]मंसिरको अन्त्यसम्ममा सबै पत्रकारहरू रिहा भइसकेका थिए र उनीहमध्ये अधिकांश नेरु. ५,००० धरौटी राखेर रिहा भए। यो प्रतिवेदन तयार पार्दासम्म यसरी थुनामा राख्न न्यायोचित ठहऱ्याउने कुनै पनि प्रमाण स्थानीय अधिकारीहरूले प्रस्तुत गर्न सकेका थिएनन्।

ईयु ईओएमले नेका, नेकपा (एमाले), राप्रपा, राप्रपा-प्रजातान्त्रिक, विवेकशील साझा पार्टी, पीएलजीपी, एपीएमपी, ईआरपीपी-डी[37]र स्वतन्त्र उम्मेदवारहरूले आठवटा विभिन्न सञ्चारमाध्यम (कान्तिपुर रेडियो, उज्यालो एफएम, कान्तिपुर टिभी, इमेज टिभी, एभेन्युज टिभी, नागरिक, नयाँ पत्रिका र कान्तिपुर दैनिक)मा आचारसंहिता उल्लंघन गरेको देख्यो । उल्लंघनहरू मुख्यतया आयोगले तोकेको अधिकृत आकार वा समयभन्दा बढीका विज्ञापन वा आयोगल अनुमति प्रदान गरेभन्दा धेरै पटक विज्ञापन प्रचार प्रसार गरेका कारण भएका थिए । त्यसैगरी, आयोगद्वारा मंसिर १२ गते प्रकाशित निर्देशनको विपरीत, अनलाइन सञ्चारमाध्यम माई रिपब्लिकाले २०७४ मंसिर २१ र २२ गते जिल्लास्तरमा निर्वाचनका विजेताहरूको अनुमान गर्दै विचार मत (ओपिनियन पोल)हरू प्रकाशित गऱ्यो । तर, अवलोकन गरिएका सबै उल्लंघनहरूका बाबजुद, आयोगले नेकपा (एमाले) र राप्रपाबाट भएका दुईवटा उल्लंघनका सम्बन्धमा मात्र सम्बन्धित सञ्चार माध्यम र राजनीतिक दलहरूबाट स्पष्टीकरण माग्यो ।[38] त्यसैगरी सञ्चार नियामक निकाय प्रेस काउन्सिल नेपालद्वारा प्रकाशित प्रतिवेदनअनुसार ३१ आमसञ्चार संस्थाले निर्वाचनको मौन अवधिमा गरेको उल्लंघनका ५२ वटा घटनामा आयोगद्वारा कुनै स्पष्टीकरण मागिएन वा कारबाही गरिएन ।

वि.सं. २०७४ मंसिर १७ गते नेकपा (एमाले)ले आयोगद्वारा उत्पादित एउटा मतदाता शिक्षा कार्यक्रमको निष्पक्षतामाथि प्रश्न गर्दै मतदाता शिक्षाका लागि जिम्मेवार निर्वाचन आयुक्त इला शर्माविरुद्ध कारबाही गर्न आग्रह गऱ्यो ।नेकपा (एमाले)का अनुसार, १० वटा विभिन्न टिभी स्टेसनबाट प्रसारण गरिएको 'निर्वाचन प्रश्नोत्तर' कार्यक्रमको एउटा भागमा नेकाका उम्मेदवारसँग सम्बन्धित धेरैवटा प्रश्नहरू समावेश गरिएका थिए । आयोगले त्यसको प्रत्युत्तरमा कार्यक्रमका विभिन्न भागमा सबै प्रमुख राजनीतिक दलका नेताहरूसँग सम्बन्धित उस्तै प्रश्नहरू समावेश गरिएको आश्वासन दियो । ईयु ईओएमले आयोगद्वारा दिइएको स्पष्टीकरणको पुष्टि गरी सो कार्यक्रम एकपक्षीय रहेको नठाने पनि के कुरा ध्यान दिनु महत्वपूर्ण हुन्छ भने मतदाता शिक्षा कार्यक्रममा राजनीतिक दल वा उम्मेदवारहरूको नाम उल्लेख गर्नु वा मतदाता शिक्षा सामग्रीमा निर्वाचनका प्रतिस्पर्धीहरू सम्बन्धी सामग्री समावेश गर्नु असल अन्तर्राष्ट्रिय प्रचलन विपरीत हो ।

## १३. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यवेक्षक

निर्वाचन प्रक्रियाको पारदर्शितामा योगदान गर्दै धेरै राष्ट्रिय पर्यवेक्षक संगठनहरूले उल्लेखनीय संख्यामा पर्यवेक्षकहरू परिचालन गरे । तीनवटा समूहहरू - राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति (नियोक), आम निर्वाचन पर्यवेक्षण समिति (जियोक) र संकल्प - ले मंसिर १० गते १,४०० पर्यवेक्षक र मंसिर २१ गते ४,००० पर्यवेक्षक परिचालन गरे । उनीहरूले निकट रही गतिविधिहरूको समन्वय गरे र दुवै निर्वाचन दिन पश्चात् संयुक्त वक्तव्य जारी गरे ।

उनीहरूले संयुक्त वक्तव्य जारी गरे पनि, सबै परिमाणात्पक मूल्यांकन नियोकका पर्यवेक्षकहरूले गरेका तथ्यांकहरूमा आधारित थिए । दुवै चरणका निर्वाचनको समग्र परिमाणात्मक मूल्यांकन अत्यन्त सकारात्मक थियो । तर के कुरामा ध्यान दिनुपर्छ भने, नियोकका पर्यवेक्षकहरूले प्रयोग गरेको परीक्षण सूचीमा सकारात्मक मूल्यांकन भन्दा अन्यथा हुने सम्भावना कम रहेका प्रश्न समावेश थिएनन्, जस्तैः मतदाताहरू गोप्य रूपमा मतदान गरिरहेका थिए कि थिएनन् वा मतदान कर्मचारीको काममा कुनै हस्तक्षेप भएको थियो कि थिएन ।

ती तीनवटा संगठनहरूले मतगणना प्रक्रियाको पनि अवलोकन गरे र मतगणना केन्द्रमा पहुँच सम्बन्धी कुनै समस्या रहेको तिनले प्रतिवेदन गरेनन् । तर, मतगणनाको पर्यवेक्षणमा उनीहरूको उपस्थिति अत्यन्त सीमित थियो र ईयु पर्यवेक्षकहरूले प्रतिवेदन गरेअनुसार नियोक, जियोक वा संकल्पका पर्यवेक्षकहरूको उपस्थिति पर्यवेक्षण गरिएको १८ प्रतिशत मतगणना स्थलमा मात्र थियो । निर्वाचन प्रक्रियामा ती तीन पर्यवेक्षक समूहले

[37] पीएलजीपीः प्रगतिशील लोकतान्त्रिक गठबन्धन पार्टी, एपीएमपीः आमूल परिवर्तनमासिय पार्टी, ईआरपीपी-डीः एकीकृत राष्ट्रिय प्रजातान्त्रिक पार्टी- लोकतान्त्रिक ।

[38] वि.सं. २०७४ मंसिर ८ गते (पहिलो चरणको निर्वाचनको मौन अवधि सुरु भएको दिन) आयोगले राप्रपा नेपालका अध्यक्ष कमल थापासँग आफ्नो दल र आफूलाई फेसबुकमा प्रकाशित गरेको आरोपमा स्पष्टीकरण माग्यो । २०७४ मंसिर १२ गते, आयोगले नेकपा (एमाले) र दैनिक पत्रिकाहरू कान्तिपुर, अन्नपूर्ण पोस्ट, नयाँ पत्रिका, नागरिक तथा राजधानीसँग सोही दिन नेकपा (एमाले)का उम्मेदवार के.पी.शर्मा ओली रहेको विज्ञापन प्रकाशन गरेकामा स्पष्टीकरण माग्यो ।

पहिचान गरेका मुख्य कमजोरीहरूमा आचारसंहिताको पालना तथा कार्यान्वयनको अभाव, अपर्याप्त मतदाता शिक्षा, मतदान कर्मचारी, सुरक्षा कर्मचारी र पर्यवेक्षककहरूको मताधिकारको हनन तथा असमन्जसपूर्ण र जटिल मतगणना कार्यविधि समावेश थिए ।

अर्को राष्ट्रियपर्यवेक्षण संगठन, डेमोक्रेसी रिसोर्स सेन्टर, नेपालले निर्वाचन प्रक्रियाको गुणात्मक पक्षमा केन्द्रित रही थोरै संख्यामा दीर्घकालीन पर्यवेक्षकहरू परिचालन गरेको थियो ।

ईयु ईओएम बाहेक अर्को एकमात्र अन्तर्राष्ट्रिय निर्वाचन पर्यवेक्षण मिसन कार्टर सेन्टर थियो । मिसनको नेतृत्व थाइल्यान्डका पूर्व उपप्रधानमन्त्री डा. सुराकियार्त साथीरथाइ र पूर्व अमेरिकी राजदूत पिटर बर्लेले गर्नुभएको थियो । पाँचजना विज्ञको एउटा मुख्य टोली काठमाडौँमा थियो भने सातवटा घुम्ती टोलीमा रहेका १४ जना पर्यवेक्षककहरूले सबै सातवटा प्रदेश हेरे । दोस्रो चरणको निर्वाचनमा मिसनमा ३२ जना अल्पकालीन पर्यवेक्षककहरू समावेश भए । कार्टर सेन्टरले मंसिर २३ गते आफ्नो प्रारम्भिक वक्तव्य र निर्वाचनपछिको वक्तव्य पुस ७ गते जारी गर्‍यो । दुवै वक्तव्यमा जारी गरिएका प्रारम्भिक निष्कर्षहरू ईयु ईओएमका प्रारम्भिक वक्तव्यसँग मिल्दाजुल्दा छन् ।

# १४. महिला तथा एलजीबीटीआईको सहभागिता

महिलाको समानता संविधानको मौलिक सिद्धान्त हो र ऐतिहासिक तथा सामाजिक विभेदलाई सम्बोधन गर्न व्यापक रूपमा सकारात्मक कार्यहरूको व्यवस्था गरिएको छ। संविधानले संघीय संसद्मा प्रत्येक राजनीतिक दलबाट निर्वाचित हुने कुल संख्याको एक-तिहाई महिला हुनुपर्ने व्यवस्था गरेको छ। समग्र, अनिवार्यता हो कि प्रदेशसभा एवं संघीय संसद्मा लागु हुने गरी व्यवस्थापिकाको एक तिहाइ सदस्य महिला हुनुपर्छ ।

महिला नेतृत्वप्रतिको पितृसत्तात्मक सोचलगायतका शक्तिशाली सामाजिक तथा साँस्कृतिक अवरोध नेपाली समाजमा विद्यमान छ । राजनीतिक दल सम्बन्धी ऐनले राजनीतिक दलहरूको समितिस्तरमा कम्तीमा एक-तिहाइ सदस्य महिला हुनुपर्ने व्यवस्था गरेको छ । तर, प्रमुख राजनीतिक दलको एकजना पनि नेतामा महिला छैनन् भने राजनीतिक दलहरूद्वारा प्रत्यक्षतर्फको निर्वाचनमा प्रतिस्पर्धा गर्न अत्यन्त न्यून संख्यामा महिलाको मनोनयन गरिएको थियो ।

प्रतिनिधिसभाका लागि उठेका १,९४४ उम्मेदवारमध्ये १४६ मात्र महिला थिए, जुन कुल उम्मेदवारको ७.५ प्रतिशत थियो भने प्रदेशसभाका लागि ३,२३८ उम्मेदवारमध्ये २४० मात्र महिला थिए र यो कुल उम्मेदवारको ७.४ प्रतिशत थियो । यीमध्ये प्रतिनिधिसभाको प्रत्यक्षतर्फको १६५ सिटमा ६ जनामात्र महिला निर्वाचित भए भने सात वटा प्रदेशसभाका ३३० प्रत्यक्षतर्फको सिटमा १७ महिला निर्वाचित भए । दलहरू आफ्नो बन्द सूचीमा कम्तीमा ५० प्रतिशत महिला राख्न बाध्य थिए । तर, समानुपातिकतर्फको आरक्षणबाहेक महिलालाई राजनीतिक प्रतिनिधित्वको भूमिकामा आउन सघाउन सहयोग आवश्यक छ ।

निर्वाचनको सञ्चालनमा पनि महिलाको न्यून प्रतिनिधित्व रहेको थियो । ईयु पर्यवेक्षककहरूद्वारा मतदानका क्रममा भ्रमण गरिएका ६३३ मतदान केन्द्रमध्ये १२ प्रतिशत मात्र मतदान अधिकारीहरू महिला थिए । मतगणनाका क्रममा, ईयु ईओएमले भेटेका १२८ निर्वाचन अधिकृतमध्ये तीनजना मात्र महिला थिए । आयोगको भर्ना प्रक्रियामा लैंगिक मूलप्रवाहीकरण अहिलेसम्म नभएको कुरा स्पष्ट छ र यो कुरा निजामती सेवा र न्यायपालिकामा महिलाको बृहत्तर समावेशीकरणबाट प्रतिबिम्बित हुन्छ । निर्वाचन अधिकारीहरू पनि प्रभावशाली समूहबाटै लिइन्छ ।

सन् २००७ को सर्वोच्च अदालतको निर्णयले नेपालका मानिसहरूलाई आफूलाई पुरुष, महिला वा "अन्य"का रूपमा पहिचान गराउन अनुमति दिँदै तेस्रो लिंगीको अस्तित्वलाई कानुनी मान्यता प्रदान गर्‍यो । संविधान यसैका आधारमा निर्माण भएको छ र यसमा "लैंगिक तथा यौन अल्पसंख्यकहरू"लाई समानुपातिक समावेशीका आधारमा राज्यका निकायमा सहभागी हुने अधिकार भएका समूहहरूमा राखिएको छ ।मतदाताका रूपमा दर्ता गर्दा कुल १६७ जनाले आफूलाई तेस्रो लिंगीका रूपमा पहिचान गरे । सर्वोच्च अदालतले शृंखलाबद्ध निर्णयहरूमाफत

सरकारलाई आफ्नो रोजाइअनुसारको लैंगिक पहिचान प्रतिनिधित्व हुन दिने गरी नागरिकताको प्रमाणपत्रलाई संशोधन गर्न सकिने कुरा सुनिश्चित गर्न निर्देशन दिएको छ।तर, प्रमाणपत्रमा नाम परिवर्तन सजिलै हुँदैन र यसले तेस्रो लिंगीका व्यक्तिलाई तिनको पहिचान प्रतिविम्बित नहुने जन्मँदाकै नाम लिइराख्नुपर्ने बाध्यता छ। निर्वाचन काननुले उम्मेदवारहरूलाई नागरिकता प्रमाणपत्रमा भएको आफ्नो कानुनी नामबाट दर्ता गराउनुपर्ने आवश्यक गराएको छ। यसले उम्मेदवारहरूलाई आफ्नो पहिचानभन्दा बाहिरको पहिचानबाट प्रचार प्रसार गराउनुपर्ने कठिनाइ सिर्जना गरेको छ। जन्मँदाको नामबाट बन्द सूचीमा नाम समावेश गरिएका एक तेस्रो लिंगी उम्मेदवारका लागि यस्तै समस्या आयो।

## १५. अपांगता भएका व्यक्तिहरूको सहभागिता

सन् २०१० मेमा नेपालले अपांगता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धिलाई सहमति जनायो। राष्ट्रिय कानुनमा सो महासन्धिलाई समावेश गर्ने उद्देश्यले ल्याइएको कानुन अपांगता भएका व्यक्तिहैको अधिकार सम्बन्धी ऐन २०७४ असोज २९ गते पारित भयो। अहिलेको निर्वाचनमा कार्यान्वयनमा नआएको यो कानुनले अपांगता भएका व्यक्तिहरूको मतदान गर्ने र निर्वाचनमा लड्न पाउने स्पष्ट अधिकारसमेत उनीहरूको राजनीतिक सहभागिताको अधिकारलाई बलियोसँग संरक्षण गरेको छ। सो कानुनले नेपाल सरकारलाई मतदान केन्द्र र मतदाता सामग्रीहरू अपांगता भएका मानिसहरूको पहुँचयोग्य र उनीहरूले बुझ्ने हुने कुरा सुनिश्चित गर्न बाध्य तुल्याउँछ।
निर्वाचनको समयमा विद्यमान निर्वाचन कानुन मतदानको अधिकारका घेरामा अपांगता सम्बन्धी कानुनले दिएको दायित्वको पूर्ण पालना गर्न विफल भयो। प्रतिनिधिसभा र प्रदेशसभाका समानान्तर निर्वाचन ऐनहरूले अपांगता भएका व्यक्तिहरूको विभिन्न आवश्यकता पूरा गर्ने गरी मतदान केन्द्र र मतदाता शिक्षा सामग्रीहरूलाई पहुँचयोग्य बनाउने उनीहरूको अधिकारलाई समावेश गरेनन्। ईयु पर्यवेक्षकहरूले उल्लेख गरेअनुसार, भ्रमण गरिएका ७३ प्रतिशत मतदान केन्द्र मात्र कम हिँड्डुल गर्न सक्ने मतदाताहरूको पहुँचयोग्य थिए। मतदान केन्द्रभित्र छिरेपछि, ईयु पर्यवेक्षकहरूका अनुसार, १६ प्रतिशत मतदान केन्द्रहरूको प्रारूपण कम हिँड्डुल गर्न सक्नु व्यक्तिहरूका लागि सुहाउँदो ढंगले भएको थिएन।

स्पर्शगोचर मतपत्र निर्देशिका पनि थिएन, जसले मतपत्रको गोपनीयतालाई प्रभावित पार्दथ्यो।कानुनमा मतदानमा सहायता गर्ने प्रावधान थियो, तर नेत्रहीन वा शारीरिक अपांगता भएकालाई मात्र यो व्यवस्था थियो, श्रवणशक्ति कमजोर भएका र बौद्धिक अपांगताका लागि थिएन। त्यसबाहेक, कानुनले परिवारका सदस्य वा मतदान कर्मचारीलाई मात्र मतदानमा सहायता गर्न अनुमति दिएको थियो, जबकि अन्तर्राष्ट्रिय सर्वोत्तम अभ्यास[39]ले यस्तो व्यक्ति मतदाताले रोजेको व्यक्ति हुनुपर्ने जनाउँछ। मतदाता नामावली ऐन २०७४ को दफा २३ (२)ले 'मनस्थिति ठीक नभएको' व्यक्तिलाई मताधिकार नभएको उल्लेख गरेको छ। यो कुरा अपांगता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धिको उल्लंघन हो, जसले त्यस्तो बन्देजलाई निषेध गरिएको व्याख्या गरिएको छ।

## १६. निर्वाचन न्याय

### क. निर्वाचन सम्बन्धी कसुरहरू

कानुनमा निर्वाचन प्रचार प्रसारको अवधिदेखि लिएर मतदान र मतगणनाको अवधिसम्मका कैयन् गतिविधिसँग सम्बन्धित निर्वाचन सम्बन्धी कसुरको बृहत् सूची छ। कानुनको मुख्य स्रोत निर्वाचन (कसुर र सजाय) ऐन, २०७४ हो। यसले निर्वाचनमा अवरोध, गैरनेपालीद्वारा मतदान, हतियार बोक्ने कार्य तथा निर्वाचनसँग सम्बन्धित सामग्री नष्ट गर्नेलगायतका विविध कुराहरूलाई निषेध गरेको छ। नेपालको सार्वभौमसत्ता, भूभाग वा राष्ट्रिय एकतामा खलल पार्ने वा धर्म, जाति, क्षेत्र वा संस्कृतिहरूबीच घृणा फैलाउने कार्यमाथि पनि रोक लगाइएको छ। मतदाताहरूलाई पैसा दिन पाइँदैन र उपहार वा खाना पनि दिन पाइँदैन। ऐनमा कस्तो प्रकारको प्रचार प्रसार गर्ने भन्ने कुरा पनि विस्तारपूर्वक दिइएको छ र निर्वाचनअघिको ४८ घण्टाको मौन अवधिको व्यवस्था पनि छ।

[39] सीआरपीडी, धारा २९ (क)(३) ले निर्वाचकका रूपमा अपांगता भएका व्यक्तिहरूको इच्छाको स्वतन्त्र अभिव्यक्ति तथा यस सम्बन्धमा आवश्यक पर्दा उनीहरूको अनुरोधमा उनीहरूले नै चाहेको व्यक्तिद्वारा मतदान गर्न सहयोग गर्ने कुराको प्रत्याभूति गर्दछ।

निर्वाचन आयोगले २०७४ साल वैशाखमा एक सूचना प्रकाशित गरी जिल्ला प्रहरी कार्यालय प्रमुखले यस ऐन अन्तर्गत बढी गम्भीर कसुरहरूमाथि अनुसन्धान गर्नुपर्ने भनी तोक्यो। नेपालपत्रमा २०७४ वैशाख २१ गते प्रकाशित सरकारको सूचनामा जिल्ला अदालतलाई निर्वाचन सम्बन्धी कसुरहरू हेर्ने गरी तोकिएको थियो। कम गम्भीर प्रकृतिका निर्वाचन सम्बन्धी कसुरहरूमा अनुसन्धान र सुपरिवेक्षण गर्ने भूमिका आयोगमा पनि रहेको छ।

निर्वाचन प्रचार प्रसारको सञ्चालन सम्बन्धी थप नियमहरू निर्वाचन आचारसंहितामा पाइन्छन्, जुन राजनीतिक दलहरूसँगको परामर्शमा मस्यौदा गरिएको थियो र निर्वाचन प्रचार प्रसारको अवधिमा मात्र लागु भएको थियो। यस संहिताले संहिताको उल्लंघनमाथि परेका उजुरीहरूमाथि अध्ययन गर्न निर्वाचन क्षेत्र र राष्ट्रिय स्तरमा आयोगअन्तर्गत स्थापित अनुगमन संयन्त्रको व्यवस्था गरेको थियो।

यो दस्तावेज राजनीतिक दल र उम्मेदवार एवं गैरसरकारी संस्था, सञ्चारमाध्यम तथा नागरिकमाथि विस्तृत रूपमा लागु भएको थियो। यसले निर्वाचन चिह्न र राजनीतिक दलका लोगोलाई टी-सर्ट, टोपी र अन्य प्रकारका लुगाहरूमा सार्वजनिक रूपमा प्रदर्शन गर्न निषेध गरेर तथा झण्डा र ब्यानरहरूलाई सार्वजनिक रूपमा राख्ने सिमाना तोकेर राजनीतिक अभिव्यक्तिको स्वतन्त्रतामाथि बन्देज लगायो। रेडियो र छापा माध्यममा दिइने विज्ञापनमाथि कडा रूपमा रोक लगाइएको थियो। त्यसबाहेक, संहिताले निर्वाचन प्रचार प्रसारको प्रयोजनका लागि सार्वजनिक संसाधन प्रयोग गर्न नसकिने व्यवस्था गरेको थियो।संहिताले निर्वाचन अभियानका क्रममा विदेश भ्रमण र कर्मचारीको विभिन्न जिल्लामा हुने सरुवालगायतका सरकारी गतिविधिका धेरैवटा नियमित काम गर्न आयोगको अनुमोदन आवश्यक गराएको थियो। निर्वाचन प्रचार प्रसार चलिरहँदा त्यस्तो अनुमतिका लागि २,००० भन्दा बढी निवेदनहरू आयोगमा परेका थिए। संहिताको उल्लंघनका १०० भन्दा केही कम उजुरी परेका थिए र ईओएमले थाहा पाएसम्म कुनै पनि घटनामा कुनै कारबाही गरिएन।

निर्वाचन सम्बन्धी कसुर गरेकोमा व्यक्तिहरूलाई अभियोग लगाएका थोरै घटाहरू थिए। यो घटना रुकुम पश्चिम निर्वाचन क्षेत्रमा मतपेटिका खोस्ने प्रयास गरेबापत भएको थियो। निर्वाचनसँग सम्बन्धित हिंसात्मक घटनामा सामान्य फौजदारी कानुनअन्तर्गत व्यक्तिहरूलाई पक्राउ गरिएका धेरैवटा घटनाहरू थिए।

## ख. उजुरी र पुनरावेदन

आयोगमा निर्वाचनसँग सम्बन्धित उजुरी र पुनरावेदनमाथि निर्णय सुनाउने व्यापक क्षेत्राधिकार रहेको छ। यो कानुनी कार्यादेश मतदाता दर्ता, मनोनयन प्रक्रिया, प्रचार प्रसार तथा मतदान र मतगणनासँग सम्बन्धित उजुरी लगायत निर्वाचन प्रक्रियाको प्रत्येक चरणमा आएका उजुरीमाथि निर्णय गर्नेसम्मको छ। निर्णय गर्ने र जरिवाना गराउने अधिकार पनि आयोगसँग छ। निर्वाचन विवाद निरूपण समितिको गठनको अनुमति दिने तथा उजुरीहरूमाथिको निर्णयमा पालना गर्नुपर्ने कार्यविधि प्रस्तुत गर्ने निर्वाचन विवाद निरूपण निर्देशिका निर्वाचन हुनुभन्दा तीन हप्ता भन्दा कम समय बाँकी रहँदा प्रकाशित गरियो।

मनोनयनमाथि चुनौती दिन सम्भव त थियो, तर थोरै मात्र परे। समानुपातिक उम्मेदवारहरूको बन्द सूचीलाई अन्तिम रूप दिँदा सात दिनभित्र त्यसमाथि विरोध दाबी गर्न आमन्त्रण गर्दै सूची प्रकाशन गरियो। नियमले कुनै पनि मतदातालाई त्यस्तो दाबी विरोध गर्न अनुमति दिएको थियो।प्रत्यक्षतर्फको दाबी विरोधमा भने आयोगसमक्ष निर्णय गर्ने समयको अभावले गर्दा उम्मेदवारहरूमा सीमित गरिएको थियो। उम्मेदवारहरूमाथिको दाबी विरोध पर्ने बित्तिकै निर्णय गर्ने प्रचलन रहे पनि सम्बन्धित सबैलाई दाबी विरोध गर्ने अर्थपूर्ण अवसर प्रदान गर्नु महत्पूर्ण हुन्छ।

आयोगले मनोनयनमाथि जाँच गरी दशभन्दा कम उम्मेदवारहरूलाई अयोग्य घोषित गऱ्यो।अयोग्य घोषित गर्ने एकमात्र निर्णय विवादमा पऱ्यो, जसमा सम्बन्धित उम्मेदवारले सर्वोच्च अदालतमा एउटा मुद्दा दर्ता गरे। यससम्बन्धमा, अयोग्यता घोषणा गर्ने कार्य खास फौजदारी अभियोग लागेका व्यक्तिहरूलाई निर्वाचन लड्नबाट रोक्ने कानुनको वैध व्याख्या थियो।आयोगले गरेको निर्णय खारेज गर्ने निवेदनलाई सर्वोच्च अदालतले स्वीकार गरेन र अयोग्यता घोषित गर्ने कार्यको सम्मान भयो।

निर्वाचन प्रचार प्रसार सम्बन्धी नियमहरूको उल्लंघनमाथिको उजुरी हेर्ने क्षेत्राधिकार पनि आयोगमा थियो। देशभर रहेका ईयु पर्यवेक्षकहरूलाई बताइएअनुसार धेरै जिल्लामा निर्वाचन आचारसंहिताको पालना सामान्यतया अघिल्ला निर्वाचनहरू भन्दा निकै राम्रो थियो। तथापि, पर्यवेक्षकहरूले अनुमति प्रदान गरिएको सीमाभन्दा बढी मात्रामा पोस्टर र झन्डा प्रयोग गरिएको जस्ता ससाना उल्लंघनहरू व्यापक रूपमा भएको पाए। उल्लंघनका धेरैवटा आरोपहरूमा सञ्चारमाध्यमहरूले समाचार दिए, जसमध्ये सार्वजनिक पदको दुरूपयोगको आरोप लगायतका केही बढी गम्भीर प्रकृतिका पनि थिए। आयोगले उजुरी गरिएका व्यवहारहरू रोक्न र त्यसबाट बच्न अनुरोध गर्दै उजुरीहरूलाई अधिकांशत अनौपचारिक ढंगबाट सम्बोधन गऱ्यो। एक सयभन्दा कम औपचारिक उजुरी पेस गरिएका थिए। अयोग्य घोषित गर्नेलगायतका व्यापक कारबाहीहरू उपलब्ध थिए, तर ती कारबाहीहरूको प्रयोग गरिएन।

कानुन लागु गराउने कार्यको अभावले आचारसंहिताको इमानदारिता र आयोगकै इमानदारितामा आँच पुऱ्यायो। लागु गराउनमा भएको विफलता क्षमताको अभावले थियो कि आयोगका तर्फबाट ती कुरा गर्नमा भएको राजनीतिक इच्छाको अभाव थियो भन्ने कुरा अस्पष्ट छ। निर्वाचन व्यवस्थापन निकायलाई व्यापक रूपमा अर्ध न्यायिक अधिकार प्रदान गर्नु अनुपयुक्त हुन्छ, किनभने कहिलेकाहीँ त्यस्ता निकायमाथि नै पनि उजुरी पर्न सक्छ भन्ने कुरा तर्क गर्न सकिन्छ। आयोगले प्रशासनिक निर्णय अधिकारलाई व्यापक रूपमा उपयोग गर्न पाउनुपर्छ भन्ने कुरा स्पष्ट भए पनि निर्वाचनको विवाद समाधान गर्ने नयाँ मञ्चको विकासले निर्वाचन सम्बन्धी पूर्वाधारको विश्वसनीयता र सबलता कायम राख्न सकिन्छ।

### ग. निर्वाचन सम्बन्धी आवेदन

वि.सं. २०७२ को संविधानअन्तर्गत सर्वोच्च अदालतको नयाँ संवैधानिक इजलास सृजना गरी २०७४ असोजमा स्थापना गरियो। यस इजलाससमक्ष संघीय संसद र प्रदेशसभाका सदस्यहरूको निर्वाचनसँग सम्बन्धित विवादहरूमा पुर्पक्ष गर्ने पूर्ण मौलिक र स्पष्ट क्षेत्राधिकार रहेको छ। संवैधानिक इजलासको कार्यसञ्चालन सम्बन्धी कार्यविधि सर्वोच्च अदालत (संवैधानिक इजलास कार्यसञ्चालन) नियमावली, २०७२ बाट निर्देशित छ। यसका निर्णयहरू पुनरावेदन गर्न पाउने कुनै सम्भावना नरही अन्तिम हुन्छन्। निर्वाचन (कसुर र सजाय) ऐनले उम्मेदवारलाई पुनः मतगणना वा निर्वाचनलाई नै अवैध गराउने माग गर्दै निर्वाचन परिणामलाई चुनौती दिन मुद्दा दर्ता गर्न १५ दिनको समयावधि दिएको छ। प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको निर्वाचन सम्बन्धी नियमावलीले चुनौती दिन ३५ दिनको अवधि दिएको छ। निर्वाचनपश्चात् प्रत्यक्षतर्फको परिणामलाई चुनौती दिन सातवटा मात्र आवेदन परेका थिए भने दुईवटाले समानुपातिक सिट बाँडफाँडलाई चुनौती दिएका थिए। यो लेख्दासम्म कुनै पनि मुद्दा सफल भएका थिएनन्।

संविधानले सर्वोच्च अदालतलाई सार्वजनिक हितको मुद्दाका रूपमा आफूसमक्षा आएका मौलिक हकका विषयहरूलाई सम्बोधन गर्ने बृहत् क्षेत्राधिकार प्रदान गरेको छ। अदालतले (संवैधानिक इजलासका रूपमा नबसी) निर्वाचन प्रचार प्रसार अवधिभर निर्वाचन सम्बन्धी कानुन र आयोगको कार्यसञ्चालन, एवं निर्वाचन परिणामको अन्तिम घोषणाअघि नै सिट बाँडफाँड गरिएका मुद्दा जस्ता धेरै पक्षहरूका सम्बन्धमा दर्ता गरिएका धेरैपटा आवेदनहरू प्राप्त गऱ्यो।

निर्वाचनको मितिभन्दा अघि पेस गरिएका मुद्दाहरूमा प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनका लागि समानुपातिक र प्रत्यक्षतर्फका दुईवटा मतपत्रहरू एउटै पत्रमा राख्ने आयोगका निर्णयलाई चुनौती दिने कतिपय मुद्दाहरू समावेश थिए। अन्य मुद्दाहरू समानुपातिकको बन्द सूचीमा अपांगता भएका व्यक्तिहरूको प्रतिनिधित्व, निर्वाचित हुनसक्ने महिलाहरूको न्यून संख्या, निजामती कर्मचारीहरूलाई अस्थायी मतदानको अधिकार नदिइएको र १० प्रतिशतभन्दा कम मत प्राप्त गर्ने दलहरूलाई समानुपातिकको प्रावधान लागु नहुने कुराको कानुनी वैधतासँग सम्बन्धित थिए। यीमध्ये एउटै पनि मुद्दा निर्वाचनभन्दा अघि पूर्ण सुनुवाईमा गएनन्। प्रत्यक्षतर्फको मतपत्रसँग सम्बन्धित अन्तरिम सुनुवाइका क्रममा आयोगले मतपत्रहरू छुट्टाछुट्टै कागजमा छपाउनुपर्ने विषयमाथि ध्यान पुऱ्याउनुपर्ने कुरा सर्वोच्च अदालतले इंगित गऱ्यो। कानुनको व्याख्या पनि गरिएन र आदेश पनि दिइएन। तथापि, यससम्बन्धमा अदालतको अवहेलना सम्बन्धी एउटा मुद्दा दर्ता गरियो र आयोगले अवहेलनाबाट बच्न छुट्टाछुट्टै मतपत्र छपाउन लाग्यो।

निर्वाचनसँग सम्बन्धित कुनै पनि मुद्दामा प्रभावकारी रूपबाट पूर्ण सुनुवाइ गर्नमा भएको विफलता पीडित पक्षलाई समयमै प्रभावकारी न्यायिक उपचार दिन अस्वीकार गर्नुसरह हो । सर्वोच्च अदालतसँग निर्णयको प्रतीक्षामा रहेका ठूलो मात्रामा मुद्दाको सञ्चय छ र यो निर्वाचनको मितिसम्म करिब २०,००० थियो । निर्वाचन सम्बन्धी विवादको क्षेत्राधिकार भएको समर्पित निर्वाचन न्यायाधीकरणले भविष्यमा त्यस्तो ढिलाइ कम गर्न सक्छ ।

प्रदेशसभाको परिणाम घोषणा हुनुअघि सम्बद्ध प्रादेशिक आरक्षणअनुसार बन्द सूचीभित्रबाट सिट बाँडफाँड गर्ने विभिन्न पक्षमाथि चुनौती दिँदै दुईवटा मुद्दा सर्वोच्च अदालतमा पेस गरिएका थिए । कुनै पनि मुद्दा सफल भएन र आयोगले कानुनअनुसार सिट बाँडफाँड गर्दै अगाडि बढ्यो ।

अर्को मुद्दा दर्ता गर्ने प्रयास गरिएको थियो तर सर्वोच्च अदालतले खारेज गऱ्यो । गिरफ्तारीको वारेन्ट रहेका कारणले आफै उपस्थित हुन अनिच्छुक प्रतिनिधिसभाको प्रत्यक्षतर्फको निर्वाचनमा विजयी व्यक्तिलाई निर्वाचित भएको प्रमाणपत्र नदिने आयोगको निर्णयसँग यो सम्बन्धित थियो ।

# १७. निर्वाचनको दिन तथा परिणामको घोषणा

## क. प्रारम्भ र मतदान

समग्रमा, देशभरका १९,८०९ मतदान केन्द्रमा मतदान भयो । मंसिर १० र २१ गते ईयु पर्यवेक्षकहरूले सबै सातवटा प्रदेशका ६१ जिल्लाका ६३३ मतदान केन्द्रहरूमा मतदान कार्य, प्रारम्भ र अन्त्यको अवलोकन गरे । मतदान र मतगणना केन्द्रमा निर्बाध पहुँच प्रदान गर्ने आयोगद्वारा जारी गरिएको प्रमाणपत्र प्रस्तुत गर्दासमेत ईयु पर्यवेक्षकहरूलाई २२ मतदान केन्द्रमा पहुँच दिइएन र २९ वटा मतदान केन्द्रमा पर्यवेक्षण गर्न गम्भीर रूपमा बन्देज लगाइयो ।

बहत्तर मतदान केन्द्रमा मतदानको प्रारम्भ अवलोकन गरियो । तीमध्ये १४ वटा मात्र समयमै सुरु भ एभने बाँकी ५८ वटा एक घण्टा भन्दा कम ढिलो गरी सुरु भए । भ्रमण गरिएका मतदान केन्द्रहरूमध्ये ८९ वटामा मतदान कार्य सकारात्मक, अर्थात् राम्रो वा धेरै राम्रो भनी मूल्यांकन गरिए पनि भ्रमण गरिएका ११ प्रतिशतमा मतदान नराम्रो वा अत्यन्त नराम्रो भएको मूल्यांकन गरियो । मूल्यांकन नकारात्मक भएको मूल्यांकन गरिएका यी केन्द्रको मतदान प्रक्रियाको विश्वसनीयतामा प्रभाव पार्ने अनियमितताहरू निम्न थिए: मतको गोपनीयताको अभाव, बिना कुनै सहायता मतपत्रमा चिह्न लगाउन सक्ने देखिएका मतदाताहरूलाई अनधिकृत व्यक्तिहरूद्वारा सहायता प्रदान गरिएको, मतदानको पर्दापछाडि मानिसहरू एकसाथ मतदान गरेको, अर्काको नाममा मतदान गरेको तथा मतदान केन्द्रभित्र अनधिकृत मतदान पहिचान गरी मुख्यतया राजनीतिक दल र उम्मेदवारका प्रतिनिधिले मतदान कर्मचारीको काममा हस्तक्षेप गरेको ।

भ्रमण गरिएका १३ प्रतिशत मतदान केन्द्रहरूमा मतदाताहरू सधैँ गोप्य रूपमा आफ्नो मतपत्रमा चिह्न लगाइरहेका थिएन ।मतदान गर्ने ठाउँमा पर्दा पछाडि एकजना भन्दा बढी मतदाता रहेको र अरुकै नाममा मतदान गरिरहेको घटना क्रमशः १४ र ११ प्रतिशत मतदान केन्द्रमा देखियो । भ्रमण गरिएका मतदान केन्द्रहरूमा राजनीतिक दल र उम्मेदवारका प्रतिनिधि सबैमा उपस्थित थिए भने राष्ट्रिय पर्यवेक्षकहरू एक-तिहाइमा उपस्थित थिए । बहत्तर मतदान केन्द्रमा मतदानको समाप्तिको अवलोकन गरियो । निर्वाचनको दिनको सबैभन्दा कम समस्याको विषय यही देखियो, जहाँ ३ वटा बाहेक सबैमा समग्र मूल्यांकन सकारात्मक थियो ।

कतिपय समयमा लामो लाइन लाग्नुपर्ने र कुर्नुपर्ने भए पनि मतदान अधिकृतद्वारा निर्वाचन अधिकृतसमक्ष सिलबन्दी गरिएको मतपेटिका र अन्य संवेदनशील सामग्री हस्तान्तरण सुनियोजित रहेको ईयु पर्यवेक्षकहरूले प्रतिवेदन गरे । पहिलो चरणको निर्वाचनको मतपत्रहरू पनि दोस्रो चरणको निर्वाचनपछि मात्र गणना गर्नुपर्ने थियो । पहिलो चरणको निर्वाचन भएका जिल्लाहरूमा मतपेटिका राखिएको स्थानको सुरक्षा व्यवस्था पर्याप्त थियो । दल र उम्मेदवारका प्रतिनिधिहरूलाई मंसिर १० गतेदेखि २१ गतेसम्म गणना प्रारम्भ नभएसम्मका लागि मतपेटिकाहरूको अनुगमन गर्न मतपेटिकालाई राखिएको ठाउँमा वा त्यसको नजिक बस्न दिइएको थियो । तर, मतपत्र र मतपेटिका हिंसात्मक आक्रम(ाबाट नष्ट भएकाले आयोगले रुकुम पश्चिम जिल्लाका दुईवटा मतदान

केन्द्र र अर्घाखाँची जिल्लाका दुईवटा मतदान केन्द्रमा क्रमशः मंसिर १५ गते र २३ गते पुनः मतदान गराउनुपर्‍यो ।

## ख. गणना र तालिकीकरण

पहिलो चरणमा निर्वाचन भएका जिल्लाहरूमा, दोस्रो चरणको निर्वाचनको मतदान समाप्त भएपछि मंसिर २१ गते साँझ ५ बजे मतगणना सुरु भयो । गणना प्रक्रियाको नौदिनको अवधिमा ईयु पर्यवेक्षकहरूलाई देशभरका २० जिल्लाका मतगणना केन्द्रहरूमा ५१ पटक पूर्ण पहुँच दिइएन । पहुँच सम्बन्धी सबैभन्दा ठूलो समस्या कैलाली, कञ्चनपुर, ललितपुर, गोर्खा, सुनसरी, पाल्पा र भक्तपुर जिल्लामा भएको प्रतिवेदन गरियो । ईयु ईओएमले पहुँच नदिइएको जिल्लाहरूबारे आयोगलाई दिनहुँ जानकारी गरायो, तर तीनवटा जिल्ला (बागलुंग, झापा र पाल्पा)मा मात्र स्थितिमा सुधार आयो ।

मंसिर २२ र ३० गते, ईयु पर्यवेक्षकहरूले पर्यवेक्षण गर्न पूर्ण पहुँच दिइएका ४० वटा जिल्लाका १४२ गणना पर्यवेक्षण फारम पेस गरे । समग्रमा, ईयुका पर्यवेक्षकहरूलाई पूर्ण पहुँच दिइएका गणना केन्द्रहरूमा गणना पारदर्शी रूपबाट सञ्चालन भएको थियो । तर, मतपत्रको मिलानसँग सम्बन्धित महत्वपूर्ण कार्यविधिलगायत तय गरिएका कार्यविधिहरू बारम्बार अवलम्बन गरिएका थिएनन् । पर्यवेक्षण गरिएको एउटा बाहेक सबै गणना केन्द्रमा दलका प्रतिनिधिहरू उपस्थित थिए र ईयु पर्यवेक्षकहरूलाई पूर्ण पहुँच नदिइएका केन्द्रहरूमा पनि उनीहरूको पूर्ण पहुँच रहेको बताइएको थियो । कार्यविधिमा भएको भनिएको मुख्य अनियमिततामा, दुई वा दुईभन्दा बढी मतदान केन्द्रका मतपत्रहरू मिसाउँदा प्रत्येक मतपेटिकामा रहेका मतपत्रको संख्या १२ प्रतिशत गणना केन्द्रमा मात्र गनिएको थियो । यो अभ्यासले मतदान केन्द्रमा मतदाताहरूलाई जारी गरिएको भन्दा बढी मतपत्र मतपेटिकामा रहेको हुनसक्ने घटना थाहा पाउने झिनो सम्भावनालाई पनि असम्भव बनाउँछ । त्यसबाहेक, २१ प्रतिशत घटनामा सदर वा बदर मतको निर्धारण सधैँ नियमअनुसार गरिएको थिएन र पर्यवेक्षण गरिएका १९ प्रतिशत मतदान केन्द्रहरूमा प्रत्येक मतपत्रमा मतदाताको रोजाइलाइ प्रतिनिधिहरूले सधैँ स्पष्टसँग देख्न सक्दैनथे ।

मतपेटिकामा पाइएको मतपत्रको संख्या र मतदान केन्द्रमा जारी भएका मतपत्रको संख्यामा भिन्नता, मतपेटिकामा अधकट्टीसहितको मतपत्र पाइएको तथा दलका कार्यकर्ताहरूद्वारा मतपेटिका कब्जा गरिएको जस्ता समस्याका कारण चारवटा निर्वाचन क्षेत्र (काठमाडौँ ५, सुनसरी ३, स्याङ्जा २ र तनहुँ २क)मा गणना प्रक्रिया स्थपित गरियो । तर, सबै समस्याहरू स्थानीय स्तरमै समाधान गरी उल्लिखित सबै निर्वाचन क्षेत्रमा गणना प्रक्रिया सम्पन्न भएको प्रतिवेदन गरियो ।

प्रशंसनीय कुरा, आयोगले सबै चारवटा निर्वाचनका लागि निरन्तरको प्रगति सहितको निर्वाचन क्षेत्रपिच्छेको परिणाम अनलाइन प्रकाशन गर्‍यो । प्रत्यक्ष र समानुपातिकतर्फको गणना क्रमशः मंसिर २७ र पुस २ गते, अर्थात् १० दिनभित्र सम्पन्न भए ।

समानुपातिकतर्फको संघीय र प्रदेशसभाको निर्वाचन क्षेत्रको परिणामहरूको तालिकीकरण काठमाडौँस्थित आयोगको तालिकीकरण केन्द्रमा गरियो ।संघीय निर्वाचन क्षेत्रको परिणा फारमका स्क्यान गरिएका प्रतिहरू सम्बन्धित निर्वाचन क्षेत्रको मतगणना केन्द्रबाट विद्युतीय रूपमा प्राप्त भएका थिए र चारजना तथ्यांक प्रविष्टि गर्नेहरूले तथ्यांकहरूलाई डाटाबेसमा प्रविष्ट गरेका थिए । तालिकीकरण केन्द्रमा १६५ वटा निर्वाचन क्षेत्र परिणाम फारमका मूलप्रतिहरू प्राप्त भएपछि मात्र समानुपातिक निर्वाचन अधिकृत (आयोगका सचिव)द्वारा अन्तिम परिणामको घोषणा गरियो ।

तालिकीकरण केन्द्रमा पहुँचको अवस्था विविध थियोः ईयु टोलीले मंसिर २८ गते पहिलोपटक भ्रमण गर्दा प्रक्रियाको अवलोकन गर्न तथा सबै सम्बद्ध सूचना प्राप्त गर्न पूर्ण पहुँच दिइयो भने मंसिर २९ गते पुस १ गते टोलीलाई कुनै स्पष्टीकरण नदिई नम्र रूपमा जान आग्रह गरियो । आयोगले समानुपातिकको मत तालिकीकरणको प्रगतिबारे कुनै आधिकारिक जानकारी दिएन ।

## ग. निर्वाचन परिणामको घोषणा

दुवै चरणको निर्वाचनमा गरी प्रतिनिधिसभा र प्रत्यक्षतर्फ खसेका कुल मतका आधारमा ईयु ईओएमले गरेको गणनामा मतदानमा मतदाताको कुल सहभागिता ६९ प्रतिशत थियो । सबैभन्दा कम सहभागिता उदयपुर निर्वाचन

क्षेत्र नं. २ (५४ प्रतिशत) र सबैभन्दा बढी डोल्पा निर्वाचन क्षेत्रमा (८४ प्रतिशत) थियो । आयोगले मतदाता सहभागिता सम्बन्धी कुनै विस्तृत सूचना प्रकाशित गरेन ।

विभिन्न मतदान केन्द्रका मतपत्रहरू मिसाएर एकसाथ गन्नुको अर्थ कुनै एक मतदान केन्द्रको परिणाम उपलब्ध नहुनु हो । परिणामस्वरूप, मतदान केन्द्रमा मतदाताको सहभागिता मतदान प्रक्रियाको अर्थपूर्ण जाँच गर्ने एकमात्र उपलब्ध साधन हो । तसर्थ, आयोगद्वारा कुनै एक मतदान केन्द्रमा मतदाता सहभागिता सम्बन्धी तथ्यांक प्रकाशन गर्नमा भएको विफलता मतदानको शुद्धतामाथिको सुपरिवेक्षणमा भएको कमी हुन जान्छ ।[40] त्यसबाहेक, आयोगले न त विस्तृत निर्वाचन क्षेत्र परिणाम फारम, अर्थात् गणना तालिका प्रकाशित नै गर्छ न त दल र उम्मेदवारका प्रतिनिधिहरूलाई उपलब्ध नै गराउँछ ।

मंसिर २३ गते, निर्वाचन आयोगले संघीय र प्रदेशसभा सदस्यका लागि भएको प्रत्यक्षतर्फको निर्वाचनमा बदर मतको कुल संख्या ५.१८ प्रतिशत पुगेको घोषणा गर्‍यो । आयोगको वेबसाइटमा प्रकाशित परिणामको तथ्यांकका आधारमा ईयु ईओएमले गरेको गणनासँग यो संख्या मिल्दछ । ईयु ईओएमको गणनाबाट बदर मतको दर सबैभन्दा कम मनाङ जिल्ला निर्वाचन क्षेत्रमा (०.४ प्रतिशत) र सबैभन्दा बढी रूपन्देही निर्वाचन क्षेत्र नं. ४ मा (१० प्रतिशत) रहेको पनि देखिन्छ । प्रत्यक्षतर्फका १६५ निर्वाचन क्षेत्रमध्ये ४० वटामा बदर मतको संख्या विजेता र उपविजेताबीचको मतान्तरभन्दा बढी थियो । सबैभन्दा बढी, हुम्लाको संघीय निर्वाचन क्षेत्रमा बदर मतको संख्या विजयको अन्तरभन्दा २४ गुणा बढी थियो ।

मंसिर २८ गते, आयोगले कुनै स्पष्टीकरण नदिई समानुपातिकतर्फको निरन्तर आइरहेको परिणाममा खसेको कुल मत संख्या प्रकाशन गर्न रोक्यो र स्वतन्त्र रूपमा समानुपातिक तर्फको बदर मतको प्रतिशत गणना गर्ने सम्भावना अन्त्य गर्‍यो । तर, प्रत्यक्षतर्फ खसेको यसअघिको तथ्यांकलाई प्रयोग गरेर ईयु ईओएमले, संघीय प्रत्यक्ष निर्वाचन र समानुपातिक निर्वाचनमा खसेको मतको भिन्नता नगन्य हुने अनुमान गर्दै, आफ्नै गणना गर्न सक्यो । समानुपातिकतर्फको बदर मत दर अत्यन्त उच्च अर्थात् संघीयतर्फ ९.९ प्रतिशत र प्रदेशसभातर्फ १४.८ प्रतिशत थियो ।[41]यसले के संकेत गर्दछ भने, मतदाताको उल्लेख्य संख्याले तीनवटा मतपत्रमा चारवटा मतदान गर्नुपर्ने कुरा पूर्णतया बुझ्नेनन् र खासगरी प्रदेश २ मा राजनीतिक कारणले गर्दा जानीजानी मतपत्र बिगार्ने काम भएको हुनसक्छ ।

प्रतिनिधिसभा र प्रदेशसभाको प्रत्यक्षतर्फको सबै निर्वाचन परिणामहरू सम्बन्धित निर्वाचन क्षेत्रका निर्वाचन अधिकृतहरूद्वारा मंसिर २७ गतेसम्म घोषणा गरियो र जितेका उम्मेदवारहरूले औपचारिक प्रमाणपत्र पाए । तर, समानुपातिकतर्फको आधिकारिक घोषणा अत्यन्त ढिलो भयो ।[42] गणना सकिएको ६ दिनपछि अर्थात् पुस ७ गते आयोगले सातवटै प्रदेशसभामा सात राजनीतिक दलहरूमध्ये प्रत्येकले पाएको समानुपातिक सिट संख्या घोषणा गर्‍यो । अन्ततः वि.सं. २०७४ माघ ४ गते सातवटा प्रदेशसभामा समानुपातिक प्रणालीअन्तर्गत निर्वाचित सदस्यहरूको नाम घोषणा गर्‍यो ।

प्रतिनिधिसभामा राजनीतिक दलहरूले जितेको समानुपातिक सिटहरूको संख्याको घोषणामा अझ धेर ढिलाइ भयो । आयोगले सिटको बाँडफाँडलाई अन्तिम रूप दिनुअघि राष्ट्रिय सभाको निर्वाचनको परिणाम नआएसम्म आफूहरूले पर्खनुपर्ने किनभने संवैधानिक आवश्यकता अनुसार प्रत्येक राजनीतिक दलले संघीय संसद्मा प्रतिनिधित्व गराउने सदस्यहरूमध्ये एक-तिहाइ महिला हुनैपर्ने बाध्यता रहेको बतायो । आयोगले अन्ततः माघ २६ गते पाँचवटा राजनीतिक दलहरूले प्रतिनिधिसभामा जितेका समानुपातिक सिटको संख्या घोषणा गर्‍यो र फागुन २ गते समानुपातिक प्रणालीअन्तर्गत निर्वाचित हुने सदस्यहरूको नामको घोषणा गर्‍यो ।प्रतिनिधिसभा र

[40]मंसिर १३ गते काठमाडौं पोस्टमा प्रकाशित एउटा लेखमा बाजुरा जिल्लामा विदेशी भूमिमा काम गरिरहेका, घरबाट बाहिर रहेका धेरै पुरुष मतदाताहरूको नाममा व्यापक मात्रामा मतदान गरिएको आरोप लगाइएको थियो । बाजुरा जिल्लामा ईयु पर्यवेक्षक परिचालन गरिएको थिएन । http://kathmandupost.ekantipur.com/news/2017-11-29/proxy-voting-blamed-for-highest-turnout.html

[41]खासगरी प्रदेश २ मा सी.के.राउतले नेतृत्व गरेको स्वतन्त्र मधेश गठबन्धनले जानीजानी मतपत्र बदर गर्न आह्वान गर्‍यो ।

[42]आयोगले प्रतिनिधिसभा र प्रदेशसभाको समानुपातिक निर्वाचनतर्फ दलहरूले प्राप्त गरेको कुल मत अनलाइन प्रकाशित गरेपछि प्रतिनिधिसभा र सातवटा प्रदेशसभाहरूमा दलहरूले समानुपातिकतर्फ प्राप्त गरेको सिटहरू अनौपचारिक रूपबाट गणना गर्न सम्भव भयो।

प्रदेशसभातर्फको समानुपातिक प्रणालीतर्फको सिट दुईतर्फ क्रमशः कुल सदर मतको कम्तीमा ३ प्रतिशत र १.५ प्रतिशत मत प्राप्त गर्ने दलहरूलाई बाँडफाँड गरियो र त्यसपछि आवश्यक आरक्षण कार्यान्वयन गरियो ।

## १८. निर्वाचनपछिको घटनाक्रम

प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनले नेपालको राजनीतिक परिदृश्यलाई नयाँ दिशा दिएको छ । अघिल्लो संविधानसभा ३० वटा राजनीतिक दल र दुईजना स्वतन्त्र उम्मेदवार मिलेर बनेको थियो, जबकि २०७४ सालको चुनावमा भाग लिने ४९ दलमध्ये नयाँ संसद्मा पाँचवटा मात्र दल[43] तथा एकजना स्वतन्त्र उम्मेदवारले प्रतिनिधित्व गर्दैछन् । यी दलहरूमध्ये पाँचवटाले मात्र समानुपातिकतर्फ सिट प्राप्त गर्न आवश्यक ३ प्रतिशत मत प्राप्त गरे । प्रत्यक्षतर्फका १६५ निर्वाचन क्षेत्रबाट ६ जना मात्र महिला, सबै वाम गठबन्धनका, निर्वाचित भए ।

नेकपा (एमाले) र नेकपा (माके)को वाम गठबन्धनले प्रतिनिधिसभाको प्रत्यक्षतर्फको अधिकांश सिट अर्थात् १६५ मध्ये ११६ सिट प्राप्त गरे । यसमा नेकपा (एमाले)ले ८० र नेकपा (माके)ले ३६ सिट पाए । दुई दलहरू समानुपातिक निर्वाचनको दुईवटा भिन्दाभिन्दै सूचीमा चुनाव लडे : नेकपा (एमाले)ले ३३.२ प्रतिशत सदर मतसहित सर्वाधिक उच्च परिणाम पायो भने नेकपा (माके)ले १३.७ प्रतिशत मत पायो । राप्रपा र राष्ट्रिय जनमोर्चाले दुईवटा मात्र निर्वाचन क्षेत्रमा वाम गठबन्धनसँग गठबन्धन गरे र प्रत्यक्ष निर्वाचनतर्फ दुवैले सिट हासिल गरे ।[44] प्रतिनिधिसभाको कुल २७५ सिटमध्ये नेकपा (एमाले)ले १२१ सिट (कुल ४६ प्रतिशत) र नेकपा (माके)ले ५३ सिट (१९ प्रतिशत) हासिल गरे । तसर्थ, नेकपा (एमाले) एक्लै सामान्य बहुमतभन्दा १७ सिट कम रह्यो भने नेकपा (एमाले) र नेकपा (माके) मिल्दा संविधान संशोधनका लागि आवश्यक दुई-तिहाई सिट भन्दा १० सिट कममा रहे ।

नेपाली कांग्रेस (नेका)ले प्रतिनिधिसभाको समानुपातिक निर्वाचनतर्फ कुल मतको ३२.८ प्रतिशत मत प्राप्त गरी दोस्रो सबैभन्दा राम्रो परिणाम हासिल गर्‍यो । सो दलले झन्डै नेकपा (एमाले)कै हाराहारीमा परिणाम प्राप्त गर्‍यो, जबकि प्रत्यक्षतर्फ उसका उम्मेदवारहरूनेकपा (एमाले)को परिणामको करिब एक-चौथाई अर्थात् २३ स्थानमा मात्र निर्वाचित भए । नेकासँग गठबन्धन गरेको एउटा मात्र दल, नयाँ शक्ति पार्टीले एउटा सिट हासिल गर्‍योः उसका नेता पूर्वप्रधानमन्त्री बाबुराम भट्टराई गोर्खाबाट निर्वाचित भए ।

प्रतिनिधिसभाको प्रत्यक्ष र समानुपातिकतर्फ दुवैमा तेस्रो र चौथो सबैभन्दा राम्रो परिणाम क्रमशः राजपा नेपाल र संघीय समाजवादी फोरम नेपालले हासिल गरे । ती दुईवटा दलले मधेशीहरूको बाहुल्य रहेको प्रदेश २ मा गठबन्धन निर्माण गरे र क्रमशः ११ तथा १० सिट (कुल ३२ सिटमध्ये) हासिल गरे । ती दुवैले समानुपातिकतर्फ ४.९ प्रतिशत मत अर्थात् प्रत्येकले ६ सिट हासिल गरे । दुईवटा कम्युनिस्ट पार्टीहरूसँगै नेका, राजपा नेपाल र संघीय समाजवादी फोरम नेपाल मात्र आवश्यक ३ प्रतिशत मत कटाई समानुपातिकतर्फ सिट प्राप्त गर्न सफल भए ।

प्रत्यक्षतर्फको निर्वाचनमा उग्र वामपन्थी नेपाल मजदुर किसान पार्टी (नेमकिपा)ले आफ्नो राम्रो पकड भएको भक्तपुरमा एक सिट हासिल गर्‍यो । त्यसबाहेक, वाम गठबन्धनबाट मनोनयनमा नपरेका नेकपा (माके)को पोलिटब्युरो सदस्य छक्कबहादुर लामा स्वतन्त्र उम्मेदवारका रूपमा हुम्लाबाट विजयी भए ।

प्रदेशसभाको निर्वाचनमा पनि प्रतिनिधिसभाको निर्वाचन नै प्रतिविम्बित भएको छ, जहाँ सातमध्ये ६ वटा प्रदेशमा दुईवटा कम्युनिस्ट पार्टीहरूले सबैभन्दा बढी मत प्राप्त गरेका छन् ।नेकपा (एमाले)ले प्रदेश २ बाहेक सबै प्रदेशमा सर्वाधिक मत प्राप्त गर्‍यो र कुल सिटको करिब आधा सिट हासिल गर्‍यो ।नेकपा (माके) र नेकाले दोस्रो र तेस्रो सबैभन्दा बढी मत पाए । राजपा नेपाल र संघीय समाजवादी फोरम नेपालले मिलेर प्रदेश २ मा जिते भने प्रदेश

[43]नेपाल कम्युनिस्ट पार्टी - एकीकृत मार्क्सवादी लेनिनवादी (नेकपा (एमाले)), नेपाल कम्युनिस्ट पार्टी - माओवादी केन्द्र (नेकपा (माके)), नेपाली कांग्रेस (नेका), संघीय समाजवादी फोरम नेपाल, राष्ट्रिय जनता पार्टी नेपाल (राजपा नेपाल), नेपाल मजदुर किसान पार्टी (नेमकिपा), राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा), नयाँ शक्ति पार्टी नेपाल, राष्ट्रिय जनमोर्चा ।

[44]राष्ट्रिय प्रजातन्त्र पार्टी झापा-१ मा वाम गठबन्धनमा सम्मिलित भयो र अन्य निर्वाचन क्षेत्रहरूमा उसको लोकतान्त्रिक गठबन्धनसँग सिट बाँडफाँडको सम्झौता थियो ।

१, ५ र ७ मा पनि सिटहरू हासिल गरे। अरु आठवटा राजनीतिक दलहरूले विभिन्न प्रदेशसभामा प्रतिनिधित्व गरेका छन् र प्रदेश ३ आठवटा राजनीतिक दलहरूको प्रतिनिधित्व भएको राजनीतिक रूपबाट सबैभन्दा विविध प्रदेश भएको छ।[45]

**राष्ट्रिय सभा**

राष्ट्रिय सभाको निर्वाचनको सेरोफेरोमा भएको राजनीतिक गतिरोधका कारणप्रतिनिधिसभाका लागि समानुपातिक सिटको बाँडफाँड र त्यसले गर्दा तल्लो सदनको गठनमा ढिलाइ भयो। संविधानको धारा ८४ ले महिलाका लागि एक-तिहाइको आरक्षण सृजना गरेको छ र यो कुरा समग्र संघीय संसदमा लागु हुन्छ। राष्ट्रियसभामा निर्वाचित हुने महिलाको संख्या थाहा नभई सिड बाँडफाँड गर्न आरक्षण कानुनी अवरोधका रूपमा रहेको व्याख्या गर्दै आयोगले प्रतिनिधिसभाको परिणामलाई राष्ट्रिय सभाको भन्दा भिन्दै निर्धारण गर्न नसकिने निर्णय गऱ्यो।

राष्ट्रिय सभाको निर्वाचन सम्बन्धी कानुन संसद्मा प्रस्तुत गरिएको थियो तर संसद् विघटन हुनुअघि यो पारित हुन सकेन। त्यसपछि सरकारले निर्वाचनको व्यवस्था गर्ने एउटा अध्यादेश राष्ट्रपतिको मन्जुरीका लागि राष्ट्रपतिसमक्ष प्रस्तुत गऱ्यो र यो प्रक्रिया पूरा हुन दुई महिना लाग्यो। संसद्मा प्रस्तुत पहिलो कानुनमा प्रत्यक्ष मतदान प्रणालीको सामान्य बहुमतको कुरा थियो भने अध्यादेशमा एकल संक्रमणीय मतदान प्रणाली समावेश गरिएकाले अवलम्बन गरिने निर्वाचन प्रणालीमा भएको मतभिन्नताका कारण त्यति समय लागेको थियो। नेकाले एकल संक्रमणीय मतदानलाई समर्थन गऱ्यो भने नेकपा (एमाले)ले त्यसको विरोध गऱ्यो। पुस १५गते, राष्ट्रपति विद्यादेवी भण्डारीले राष्ट्रिय सभाका सदस्यहरूको निर्वाचन सम्बन्धी अध्यादेशलाई मन्जुरी प्रदान गर्नुभयो।

**गोलमेच**

प्रस्थान गर्नुअघि, ईयु ईओएमले निर्वाचनको कानुनी खाका र निर्वाचन प्रक्रिया, खासगरी अन्तर्राष्ट्रिय प्रतिबद्धता, मापदण्ड र सर्वोत्तम अभ्यासका कैयौं पक्षहरूमा सम्भावित सुधारबारे छानिएका सिफारिसहरूमाथि गोलमेच छलफल गर्न प्रमुख निर्वाचन सरोकारवालाहरूलाई आमन्त्रण गऱ्यो। निर्वाचन गोलमेचमा संघीय समाजवादी फोरम नेपालका अध्यक्षलगायत राजनीतिक दलका नेता र प्रतिनिधिहरू, निर्वाचन आयोग, राष्ट्रिय मानवअधिकार आयोग, राष्ट्रिय कानुन आयोगका प्रतिनिधि एवं सञ्चारमाध्यम र राष्ट्रिय पर्यवेक्षक संगठनसमेत नागरिक समाजका प्रतिनिधिहरूको सहभागिता थियो।

# १९. सिफारिसहरू

ईयु ईओएमले पर्यवेक्षण, विश्लेषण र विभिन्न खालका सरोकारवालाहरूसँगको छलफलमा आधारित रही भविष्यमा हुने निर्वाचनहरूका लागि सिफारिसहरू प्रस्तुत गरेको छ। नेपालमा लागु हुने लोकतान्त्रिक निर्वाचन सम्बन्धी अन्तर्राष्ट्रिय तथा क्षेत्रीय प्रतिबद्धताहरूमा व्यवस्था भएअनुसार व्यक्ति रसमूहहरूको मौलिक हकहरूको प्राप्तिका लागि निर्वाचन प्रक्रियामा सुधार ल्याउनु यसको लक्ष्य हो। यस सम्बन्धमा, नेपाल सरकार, निर्वाचन आयोग, राजनीतिक दल र नागरिक समाजहरूको विचार र कार्यका लागि २९ वटा सिफारिसहरू प्रस्तुत गरिएको छ।

[45]प्रदेश १: नेकपा (एमाले) ५१ सिट, नेकपा (माके) १५ सिट, नेका २१ सिट, संघीय समाजवादी फोरम नेपाल ३ सिट, राप्रपा १ सिट, संघीय लोकतान्त्रिक राष्ट्रिय फोरम १ सिट र स्वतन्त्र १ सिट (कुल ९३ सिट)। प्रदेश २: नेकपा (एमाले) २१ सिट, नेकपा (माके) ११ सिट, नेका १९ सिट, संघीय समाजवादी फोरम नेपाल २९ सिट, राजपा नेपाल २५ सिट, नेपाल संघीय समाजवादी पार्टी १ सिट र स्वतन्त्र १ सिट (कुल १०७ सिट)। प्रदेश ३: नेकपा (एमाले) ५८ सिट, नेकपा (माके) २३ सिट, नेका २१ सिट, बहुजन समाजवादी पार्टी ३ सिट, नेमकिपा २ सिट, एनएसपीएन १ सिट, राप्रपा १ सिट, राप्रपा-प्रजातान्त्रिक १ सिट (कुल ११० सिट)। प्रदेश ४: नेकपा (एमाले) २७ सिट, नेकपा (माके) १२ सिट, नेका १५ सिट, राष्ट्रिय जनमोर्चा ३ सिट, एनएसपीएन २ सिट र स्वतन्त १ सिट (कुल ६० सिट)। प्रदेश ५: नेकपा (एमाले) ४१ सिट, नेकपा (माके) २० सिट, नेका (१९ सिट), संघीय समाजवादी फोरम नेपाल ५ सिट, राजपा नेपाल १ सिट, राष्ट्रिय जनमोर्चा १ सिट (कुल ८७ सिट)। प्रदेश ६: नेकपा (एमाले) २० सिट, नेकपा (माके) १३ सिट, नेका ६ सिट र राप्रपा १ सिट (कुल ४० सिट)। प्रदेश ७: नेकपा (एमाले) २५ सिट, नेकपा (माके) १४ सिट, नेका १२ सिट र राजपा नेपाल २ सिट (कुल ५३ सिट)।

विभिन्न मुद्दाहरूलाई समयमै सम्बोधन गर्न, सबै सिफारिसहरूको कार्यान्वयनमाथिको छलफल जतिसक्दो चाँडो चलाउनुपर्छ । प्राथमिकता दिइएका सिफारिसहरूलाई गाढा रंगमा प्रस्तुत गरिएको छ:

**कानुनी खाका**

१. निर्वाचन सम्बन्धी कानुन पूर्णतया विस्तृत हुनुपर्छ जसमा सबै आवश्यक कार्यविधिहरू तोकिएको हुनुपर्छ र निर्वाचन भन्दा एक वर्षअघि नै लागु हुँदा राम्रो हुन्छ । कानुनलाई सुधार गर्न आवश्यक भएमा सबै सरोकारवालाहरूको सहमतिमा गरिने संशोधन अपवाद हुन सक्छ ।

२. निर्वाचन सम्बन्धी कानुनी दस्तावेजहरूमा रहेका असमानताहरूको पहिचान गर्न तिनको समीक्षा गर्न सल्लाह दिइन्छ । समानुपातिक र अन्य प्रचार प्रसारको खर्च सम्बन्धी नियमहरू र अन्य नियमहरूलाई संगठित बनाउनु उपयोगी हुन्छ ।

३. **प्रतिनिधिसभा र प्रदेशसभाको जातीय संरचना सम्बन्धी आरक्षण प्रणालीको प्रभावको समीक्षा गर्ने । समावेश गरिएका समूहबाट खस आर्यलाई हटाउने । नकरात्मक विभेदको भागी भएका समूहलाई मात्र सकारात्मक कार्य सम्बन्धी उपायहरू लागू हुने कुरा सुनिश्चित गर्ने ।**

४. नागरिकता सम्बन्धी कानुनहरूलैंगिकरूपमा तटस्थ रहेको तथा स्वरूप र कार्यान्वयन दुवैमा समान रहेको कुरा सुनिश्चित गर्ने

५. अन्तर्राष्ट्रिय मापदण्ड, खासगरी स्वेच्छाचारी गिरफ्तारी र थुनाविरुद्धको मापदण्ड, अनुरूप बनाउन निवारक नजरबन्दलाई अनुमति प्रदान गर्ने कानुनी प्रावधानको समीक्षा गर्ने ।

**निर्वाचन प्रशासन**

**१. सरोकारवालाहरूसँगको नियमित परामर्श तथा सार्वजनिक सरोकारका सबै सूचनाको समयमै प्रकाशनबाट आयोगको पारदर्शिता अभिवृद्धि गर्ने ।**

२. आयोगले विद्यमान कानुनी प्रावधानअनुसार प्रमुख/निर्वाचन अधिकृतमाथिको व्यवस्थापन अधिकारको प्रयोग गरी निर्देशिकाहरूको एकनासको पालना गराउने ।

**३. नेपालमा प्रयोग हुने सबै भाषाहरूमा व्यापक मतदाता शिक्षा अभियान निर्वाचनभन्दा पर्याप्त अघि प्रारम्भ गर्ने ।**

४.प्रत्येक निर्वाचन प्रतिस्पर्धाका लागि मतपत्र भिन्दाभिन्दै पत्रमा छाप्ने र प्रतिस्पर्धी दल र उम्मेदवारहरूको चिह्न र नाममात्र समावेश गर्ने ।

५. कानुनमा पर्यवेक्षकहरूका लागि पूर्ण र निर्बाध पहुँच सुनिश्चित गर्ने ।

**६. अझ बढी समान मताधिकार सुनिश्चित गर्न प्रत्यक्षतर्फको निर्वाचन क्षेत्रको सिमाना पुनरावलोकन गर्ने ।**

**मतदाता दर्ता**

**१ भाडाको घरमा बस्ने तथा अनौपचारिक बस्तीहरूमा बस्नेहरूलाई आफ्नो मतदाता दर्ता स्थानान्तर गर्न अनुमति दिन मतदाता दर्ता स्थानान्तर सम्बन्धी पूर्वावश्यकतालाई सरल बनाउने ।**

२. निर्वाचनको दिनसम्म १८ वर्ष पुगेका नागरिकहरूलाई दर्ता गर्न अनुमति प्रदान गर्ने ।

३. अस्थायी मतदाताहरूलाई प्रत्यक्ष र समानुपातिक दुवै निर्वाचनमा मतदान गर्ने व्यवस्थागर्ने ।

४. मृतक मतदाताहरूको नाम हटाउने उद्देश्यका साथ मतदाता नामावलीको परीक्षण गर्ने ।

**निर्वाचन प्रचार प्रसार र राजनीतिक दलहरू**

१. नागरिक र मतदाताका रूपमा आफ्नो अधिकारहरूबारे सबै नागरिकहरूलाई सुसूचित गराउन व्यापक र निरन्तर नागरिक शिक्षा आवश्यक छ। आदिवासी जनजातिलाई तिनकै भाषामा प्रदान गरिने कार्यक्रमहरू पनि तयार गरी कार्यान्वयन गरिनुपर्छ ।

**निर्वाचन आयव्यय**

**१ मत खरिदलाई निर्मूल पार्न जिम्मेवार राज्याधिकारीहरू, आयोग र नेपाल प्रहरीले बृहत्तर रूपबाट कानुनको कार्यान्वयन गर्नुपर्छ ।**

२. आयोगले आफ्नो वेबसाइटमा राजनीतिक दल र उम्मेदवारको आय र खर्चको वक्तव्य प्रकाशित गर्नुपर्छ ।

३. निर्वाचन आय व्यय सम्बन्धी नियमको उल्लंघन गरेमा आयोगले कानुनले प्रदान गरेका सबै प्रकारका कारबाहीबारे विचार गर्नुपर्छ। अनुमति प्रदान गरिएको सिमानाभन्दा बढी निर्वाचन खर्च भएको अवस्थामा त्यसै अनुसार कारबाही गर्नुपर्छ ।

**आमसञ्चार माध्यम**

१. आमसञ्चार नियामक निकाय, प्रेस काउन्सिल नेपालको स्वतन्त्रता सुदृढ बनाउने ।

२. अभिव्यक्तिको स्वतन्त्रता सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताअनुरूप अनलाइन सञ्चारमाध्यम सम्बन्धी नयाँ कानुन बनाएमा त्यसले यस सञ्चार माध्यमको सही नियमनमा योगदान गर्नेछ ।

**३. सार्वजनिक सञ्चार माध्यममा राजनीतिक दल वा उम्मेदवारहरूलाई निशुल्क समय उपलब्ध गराउने प्रावधानसमेत निर्वाचन आचारसंहिताका कम बन्देजात्मक प्रावधानहरूलाई विस्तारले निर्वाचन प्रचार प्रसारलाई बढी स्वतन्त्र बनाउन योगदान गर्नुका साथै निर्वाचनका प्रतिस्पर्धीहरूबाट मतदाताहरूले प्राप्त गर्ने सूचना र सन्देशको मात्रा पनि बढ्नेछ ।**

४. आयोगले नागरिक तथा मतदाता शिक्षाको प्रभावकारिता बढाउन, खासगरी जिल्लास्तरमा सामुदायिक रेडियो स्टेसनलाई नागरिक तथा मतदाता शिक्षा सामग्री प्रचार प्रसारमा संलग्न गराउने ।

**महिला सहभागिता**

१. महिलालाई राजनीतिक क्षेत्रमा नेतृत्व तहमा पुऱ्याउन सहयोग गर्न क्षमता निर्माण कार्यक्रम तयार गर्ने । व्यवस्थापिकीय निकायमा महिला ककस (समूह) निर्माण गर्ने। राजनीतिक दलको रजिस्ट्रारका रूपमा आयोगले दलहरूको संरचनाभित्र विविधता र समानता हासिल गर्ने सम्बन्धमा भएको प्रगतिबारे वार्षिक प्रतिवेदन माग्न सक्छ ।

**निर्वाचन न्याय**

**१. सर्वोच्च अदालतमा दर्ता भएका अन्य मुद्दाहरूमाथि निर्वाचनसँग सम्बन्धित मुद्दाहरूलाई प्राथमिकता दिने गरी प्रशासनिक कार्यविधिहरू ल्याइनुपर्छ ।**

२. उजुरी कार्यविधि सम्बन्धी सूचना बढी व्यापक रूपमा प्रचार प्रसार गर्ने ।उपलब्ध कारबाहीहरूको प्रयोगमार्फत आचारसंहिताको औपचारिक प्रयोगलाई प्रोत्साहित गर्ने । आचारसंहितामा बन्देजको सिमाना क मगर्ने । गम्भीर मुद्दाहरूमा न्याय निरुपण गर्ने र पालना गराउने अधिकार विशिष्टीकृत निर्वाचन न्याय निरुपण निकायलाई दिने ।

**मतदान, मतगणना र तालिकीकरण**

**१. मतदान केन्द्रमा मतदाताको सहभागिता सम्बन्धी तथ्यांक र निर्वाचन क्षेत्रमा गणनाको तालिकालाई शीघ्र प्रकाशन गरेर एवं निर्वाचन क्षेत्रको गणना तालिका दल र उम्मेदवारका प्रतिनिधिहरूलाई उपलब्ध गराएर परिणाम प्रक्रियाको पारदर्शिता अभिवृद्धि गर्ने ।**

**२. असंगत भएमा छुट्याउने र अविश्वसनीय मतदाता सहभागिता भएको ठाउँमा परीक्षण गर्ने कार्यविधि समेत मतदान र मतगणना केन्द्रमा अर्थपूर्ण मिलानको व्यवस्था गर्ने ।**

३. मतको वैधताको निर्धारण अन्तर्राष्ट्रिय असल अभ्यास अनुसार गर्ने - मतदाताको नियत स्पष्ट छ भने मत वैध (सदर) हुनुपर्छ ।

## परिशिष्ट १ सिफारिसहरूको तालिका

| नं. | सन्दर्भ | सिफारिस | कानुनी ढाँचामा परिवर्तनका लागि सुझाव | जिम्मेवार संस्था | सम्बन्धित अन्तर्राष्ट्रिय/क्षेत्रीय सिद्धान्त/प्रतिबद्धता |
|---|---|---|---|---|---|
| कानुनी ढाँचा | | | | | |
| १.<br>#४.ख. | प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन र प्रदेशसभा सदस्य निर्वाचन ऐन दुवै निर्वाचन हुनुभन्दा तीन महिनाभन्दा कम समयअघि लागु भए। केही निर्देशिकाहरू निर्वाचन हुनुभन्दा दुई हप्ताअघि मात्र प्रकाशित भएका थिए। | निर्वाचन सम्बन्धी कानुन, सबै आवश्यक कार्यविधिहरू तोकिएका र पूर्णरूपमा विस्तृत हुनुपर्छ र निर्वाचन हुनुभन्दा एक वर्ष पहिले लागु हुनु राम्रो हुन्छ। सबै सरोकारवालाहरू सहमत भएका कानुनमा सुधार ल्याउने संशोधनहरू भने अपवादका रूपमा गर्न सकिन्छन्। | कानुनी ढाँचामा कुनै विशिष्ट परिवर्तन होइन, तर कुनै संशोधन गर्नुपर्ने भएमा आगामी चार वर्षमा गर्नुपर्छ सकेसम्म चाँडो गर्दा राम्रो हुन्छ। | संघीय | असल अभ्यास,<br>कानुनी निश्चय र पूर्वानुमेयताको सिद्धान्त, संयुक्त राष्ट्रसंघ मानव अधिकार परिषद् प्रस्ताव /१९/३६ (ए/एचआरसी/आरईएस /१९/३६, २०१२) १६ (ग)<br>(मानवअधिकार परिषद्)ले *"ग. पर्याप्त मात्रामा कानुनी निश्चयता र पूर्वानुमेयता प्रदान गरिएको कुरा सुनिश्चित गरी... राज्यहरूलाई कानुनी शासनलाई सशल बनाउनुका साथै प्रजातन्त्रलाई प्रवर्द्धन गर्न आग्रह गर्दछ।"* |

| नं. | सन्दर्भ | सिफारिस | कानुनी ढाँचामा परिवर्तनका लागि सुझाव | जिम्मेवार संस्था | सम्बन्धित अन्तर्राष्ट्रिय/क्षेत्रीय सिद्धान्त/प्रतिबद्धता |
|---|---|---|---|---|---|
| २.<br>#४.ख | यो कानुन धेरैवटा भिन्न कानुनी दस्तावेजहरूमा खण्डित रूपमा छ। यसको एउटा उदाहरण भनेको समानुपातिक समावेशी आरक्षण सम्बन्धी नियमहरू हो, जुन संविधान, ऐन-कानुन र विशिष्ट कानुनमा रहेका छन्। त्यसैगरी निर्वाचन अभियानको खर्च सम्बन्धी नियमहरू ऐन-कानुनका साथै आचारसंहितामा पाइन्छन्। कानुनहरूमा पनि केही असमानताहरू रहेका छन्, जसको एउटा उदाहरण हो कानुनहरू र सर्वोच्च अदालत नियमावलीमा विद्यमान निर्वाचनको परिणामलाई चुनौती दिने समयावधि हो। | निर्वाचन सम्बन्धी कानुनी दस्तावेजहरूमा रहेका असमानताहरूको पहिचान गर्न तिनको पुनरावलोकन गर्ने सल्लाह दिइन्छ। समानुपातिक निर्वाचन र निर्वाचन खर्च सम्बन्धी नियम र अन्य नियमहरूलाई संगठित गर्नु उपयोगी हुनेछ। | निर्वाचन सम्बन्धी ढाँचालाई कम कानुनी दस्तावेजहरू सृजना गरी सबल सबल बनाउने। | संघीय संसद | कानुनी शासन:<br>मानवअधिकारको विश्वव्यापी घोषणापत्र, प्रस्तावना,<br>राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा कानुनी शासन सम्बन्धी महासभाको उच्चस्तरीय बैठकको घोषणापत्र<br>कानुनी निश्चयताको सिद्धान्त<br>संयुक्त राष्ट्रसंघीय मानवअधिकार परिषद् प्रस्ताव १९/३६ (ए/एचआरसी/आरईएस/१९/३६, २०१२) १६ (ग) |
| ३.<br>#४.ग | समानुपातिक प्रणालीले संसदमा खस आर्यको सहभागिता बढाएको छ। यो समानता सम्बन्धी अन्तर्राष्ट्रिय मापदण्ड विपरीत छ। जातीय तथा लैंगिक असमानतालाई अझ नराम्रो बनाउने प्रणालीलाई न्यायसंगत ठहर गर्न सकारात्मक कार्यका प्रावधानहरूको प्रयोग गर्न सकिँदैन। | **प्रतिनिधिसभा तथा प्रदेशसभामा जातीय संरचना सम्बन्धी आरक्षण प्रणालीको प्रभावको पुनरावलोकन गर्ने। समावेश गरिएका समूहबाट खस आर्य हटाउने।**<br>**सकारात्मक कार्यका प्रावधानहरू नकारात्मक विभेदबाट प्रभावित समूहहरूमा मात्र लागू हुन्छन्।** | संविधानको धारा ८४ संशोधन गर्ने। | संघीय संसद | समानता: सबै प्रकारका जातीय विभेद उन्मूलन सम्बन्धी महासन्धि: धारा २(२)<br>*"राज्य पक्षले, परिस्थिति आवश्यक भएमा, मानवअधिकार र मौलिक स्वतन्त्रताको पूर्ण र समान उपभोगको प्रत्याभूति गर्न खास जातीय समूहहरूको पर्याप्त विकास र संरक्षण सुनिश्चित गर्न विशेष र ठोस उपायहरू गर्नेछ।"* यी उपायहरूमा तिनको उद्देश्य हासिल भएपछि विभिन्न जातीय समूहको असमान वा अलग अधिकार कायम राख्ने भन्ने कुरा पर्दैन। |

| नं. | सन्दर्भ | सिफारिस | कानुनी ढाँचामा परिवर्तनका लागि सुझाव | जिम्मेवार संस्था | सम्बन्धित अन्तर्राष्ट्रिय/क्षेत्रीय सिद्धान्त/प्रतिबद्धता |
|---|---|---|---|---|---|
| ४.<br>#४.ख | नागरिकता सम्बन्धी संवैधानिक प्रावधानले लिंगका आधारमा विभेद गर्दछ। नेपाली पुरुषहरूले जस्तै नेपाली महिलाहरूले आफ्ना विदेशी श्रीमान्लाई नागरिकता हस्तान्तरण गर्ने अधिकार उनीहरूलाई छैन। यसले गर्दा नागरिकताको हक भएका धेरैजनालाई नागरिकताको पहुँच प्रदान नगरी उनीहरूलाई मतदान गर्ने र निर्वाचनमा भाग लिने राजनीतिक अधिकारहरूबाट वञ्चित तुल्याएको छ। | नागरिकता सम्बन्धी कानुन लैंगिक रूपमा तटस्थ हुनाका साथै स्वरूप र कार्यान्वयनमा समान हुने कुरा सुनिश्चित गर्नुपर्ने। | लिंगका आधारमा हुने विभेद हटाउन संविधानको धारा ११ संशोधन गर्नुपने। | संघीय संसद | सबै राजनीतिक अधिकारको उपभोग गर्ने महिला र पुरुषको समान अधिकार।<br>नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि (आईसीसीपीआर)को धारा ३:<br>*"प्रस्तुत अभिसन्धिका पक्ष राष्ट्रहरूले सबै नागरिक तथा राजनीतिक अधिकारको उपभोगको अधिकार पुरुष तथा महिलामा समान रूपमा हुने कुरा सुनिश्चित गर्नेछन्।"* |
| ५.<br>#४.ख | निर्वाचन अवधिमा करिब १,०० मानिसहरूलाई पक्राउ गरी निवारक नजरबन्दमा राखिएको थियो। केहीलाई पक्राउ गर्नुपर्ने कारण विश्वासिला भए पनि अन्य पक्राउका घटनाहरू राजनीतिक असहमतिलाई दबाउन र निर्वाचनविरुद्ध आएका वा मतपत्र नष्ट गर्न गरिएका आह्वानहरूलाई दबाउने प्रयोजनका लागि भएका देखिन्थे। | स्वेच्छाचारी पक्राउ र थुनामा राख्ने कार्य सम्बन्धी मापदण्डहरू अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप रहेको कुरा सुनिश्चित गर्न निवारक नजरबन्दमा राख्न अनुमति दिने कानुनी प्रावधानहरूको पुनरावलोकन गर्ने। | पक्राउ गर्नका लागि प्रमाणको आवश्यकतालाई आवश्यक बनाएर स्वेच्छाचारी पक्राउको सम्भावनालाई हटाउन निवारक नजरबन्द सम्बन्धी कानुनमा संशोधन गर्ने। | संघीय संसद | स्वतन्त्रताको अधिकार:<br>आईसीसीपीआर धारा ९.१<br><br>अभिव्यक्तिको स्वतन्त्रता:<br>आईसीसीपीआर धारा १९ |
| निर्वाचन प्रशासन | | | | | |
| ६.<br>#५ | निर्वाचन आयोगले हाल आफ्ना निर्णय, पूर्ण मतदाता दर्ता तथ्यांक, मतदान केन्द्रमा आएका मतदाताहरू, रद्द मतपत्रको तथ्यांक, परिणाम फारम, निर्वाचन प्रचार प्रसारको खर्च सम्बन्धी वक्तव्य, निर्वाचन क्यालेन्डर, आदि प्रकाशन गर्दैन। | **सरोकारवालाहरूसँगको नियमित परामर्श तथा सार्वजनिक सरोकारका सबै सूचना समयमै प्रकाशन गरेर निर्वाचन आयोगको पारदर्शिता अभिवृद्धि गर्ने।** | छैन | निर्वाचन आयोग नेपाल | पारदर्शिता: भ्रष्टाचारविरुद्धको महासन्धि (युएनसीएसी): धारा ७.४ र १०<br><br>आईसीसीपीआर टिप्पणी ३४, अनुच्छेद १८ र १९ |

| नं. | सन्दर्भ | सिफारिस | कानुनी ढाँचामा परिवर्तनका लागि सुझाव | जिम्मेवार संस्था | सम्बन्धित अन्तर्राष्ट्रिय/क्षेत्रीय सिद्धान्त/प्रतिबद्धता |
|---|---|---|---|---|---|
| | | | | | सार्वजनिक निकायहरूको सूचनामा पहुँचमाथिको अधिकार: आइसीसीपीआर धारा १९ (२) |
| ७.<br># ५ | मतदान अधिकृतहरू निर्वाचन आयोगको निर्देशनमा काम गर्ने भन्ने कुरा कानुनले व्यवस्था गरे पनि प्राय: निर्णयहरू मतदान अधिकृतको स्वविवेकमै छोडिएका थिए। आफ्नो अधिकारको प्रयोग गर्ने कुरामा आयोगको अनिच्छाले गर्दा कानुनको प्रयोगमा असमानता देखियो र यो कुरा पर्यवेक्षकको पहुँचका सम्बन्धमा पनि लागु थियो। | निर्वाचन आयोगले विद्यमान कानुनी प्रावधानअनुसार प्रमुखरमतदान अधिकृतहरूमाथि व्यवस्थापन अधिकारको प्रयोग गरी निर्देशिकाहरूको समान कार्यान्वयन गर्नुपर्छ। | छैन | निर्वाचन आयोग नेपाल | स्वतन्त्र निर्वाचन निकाय: आईसीसीपीआर सामान्य टिप्पणी २५, अनुच्छेद २०:<br>*"निर्वाचन प्रक्रियाको सुपरिवेक्षण गर्न तथा यो स्वच्छ, निष्पक्ष र स्थापित कानुन अनुसार भएको कुरा सुनिश्चित गर्न....।"* |
| ८.<br># ९ | निर्वाचनअघिको मतदाता शिक्षालाई सबै सरोकारवालाहरूले अपर्याप्त भएको मूल्यांकन गरे। | **निर्वाचनअघि नेपालमा प्रयोग हुने सबै भाषमा व्यापक मतदाता शिक्षा सञ्चालन गर्नुपर्ने।** | छैन | नेपाल सरकार, निर्वाचन आयोग नेपाल, नागरिक समाज संगठनहरू | सूचित समुदाय: आईसीसीपीआर सामान्य टिप्पणी २५, अनुच्छेद ११ र १२:<br>"मतदाता शिक्षा र दर्ता अभियानहरू आवश्यक छन्। " (पृ.११)<br>"मतदान सम्बन्धी सूचना र सामग्री अल्पसंख्यकको भाषामा उपलब्ध हुनुपर्छ।" (पृ.१२) |

| नं. | सन्दर्भ | सिफारिस | कानुनी ढाँचामा परिवर्तनका लागि सुझाव | जिम्मेवार संस्था | सम्बन्धित अन्तर्राष्ट्रिय/क्षेत्रीय सिद्धान्त/प्रतिबद्धता |
|---|---|---|---|---|---|
| ९.<br>#५ | एउटै पानामा दुईवटा समानुपातिक मतपत्र छाप्नु सम्भवतः समानुपातिकतर्फ ठूलो संख्यामा मतपत्र रद्ध हुनुको मुख्य कारण थियो। मतपत्रमा चिह्न मात्र थिए, दल वा उम्मेदवारको नाम थिएन। समानुपातिक मतपत्रमा निर्वाचनमा प्रतिस्पर्धामा नरहेका दलका पनि धेरै चिह्न थिए। | प्रत्येक निर्वाचन प्रतिस्पर्धाका लागि भिन्दै पानामा मतपत्र हुनुपर्छ र त्यसमा प्रतिस्पर्धी दल र उम्मेदवारको चिह्न र नाम मात्र हुनुपर्छ। | छैन | निर्वाचन आयोग नेपाल | असल अभ्यास: मतपत्रहरू सकेसम्म सरल रूपमा तयार पारिनुपर्छ। |
| १०.<br>#५,<br>१७.क,ख | कानुनले पर्यवेक्षकहरूलाई स्पष्टसँग पूर्ण र निर्बाध पहुँचको व्यवस्था गरेको छैन। यसले गर्दा मतदान र मतगणना केन्द्रहरूमा पूर्ण पहुँच नदिइएका कैयौँ घटनाहरू भए। | सबै पर्यवेक्षकहरूलाई पूर्ण र निर्बाध पहुँचको व्यवस्था कानुनमा सुनिश्चित गर्ने। | प्रतिनिधिसभा सदस्य र प्रदेशसभा सदस्य निर्वाचन ऐनहरूमा संशोधन | संघीय संसद, निर्वाचन आयोग नेपाल | स्वतन्त्र परीक्षण:<br>आईसीसीपीआर सामान्य टिप्पणी २५, अनुच्छेद २०:<br>"मतदाताहरूमा मतपत्र र मतगणनाको सुरक्षामा विश्वास कायम राख्न मतदान र मतगणना प्रक्रिया तथा न्यायिक पुनरावलोकन वा अन्य समान प्रक्रियाको स्वतन्त्र परीक्षण हुनुपर्छ।" (पृ.२०) |
| ११.<br>#६ | संघीय र प्रदेश निर्वाचन क्षेत्रहरूबीच हाल मतदाताको संख्यामा ठूलो भिन्नता छ। | **समान मताधिकार सुनिश्चित गर्न पहिलो हुने निर्वाचित हुनेतर्फको निर्वाचन क्षेत्रको सिमानाको पुनरावलोकन गर्ने।** | संविधान संशोधन। | संघीय संसद, निर्वाचन क्षेत्र सिमाना निर्धारण आयोग | समान मताधिकार:<br>आईसीसीपीआर धारा २५<br>आईसीसीपीआर सामान्य टिप्पणी २५, अनुच्छेद २१: "*एउटा मतदाताको मत अर्कोको बराबर हुनुपर्छ।*" |

| नं. | सन्दर्भ | सिफारिस | कानुनी ढाँचामा परिवर्तनका लागि सुझाव | जिम्मेवार संस्था | सम्बन्धित अन्तर्राष्ट्रिय/क्षेत्रीय सिद्धान्त/प्रतिबद्धता |
|---|---|---|---|---|---|
| मतदाता दर्ता | | | | | |
| १२.<br># ७ | हाल कुनै मतदाताले नयाँ स्थानमा आफ्नो स्थायी बसोबास छ भने मात्र मतदाता दर्तालाई स्थानान्तर गर्न सक्छ। स्थायी बसोबासका लागि सम्पत्तिमाथिको स्वामित्व आवश्यक छ। | **मतदाता दर्ता स्थानान्तरणका लागि पूर्वावश्यकतालाई कम गरी भाडाका घर र अनौपचारिक बस्तीमा बस्नेहरूलाई आफ्नो मतदाता दर्ता स्थानान्तर गर्न दिनुपर्छ।** | मतदाता नामावली ऐनलाई संशोधन गर्ने। | संघीय संसद, निर्वाचन आयोग नेपाल | आम मताधिकार:<br>आईसीसीपीआर धारा २५<br>आईसीसीपीआर सामान्य टिप्पणी २५, अनुच्छेद ११<br>*"मतदान गर्ने अधिकार भएका सबै व्यक्तिले आफ्नो अधिकारको उपभोग गरुन् भन्ने कुरा सुनिश्चित गर्न राज्यले प्रभावकारी उपाय अवम्बन गर्नुपर्छ। मतदाताको नाम दर्ता गर्नुपर्ने भएमा यसलाई सहज तुल्याउनुपर्छ त्यस्तो दर्तामा कुनै पनि प्रकारको अवरोध लाउनु हुँदैन। दर्तामा बसोबासको आवश्यकता लागु भएको भए त्यो उचित हुनुपर्छ।"* |
| १३.<br># ७ | हाल, दर्ताको दिन वा त्यसअघि १८ वर्ष पुगेको भए मात्र मानिसहरूले नाम दर्ता गर्न पाउँछन्। त्यसैले, दर्ता गर्ने अन्तिम दिन (भदौ ५ गते) र निर्वाचनको मितिको बीचमा १८ वर्ष पुगेकाहरूले नाम दर्ता गर्न र मतदान गर्न पाएनन्। | निर्वाचनको मितिसम्म १८ वर्ष पुगेका नागरिकहरूलाई मतदान गर्न नाम दर्ता गर्न दिनुपर्ने। | मतदाता नामावली ऐन संशोधन गर्ने | संघीय संसद, निर्वाचन आयोग नेपाल | आम मताधिकार:<br>आईसीसीपीआर धारा २५<br>आईसीसीपीआर सामान्य टिप्पणी २५, अनुच्छेद ११ |

| नं. | सन्दर्भ | सिफारिस | कानुनी ढाँचामा परिवर्तनका लागि सुझाव | जिम्मेवार संस्था | सम्बन्धित अन्तर्राष्ट्रिय/क्षेत्रीय सिद्धान्त/प्रतिबद्धता |
|---|---|---|---|---|---|
| १४.<br># ७ | निर्वाचन आयोग नेपाल अस्थायी मतदाता (निर्वाचनको काममा खटिएका निर्वाचन र सुरक्षा कर्मचारी, कैदी र वृद्धाश्रममा रहेकाहरू)लाई मताधिकार प्रयोग गर्न दिने अस्थायी व्यवस्था गर्न विफल भयो। कानुनले यी मतदाताहरूलाई समानुपातिकतर्फको निर्वाचनमा मात्र मतदान गर्न अनुमति दिएको छ। | अस्थायी मतदाताहरूलाई प्रत्यक्ष तथा समानुपातिक दुवै निर्वाचनतर्फ मतदान गर्न अनुमति दिने व्यवस्था गर्नुपर्ने। | मतदाता नामावली ऐन संशोधन गर्ने। | निर्वाचन आयोग नेपाल | आम मताधिकार:<br>आईसीसीपीआर धारा २५<br>आईसीसीपीआर सामान्य टिप्पणी २५, अनुच्छेद ११ |
| १५.<br># ७ | हाल, मृतकको नाम दर्ता पुस्तिकाबाट हटाउने कार्य पूर्णरूपमा मृतकका मृतकका परिवारजनको पहलमा छोडिएको छ र यो सूचना निर्वाचन आयोगमा दिएकोमा उनीहरूलाई कुनै प्रोत्साहनको व्यवस्था छैन। | मृतक मतदाताको नाम हटाउन मतदाता दर्ताको परीक्षण गर्नुपर्ने। | छैन | निर्वाचन आयोग नेपाल | आम मताधिकार:<br>आईसीसीपीआर धारा २५<br>आईसीसीपीआर सामान्य टिप्पणी २५, अनुच्छेद ११ |
| **राजनीतिक दल र प्रचार प्रसारको वातावरण** | | | | | |
| १६.<br># ८ | यो निर्वाचनमा रद्द मतको ठूलो संख्या एवं मत खरिदको प्रचलनले नागरिक शिक्षाको खाँचो दर्शाएको छ। साथै, यो निर्वाचनले नयाँ सरकारी निकाय भएको नेपालको नयाँ संघीय संरचनाको प्रारम्भ गऱ्यो। तसर्थ, नागरिकहरूलाई उनीहरूको अधिकारको पूर्ण उपभोग गर्न मद्दत गर्न नयाँ संघीय संरचना र प्रक्रियाबारे बताउने नागरिक शिक्षा कार्यक्रम कार्यान्वयन गर्नुपर्ने आवश्यकता छ। | सबै नागरिकहरूले नागरिक र मतदाताका रूपमा आफ्ना अधिकारहरूबारे बुझून् भन्ने कुरा सुनिश्चित गर्न व्यापक र निरन्तरको नागरिक शिक्षा आवश्यक छ। आदिवासी जनजातिहरूप्रति लक्षित उनीहरूकै भाषामा प्रदान दिइने कार्यक्रमहरू पनि तयार गरी कार्यान्वयन गरिनुपर्छ। | छैन | निर्वाचन आयोग नेपाल, राष्ट्रिय मानवअधिकार आयोग, मधेशी आयोग, थारु आयोग, मुस्लिम आयोग, राष्ट्रिय महिला आयोग, राष्ट्रिय समावेशी आयोग, शिक्षा मन्त्रालय, नागरिक समाज संस्था, राजनीतिक दलहरू | आईसीसीपीआर सामान्य टिप्पणी २५,<br>युएनसीएसी धारा १३<br>(मत खरिदविरुद्धका व्यवस्थाका सन्दर्भमा)<br><br>सीईआरडी/सी/६४/सीओ/५ (सर्ड २००४), नेपाल, अनुच्छेद १७ (आदिवासी जनजातिका सन्दर्भमा)<br><br>संयुक्त राष्ट्रसंघीय आदिवासी अधिकार सम्बन्धी घोषणापत्र, धारा ५<br>(आदिवासी जनजातिका सन्दर्भमा) |

| नं. | सन्दर्भ | सिफारिस | कानुनी ढाँचामा परिवर्तनका लागि सुझाव | जिम्मेवार संस्था | सम्बन्धित अन्तर्राष्ट्रिय/क्षेत्रीय सिद्धान्त/प्रतिबद्धता |
|---|---|---|---|---|---|
| प्रचार प्रसारको खर्च | | | | | |
| १७.<br>#९ | कानुनले निषेध गरेको भए पनि मतद खरिद निर्वाचन प्रचार प्रसार अवधिभर एउटा गैरकानुनी प्रचलनका रूपमा रहि नै रह्यो। केही गिरफ्तारी गरिएको भए पनि, कार्यान्वयन र अभियोजन लगभग भएनन्। | **जिम्मेवार राज्यअधिकारीहरू, निर्वाचन आयोग नेपाल र नेपाल प्रहरीले मत खरिदलाई निर्मूल पार्न कानुनलाई बृहत् ढंगबाट कार्यान्वयन गर्नुपर्छ।** | छैन | निर्वाचन आयोग नेपाल, नेपाल प्रहरी, जिल्ला सरकारी वकिल र महान्यायाधिवक्ता | आईसीसीपीआर सामान्य टिप्पणी २५, अनुच्छेद ११ "*मतदाता दर्ता वा मतदानमाथिको दुर्व्यवहारपूर्ण हस्तक्षेप एवं मतदातालाई डरत्रास देखाउने वा करकापमा पार्ने कार्य दण्डकानुनबाट निषेध गरिनुपर्छ र त्यस्ता कानुन कडा रूपमा कार्यान्वयन गरिनुपर्छ।*"<br><br>युएनसीएसी, धारा ७ |
| १८.<br>#११ | राजनीतिक दल र प्रचार प्रसारको खर्च सार्वजनिक गर्ने दायित्व राजनीतिक दलहरूमा निहित भए पनि, निर्वाचन आयोग नेपालद्वारा पनि सार्वजनिक गरिए यसले यो सूचना माथिको सार्वजनिक पहुँच अभिवृद्धि गर्छ। | निर्वाचन आयोगले राजनीतिक दल र प्रत्येक उम्मेदवारहको आय र खर्च सम्बन्धी वक्तव्य आफ्नो वेबसाइटमा प्रकाशन गर्नुपर्छ। | निर्वाचन आयोग ऐन र निर्वाचन (कसुर र सजाय) ऐन संशोधन गर्ने | संघीय संसद | निर्वाचनसम्बद्ध सरोकारवालाहरूको आयआर्जनमा पारदर्शिता : युएनसीएसी धारा ७, अनुच्छेद ३ |
| १९.<br>#११ | निर्वाचन खर्च सम्बन्धी नियमावलीको उल्लंघनविरुद्ध कारबाहीको व्यवस्था भए पनि, अहिलेसम्म गरिएको कारबाही थोरै छ। निर्वाचन आयोग ऐन २०७३ले तोकिएको समयसीमाभित्र दल र उम्मेदवारहरूले आफ्नो खर्चको विवरण नबुझाएमा बराबर जरिवाना गर्ने व्यवस्था गरेको छ (दफा २६, उपदफा १)। निर्वाचन आयोगले सन् २०१३ को निर्वाचनपछि प्रतिवेदन बुझाउन विफल भएकोमा दल र उम्मेदवारहरूलाई रु. १,५०० जरिवाना गर्‍यो। | निर्वाचन खर्च नियमावलीको उल्लंघन भएमा, निर्वाचन आयोगले कानुनले व्यवस्था गरेका कैयौं कारबाहीहरू गर्नेबारे सोच्न सक्छ। अनुमति प्रदान गरिएको हदभन्दा बढी निर्वाचन खर्च भएको अवस्थामा पनि त्यसै अनुरूप कारबाही गरिनुपर्छ। | छैन | निर्वाचन आयोग नेपाल | निर्वाचन सम्बन्धी सरोकारवालाहरूको खर्चमा पारदर्शिता:<br><br>आईसीसीपीआर धारा २५ (ख) आईसीसीपीआर सामान्य टिप्पणी २५, अनुच्छेद १९<br><br>युएनसीएसी धारा ७, अनुच्छेद ३<br><br>२०१५ नयाँ दिल्ली घोषणापत्र, अनुच्छेद ख.९ |

| नं. | सन्दर्भ | सिफारिस | कानुनी ढाँचामा परिवर्तनका लागि सुझाव | जिम्मेवार संस्था | सम्बन्धित अन्तर्राष्ट्रिय/क्षेत्रीय सिद्धान्त/प्रतिबद्धता |
|---|---|---|---|---|---|
| आमसञ्चार माध्यम | | | | | |
| २०. #१२ | सञ्चार नियामक निकाय, प्रेस काउन्सिल नेपालको नियुक्ति हाल सरकारबाट गरिएको छ र यसबाट संस्थाको स्वतन्त्रता प्रभावित भएको छ । | सञ्चार नियामक निकाय, प्रेस काउन्सिल नेपालको स्वतन्त्रता सबल बनाउने । | प्रेस काउन्सिल ऐन, १९९२ संशोधन । | संघीय संसद | सञ्चारमाध्यम नियामक निकायको स्वतन्त्रता<br>आईसीसीपीआर सामान्य टिप्पणी ३४, अनुच्छेद ३९<br><br>संयुक्त राष्ट्रसंघ, ओएससीई, ओएएस र एसीएचपीआरका प्रतिवेदकहरूको सञ्चारमाध्यमको स्वतन्त्रतामाथि चुनौती सम्बन्धी संयुक्त घोषणापत्र - २०१०<br><br>संयुक्त राष्ट्रसंघ, ओएससीई, ओएएस र एसीएचपीआरका प्रतिवेदकहरूको प्रसारणको विविधता सम्बन्धी संयुक्त घोषणापत्र- २००७ |
| २१. #१२ | नेपालमा अनलाइन सञ्चारमाध्यमहरू हाल अस्थायी दस्तावेज (अनलाइ सञ्चारमाध्यम सञ्चालक निर्देशिका, २०७३) र विद्युतीय कारोबार ऐन (२०६३)अन्तर्गत निर्देशित छन् र यसमा अभिव्यक्तिको स्वतन्त्रता सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिबद्धता विपरीतका प्रावधानहरू रहेका छन् । | अभिव्यक्तिको स्वतन्त्रता सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताअनुरूपको अनलाइन सञ्चारमाध्यम सम्बन्धी नयाँ कानुनले यस सञ्चार माध्यमलाई सही रूपमा नियमन गर्न सहयोग पुऱ्याउँछ । | अनलाइन सञ्चार सम्बन्धी कानुन कार्यान्वयन गर्ने | संघीय संसद | अभिव्यक्तिको स्वतन्त्रता र सूचनाको हक : आईसीसीपीआर धारा १९ |

| नं. | सन्दर्भ | सिफारिस | कानुनी ढाँचामा परिवर्तनका लागि सुझाव | जिम्मेवार संस्था | सम्बन्धित अन्तर्राष्ट्रिय/क्षेत्रीय सिद्धान्त/प्रतिबद्धता |
|---|---|---|---|---|---|
| २२.<br>#१२ | अघिल्लो निर्वाचन संहिताभन्दा भिन्न, २०७४ सालको प्रतिनिधिसभा र प्रदेशसभा सदस्यका लागि भएको निर्वाचनको आचारसंहिताले सार्वजनिक सञ्चारमाध्यममा राजनीतिक दल वा उम्मेदवारहरूलाई निशुल्क समय प्रदान गरेन। त्यसैगरी, निर्वाचन आचारसंहितामा सञ्चारमाध्यममा दल र उम्मेदवारहरूको प्रचार प्रसारमा अत्यन्त बन्देजात्मक व्यवस्था गरिएको थियो। | **सार्वजनिक सञ्चारमाध्यममा राजनीतिक दल वा उम्मेदवारहरूलाई निशुल्क समय उपलब्ध गराउने प्रावधानसमेत भएको कम बन्देजात्मक निर्वाचन आचारसंहिताले प्रचार प्रसारको वातावरणलाई बढी स्वतन्त्र बनाउन मद्दत गर्छ र निर्वाचनका प्रतिस्पर्धीहरूबाट मतदाताहरूले प्राप्त गर्ने सूचना र सन्देशको मात्रा बढाउँछ।** | निर्वाचन आचारसंहिताको अध्याय ५ मा परिमार्जन (तथा त्यसको तेस्रो संशोधन) | निर्वाचन आयोग नेपाल | सूचनाको अधिकार, राज्य नियन्त्रित सञ्चारमाध्यमको सार्वजनिक सेवाको भूमिका: आईसीसीपीआर सामान्य टिप्पणी ३४, अनुच्छेद १३<br><br>संयुक्त राष्ट्रसंघका प्रतिवेदक, ओएससीई, ओएएस तथा एसीएचपीआरद्वारा सञ्चारमाध्यम र निर्वाचन सम्बन्धमा दिएको संयुक्त वक्तव्य |
| २३.<br>#१२ | निर्वाचन आयोगको मतदाता शिक्षा रणनीति सामुदायिक रेडियो स्टेसनहरूलाई कम प्राथमिकतामा राखी मुख्यतया राष्ट्रिय स्तरका व्यावसायिक रेडियो र टिभी स्टेसनहरूप्रति लक्षित छ। | निर्वाचन आयोगले नागरिक तथा मतदाता शिक्षाको प्रभावकारिता अभिवृद्धि गर्न खासगरी जिल्ला स्तरका सामुदायिक रेडियो स्टेसनहरूलाई नागरिक तथा मतदाता शिक्षा सामग्री प्रचार प्रसारमा संलग्न गराउनुपर्छ। | छैन | निर्वाचन आयोग नेपाल | आईसीसीपीआर सामान्य टिप्पणी२५, अनुच्छेद ११ (सूचित समुदायद्वारा धारा २५ को प्रभावकारी प्रयोग सुनिश्चित गर्न मतदाता शिक्षाको आवश्यकता) |
| **महिला सहभागिता** | | | | | |
| २४.<br>#१४ | राजनीतिक क्षेत्रमा नेतृत्व भूमिकामा महिलाको न्यून प्रतिनिधित्व रहेको छ। | महिलालाई राजनीतिक क्षेत्रमा नेतृत्व लिन सघाउन क्षमता निर्माण कार्यक्रम तयार गर्ने। व्यवस्थापिकीय निकायहरूमा महिला ककस (समूह) निर्माण गर्ने। राजनीतिक दलहरूको रजिस्ट्रारका रूपमा निर्वाचन आयोगले दलीय संरचनाभित्र विविधता हासिल गर्नमा भएको प्रगतिबारे दलहरूबाट वार्षिक रूपमा प्रतिवेदन माग्न सक्छ। | छैन | नागरिक समाज संस्थ, राष्ट्रिय महिला आयोग, निर्वाचन आयोग नेपाल | राजनीतिक क्षेत्रमा महिलाको समान सहभागिता : महिला विरुद्धका सबै प्रकारका विभेद अन्त्य गर्ने महासन्धि (सिड): धारा ७ |


| नं. | सन्दर्भ | सिफारिस | कानुनी ढाँचामा परिवर्तनका लागि सुझाव | जिम्मेवार संस्था | सम्बन्धित अन्तर्राष्ट्रिय/क्षेत्रीय सिद्धान्त/प्रतिबद्धता |
|---|---|---|---|---|---|
| निर्वाचन न्याय | | | | | |
| **२५.**<br>**#१६.ख** | निर्वाचनसँग सम्बन्धित केही मुद्दाहरू आएको सर्वोच्च अदालतले मुद्दाहरूमा समयमै र प्रभावकारी ढंगबाट निर्णय दिएन। | **प्रशासनिक कार्यविधि अपनाइनुपर्छ जसले सर्वोच्च अदालतमा दर्ता भएका निर्वाचनसँग सम्बन्धित मुद्दाहरूलाई प्राथमिकता दिन्छ।** | निर्वाचनसँग सम्बन्धित विवादमा द्रुत गतिमा निर्णयका लागि कार्यविधि तयार गर्न सर्वोच्च अदालतको नियमावलीमा संशोधन। | संघीय संसद | प्रभावकारी न्यायिक उपचारको अधिकार:<br>आईसीसीपीआर धारा २.३<br><br>मानवअधिकारको विश्वव्यापी घोषणापत्र: धारा ८ |
| २६.<br>#१६.ख | निर्वाचन आचारसंहिता उल्लंघनका अनगिन्ती घटनाहरू भए, तर करिब १०० वटाको मात्र औपचारिक रूपमा उजुरी गरियो। निर्वाचन आयोगले अनौपचारिक रूपमा उजुरीहरूलाई हेऱ्यो र कुनै कारबाही गरेन। कुनै पनि निर्णय कार्यान्वयन गर्ने वा उल्टाउने काम भएन। | उजुरी कार्यविधि सम्बन्धी सूचना सम्प्रेषण गर्ने। उपलब्ध कारबाहीको व्यवस्थामार्फत् आचारसंहिताको औपचारिक कार्यान्वयनलाई प्रोत्साहित गर्ने। आचारसंहितामा बन्देजको दायरा कमगर्ने। गम्भीर मुद्दाहरूमा निर्णय गर्ने र कार्यान्वयन गर्ने अधिकार विशिष्टीकृत निर्वाचन विवाद समाधान निकायमा हस्तान्तरण गर्ने। | निर्वाचन (कसुर र सजाय) ऐनलाई संशोधन गरी निर्वाचन सम्बन्धी विवादमा निर्णय गर्ने विशेष न्यायिक निकायको व्यवस्था गर्ने। | संघीय संसद | कानुनको शासन:<br>मानवअधिकारको विश्वव्यापी घोषणपत्र, प्रस्तावना :<br>"मानवअधिकार कानुनको शासनबाट संरक्षित हुनु अत्यावश्यक छ....।"<br>कानुनको शासन भनेको कानुनको उल्लंघन नियन्त्रित हुनुपर्ने भनी व्याख्या गरिएको छ। |

| नं. | सन्दर्भ | सिफारिस | कानुनी ढाँचामा परिवर्तनका लागि सुझाव | जिम्मेवार संस्था | सम्बन्धित अन्तर्राष्ट्रिय/क्षेत्रीय सिद्धान्त/प्रतिबद्धता |
|---|---|---|---|---|---|
| **मतदान, मतगणना र तालिकीकरण** | | | | | |
| २७. **#१७ ग** | हाल, निर्वाचन आयोगले न त मतदान केन्द्रमा मतदाताको सहभागिता सम्बन्धी तथ्यांक वा निर्वाचन क्षेत्रको मतपरिणामको फारम प्रकाशित नै गर्छ न त प्रतिनिधिहरूलाई उपलब्ध नै गराउँछ। मतदान केन्द्रको परिणामको अभावमा मतदान केन्द्रमा सहभागिता सम्बन्धी तथ्यांक नै मतदान प्रक्रियाको अर्थपूर्ण जाँच गर्ने एकमात्र उपलब्ध साधन भएको देखिन्छ। | **मतदान केन्द्रमा सहभागिता सम्बन्धी तथ्यांक र निर्वाचन क्षेत्र मतगणना तालिकालाई शीघ्रतापूर्वक प्रकाशित गरेर एवं दल र उम्मेदवारका प्रतिनिधिहरूलाई निर्वाचन क्षेत्रको गणना तालिकाको प्रति वितरण गरेर मतगणना परिणाम प्रक्रियाको पारदर्शिता अभिवृद्धि गर्ने।** | छैन | निर्वाचन आयोग नेपाल | पारदर्शिता: युएनसीएसी धारा ७.४ र १०<br><br>आईसीसीपीआर सामान्य टिप्पणी ३४, अनुच्छेद १८ र १९ |
| **२८. #५, १७.ख** | मतदान केन्द्रमा मतदाता नामावलीमा चिह्न लगाएको मतदाताको संख्या र प्रयोग भएका मतपत्रको संख्या (जारी भएको र अवैध भएको)बीच तुलना गर्नु आवश्यक गरिएको छैन। मतगणना केन्द्रमा मतपेटिकामा पाइएका मतपत्रको संख्या र मतदान केन्द्रको तथ्यांकबीच तालमेल गर्नु पनि आवश्यक गरिएको छैन। | **निर्देशिकामा मतदान र मतगणना केन्द्रमा तथ्यांकमा भिन्नता भए छुट्याउने र अविश्वसनीय मतदान भएमा जाँच गर्ने कार्यविधि सहित अर्थपूर्ण मिलानको व्यवस्था गरिनुपर्ने।** | छैन | निर्वाचन आयोग नेपाल | मतपेटिकाको सुरक्षा तथा स्वतन्त्र जाँच:<br>आईसीसीपीआर सामान्य टिप्पणी २५, अनुच्छेद २० |
| २९. #५ | हाल स्वस्तिक छाप लगाएको मत मात्र वैध हुन्छ। औँठा छाप जस्ता अन्य कुनै पनि प्रकारले मतपत्रमा छाप लगाएमा त्यो अवैध हुन्छ। | वैध मतको निर्धारण अन्तर्राष्ट्रिय असल अभ्यासअनुरूप हुनुपर्ने - मतदाताको आशय स्पष्ट भएमा मत वैध हुनुपर्ने। | प्राथमिक कानुन (प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचन ऐनमा संशोधन)। | संघीय संसद, निर्वाचन आयोग नेपाल | मतदाताको इच्छाको स्वतन्त्र अभिव्यक्ति:<br><br>आईसीसीपीआर धारा २५<br>आईसीसीपीआर सामान्य टिप्पणी २५, अनुच्छेद १९ र २१ |

# अनुसूची २ निर्वाचन परिणाम

## प्रतिनिधिसभा


दलगत सिट विभाजन




### राजनीतिक दलहरू


| दलहरू | प्रत्यक्ष | समानुपातिक | कुल |
|---|---|---|---|
| नेकपा (एमाले) | 80 | 41 | 121 |
| नेका | 36 | 40 | 63 |
| नेकपा (माके) | 23 | 17 | 53 |
| संघीय समाजवादी फोरम नेपाल | 11 | 6 | 17 |
| राजपा नेपाल | 10 | 6 | 16 |
| एनएसपीएन | 1 | 0 | 1 |
| राप्रपा | 1 | 0 | 1 |
| नेमकिपा | 1 | 0 | 1 |
| राष्ट्रिय जनमोर्चा | 1 | 0 | 1 |
| स्वतन्त्र | 1 | 0 | 1 |
| **कुल** | **165** | **110** | **275** |

## प्रतिनिधिसभा
## प्रत्यक्षतर्फको परिणाम




# प्रदेश सभा
# प्रदेश र राजनीतिक दलअनुसार सिट विभाजन


**Province 1**





**Province 2**





**Province 3**





**Province 4**





**Province 5**




**Province 6**




**Province 7**






### राजनीतिक दलहरू

| राजनीतिक दलहरू | प्रदेश १ | प्रदेश २ | प्रदेश ३ | प्रदेश ४ | प्रदेश ५ | प्रदेश ६ | प्रदेश ७ |
|---|---|---|---|---|---|---|---|
| नेकपा (एमाले) | 51 | 21 | 58 | 27 | 41 | 20 | 25 |
| नेकपा (माके) | 15 | 11 | 23 | 12 | 20 | 13 | 14 |
| नेका | 21 | 19 | 21 | 15 | 19 | 6 | 12 |
| ससफो नेपाल | 3 | 29 | | | 5 | | |
| राजपा नेपाल | | 25 | | | 1 | | 2 |
| राप्रपा | 1 | | 1 | | | 1 | |
| राप्रपा (प्र.) | | | 1 | | | | |
| एनएसपीएन | | | | 2 | | | |
| बीएसपी | | | 3 | | | | |
| नेमकिपा | | | 2 | | | | |
| राष्ट्रिय जनमोर्चा नेपाल | | | | 3 | 1 | | |
| संघीय लोकतान्त्रिक राष्ट्रिय फोरम | 1 | 1 | | | | | |
| स्वतन्त्र | 1 | 1 | | 1 | | | |
| कुल | **93** | **107** | **110** | **60** | **87** | **40** | **53** |


# अनुसूची ३ आमसञ्चार अनुगमन परिणाम


## समाचारपत्रहरू








## गोरखापत्र दैनिक


Total space allocated to political parties in Gorkhapatra
From 6 November to 4 December 2017
(Advertisements and opinion articles excluded)
RPP 3%
RPP-P 2%
Independent 1%
Others 6%
CPN-UML 28%
RJPN 4%
SSF-N 4%
NC 29%
CPN-MC 23%



Tone of the coverage
80000
70000
60000
50000
40000
30000
20000
10000
0
CPN-UML
CPN-MC
NC
SSF-N
RJPN
RPP
RPP-P
Independent
Others
Negative
Neutral
Positive


## कान्तिपुर दैनिक


Total space allocated to political parties in Kantipur
From 6 November to 4 December 2017
(Advertisements and opinion articles excluded)
CPN-UML 28%
CPN-MC 20%
NC 33%
SSF-N 4%
RJPN 5%
RPP 3%
RPP-P 1%
Independent 1%
Others 5%



Tone of the coverage
80000
70000
60000
50000
40000
30000
20000
10000
0
CPN-UML
CPN-MC
NC
SSF-N
RJPN
RPP
RPP-P
Independent
Others
Negative
Neutral
Positive


## नागरिक दैनिक


Total space allocated to political parties in Naagarik
From 6 November to 4 December 2017
(Advertisements and opinion articles excluded)
RPP 3%
RPP-P 1%
Independent 1%
Others 7%
CPN-UML 25%
RJPN 5%
SSF-N 7%
CPN-MC 23%
NC 28%



Tone of the coverage
90000
80000
70000
60000
50000
40000
30000
20000
10000
0
CPN-UML
CPN-MC
NC
SSF-N
RJPN
RPP
RPP-P
Independent
Others
Negative
Neutral
Positive


## नया पत्रिका दैनिक


Total space allocated to political parties in Naya Patrika
From 6 November to 4 December 2017
(Advertisements and opinion articles excluded)
RPP 4%
RPP-P 2%
Independent 1%
Others 5%
CPN-UML 27%
RJPN 4%
SSF-N 4%
NC 30%
CPN-MC 23%



Tone of the coverage
50000
45000
40000
35000
30000
25000
20000
15000
10000
5000
0
CPN-UML
CPN-MC
NC
SSF-N
RJPN
RPP
RPP-P
Independent
Others
Negative
Neutral
Positive


## द हिमालयन टाइम्स


Total space allocated to political parties in The Himalayan Times
From 6 November to 4 December 2017
(Advertisements and opinion articles excluded)
RPP-P 0%
Independent 1%
Others 7%
CPN-UML 24%
RPP 3%
RJPN 7%
SSF-N 6%
CPN-MC 20%
NC 32%



Tone of the coverage
25000
20000
15000
10000
5000
0
CPN-UML
CPN-MC
NC
SSF-N
RJPN
RPP
RPP-P
Independent
Others
Negative
Neutral
Positive


## रेडियो स्टेसनहरू


Total airtime allocated to political parties on radio stations
From 6 November to 4 December 2017
(*Advertisements excluded*)
Independent 1%
Others 5%
RPP-P 3%
RPP 4%
RJPN 5%
SSF-N 3%
CPN-UML 26%
CPN-MC 21%
NC 32%



Tone of the coverage
90000
80000
70000
60000
50000
40000
30000
20000
10000
0
CPN-UML
CPN-MC
NC
SSF-N
RJPN
RPP
RPP-P
Independent
Others
Negative
Neutral
Positive


## रेडियो नेपाल


Total airtime allocated to political parties on Radio Nepal
From 6 November to 4 December 2017
(*Advertisements excluded*)
RPP 3%
RPP-P 3%
Independent 0%
Others 5%
CPN-UML 24%
RJPN 4%
SSF-N 2%
NC 39%
CPN-MC 20%



Tone of the coverage
30000
25000
20000
15000
10000
5000
0
CPN-UML
CPN-MC
NC
SSF-N
RJPN
RPP
RPP-P
Independent
Others
Negative
Neutral
Positive


## कान्तिपुर रेडियो


Total airtime allocated to political parties on Kantipur Radio
From 6 November to 4 December 2017
(*Advertisements excluded*)
RPP 5%
RPP-P 4%
Independent 3%
Others 5%
CPN-UML 26%
RJPN 4%
SSF-N 4%
NC 29%
CPN-MC 20%



Tone of the coverage
30000
25000
20000
15000
10000
5000
0
CPN-UML
CPN-MC
NC
SSF-N
RJPN
RPP
RPP-P
Independent
Others
Negative
Neutral
Positive


## सीआईएन रेडियो


Total airtime allocated to political parties on CIN Radio
From 6 November to 4 December 2017
(Advertisements excluded)
CPN-UML 26%
CPN-MC 20%
NC 31%
SSF-N 5%
RJPN 9%
RPP 4%
RPP-P 2%
Independent 1%
Others 2%



Tone of the coverage
14000
12000
10000
8000
6000
4000
2000
0
CPN-UML
CPN-MC
NC
SSF-N
RJPN
RPP
RPP-P
Independent
Others
Negative
Neutral
Positive


## उज्यालो एफएम


Total airtime allocated to political parties on Ujyaalo FM
From 6 November to 4 December 2017
(Advertisements excluded)
RPP 4%
RPP-P 2%
Independent 0%
Others 8%
CPN-UML 28%
RJPN 4%
SSF-N 1%
NC 30%
CPN-MC 23%



Tone of the coverage
14000
12000
10000
8000
6000
4000
2000
0
CPN-UML
CPN-MC
NC
SSF-N
RJPN
RPP
RPP-P
Independent
Others
Negative
Neutral
Positive


## टिभी स्टेसनहरू


Total airtime allocated to political parties on TV stations
From 6 November to 4 December 2017
(Political parties advertisements excluded)
RPP 4%
RPP-P 3%
Independent 0%
Others 7%
CPN-UML 26%
RJPN 4%
SSF-N 4%
NC 29%
CPN-MC 23%



Tone of the coverage
300000
250000
200000
150000
100000
50000
0
CPN-UML
CPN-MC
NC
SSF-N
RJPN
RPP
RPP-P
Independent
Others
Negative
Neutral
Positive


## नेपाल टिभी


Total airtime allocated to political parties on Nepal TV
From 6 November to 4 December 2017
(*Political parties advertisements excluded*)
RPP 3%
RPP-P 4%
Independent 1%
Others 5%
CPN-UML 25%
RJPN 7%
SSF-N 2%
NC 30%
CPN-MC 23%



Tone of the coverage
45000
40000
35000
30000
25000
20000
15000
10000
5000
0
CPN-UML
CPN-MC
NC
SSF-N
RJPN
RPP
RPP-P
Independent
Others
Negative
Neutral
Positive


## कान्तिपुर टिभी


Total airtime allocated to political parties on Kantipur TV
From 6 November to 4 December 2017
(*Political parties advertisements excluded*)
RPP 3%
RPP-P 1%
Independent 1%
Others 8%
CPN-UML 25%
RJPN 5%
SSF-N 5%
NC 29%
CPN-MC 23%



Tone of the coverage
60000
50000
40000
30000
20000
10000
0
CPN-UML
CPN-MC
NC
SSF-N
RJPN
RPP
RPP-P
Independent
Others
Negative
Neutral
Positive


## इमेज टिभी


Total airtime allocated to political parties on Image TV
From 6 November to 4 December 2017
(*Political parties advertisements excluded*)
CPN-UML 26%
CPN-MC 22%
NC 26%
SSF-N 3%
RJPN 4%
RPP 5%
RPP-P 4%
Independent 0%
Others 10%


Tone of the coverage
100000
90000
80000
70000
60000
50000
40000
30000
20000
10000
0
CPN-UML
CPN-MC
NC
SSF-N
RJPN
RPP
RPP-P
Independent
Others
Negative
Neutral
Positive

## एभेन्युज टिभी


Total airtime allocated to political parties on Avenues TV
From 6 November to 4 December 2017
(*Political parties advertisements excluded*)
RPP 5%
RPP-P 1%
Independent 0%
Others 5%
CPN-UML 26%
RJPN 3%
SSF-N 3%
NC 31%
CPN-MC 26%


Tone of the coverage
80000
70000
60000
50000
40000
30000
20000
10000
0
CPN-UML
CPN-MC
NC
SSF-N
RJPN
RPP
RPP-P
Independent
Others
Negative
Neutral
Positive